प्राचीन नेपाल

पुरातत्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या १३
कार्तिक २०२७

Number 13
October 1970

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग,
काठमाडौं, नेपाल ।

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal.

D5
493
P84
no. 1

प्राप्तिस्थान :
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of :
Sajhaprakashan
Pulchok, Lalitpur

मूल्य रु. ५।–

Price Rs. 5/-

Printed at Matribhoomi Press Ghantaghar.

प्राचीन नेपाल
संख्या १३
कार्तिक २०२७

Ancient Nepal
Number 13
October 1970

सम्पादक
रमेशजङ्ग थापा

Editor
Ramesh Jung Thapa

सहायक सम्पादक
रामचन्द्र ढुङ्गाना

Assistant Editor
Ram Chandra Dhungana

DS
49
P84
no.

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 13, Oct. 1970, Kartik 2027

विषय–सूची

Contents

	पृष्ठ	page
नेपाल देशको इतिहास	१	1
ऐतिहासिक पत्रस्तम्भ	२५	25
प्रताप मल्लका पालाका पाँच अभिलेख जगदीशचन्द्र रेग्मी	३३	33
नुवाकोटमा उपलब्ध ऐतिहासिक उपकरण शङ्करमान राजवंशी	३९	39
इतिहास संशोधनको केही संशोधन मोहनप्रसाद खनाल	४५	45
श्री ५ पृथ्वीनारायण शाहको कान्तिपुर प्रवेशको दिन विषयमा केही विचार नयराज पन्त	४८	48
Inscriptional Evidence on the Preservation N. R. Banerjee	५०	50

114 EP

CORNELL UNIVERSITY LIBRARIES
ITHACA, N.Y.

नेपाल देशको इतिहास

गताङ्कको बाँकी

गोदावरीको प्रादुर्भाव

नेपाल उत्तम क्षेत्र हो भनी दक्षिण देशमा रहेकी गोदावरी पनि अन्तर्गिले पाशुपत क्षेत्रका दक्षिण भागमा नीलचूड पर्वतको फेदीबाट प्रकाश भइन् । सिंहस्थ बृहस्पति भएमा दक्षिण गोदावरीमा स्नान, दान आदि गर्नाले जुन पुण्य पाइन्छ त्यो फल यही गोदावरीमा स्नान, दान आदि गर्नाले पाइन्छ ।

विशालनगरी र सुप्रभावनगरीको बयान ।

राजा धर्मदत्तलाई भगवतीको वरदान भएपछि शंकु नामक किराती राजासंग युद्ध गरी सबै किरातीहरूलाई जिती नेपालपुरी सबै आफ्नो अधीनमा पारे । एउटा असल राजधानी नभई हुँदैन भन्ने विचारले आदिजलशयन नारायणदेखि कोटबारसंम नापी राजा धर्मदत्तले शहरको जग बसाले । राजाको असल नीतिव्यवहारदेखि चारै वर्णका प्रजाहरू ठाउँ ठाउँबाट आई सुखपूर्वक बसे । प्रतिदिन शहर बढ्दै गएको हुनाले त्यस शहरको नाम विशालनगरी भनी प्रसिद्ध भयो । त्यही राजधानीमा बसी राजा धर्मदत्तले १००० वर्षसम्म राज्यभोग गरे । राजा धर्मदत्त कैलाश गएपछि पनि त्यो राजधानी धेरै कालसम्म त्यसै थियो । पछि महेन्द्रदमनले सुप्रभामा आई वास गरेपछि आफ्नी बहिनीलाई जलक्रीडा गर्नाको निमित्त पहाड थुनी ह्रद जमाइदिएको हुनाले क्रमैसंग पानी बढ्दै आई अघिदेखिको विशालनगरी सबै जलले ढाकी नष्ट गरिदियो । त्यहाँ बसेका प्रजाहरू पनि दैत्यहरूको पीडा सहन नसकी यत्रतत्र लागे । थिनै राजाले बनाएको पशुपतिनाथको देवालय पनि पानीले नष्ट भयो । पछि महेन्द्रदमन आदि दैत्यहरूलाई मारी भगवान् कृष्ण द्वारकातिर गएपछि सुप्रभा नगरीमा बस्ने दैत्यहरू धेरै मरेका र केही भागेका हुनाले सुप्रभा नगरी पनि पछि उजार भयो । दैत्यको भय गएको हुनाले र पानी पनि सुकेको हुनाले केही कालपछि अघिदेखिको यस पुरानो शहरलाई गुल्जार गराउनुपर्‍यो भनी ब्रह्मा, विष्णु, महेश्वर आदि देवताहरू पिता, माता, भ्राता, भगिनीहरूको स्वरूप लिई त्यहाँ आई बसे । शंखमूल तीर्थदेखि आदिजलशयन नारायणसम्म फेरि उही विशालनगरी खडा गरी एक ऋषिपुत्र स्वयंव्रतलाई राजा बनाए । उनलाई नगरको रक्षा गर्न लगाई आफू पनि पाषाणरूपले त्यहीं बिराजमान भए । त्यही भ्रातृभगिनी भावले विराजमान भएका हुनाले पछि त्यसको नाम भाटभटिनी भयो भन्ने कथा बौद्ध ग्रन्थमा छ ।

पहिला नुवाकोटका भैरव, दोस्रा भक्तपुरका भैरव, तेस्रा टीकाभैरव, चौथा पंचलिंगभैरव यी ४ भैरवले धर्मको स्थिति राख्न भनी राजा स्थापना गर्ने क्रुराको यत्न गर्न लागे । यो खबर पाई इन्द्राणीदेवी पनि अब संधै यस पाशुपतक्षेत्रमा राजाबाट धर्मनीति चलाई देवताहरूको मान पूजा रहनेछ, यसकारण त्यहीं गई बसेदेखि आफ्नो पनि चिरकालसम्म स्थिति होला र खान पाइएला भनी त्रिशूल गंगाबाट नेपाल क्षेत्रका उत्तर भागमा मनमैज्यू भन्ने नामले वास गर्न आइन् । यस्तो खवर पाई कुमारी गणहरू पनि देशान्तरबाट आई वास गर्दा भए । ती कुमारीगणमध्ये ठिमीकी बालकुमारी, क्वाठ्छेकी बालकुमारी प्रसिद्ध छन् । बल्खुपीठकी बालकुमारी पनि ज्ञानेश्वर सन्धिमा मैतीदेवी नामले प्रसिद्ध भई रहन आइन् । मंगलपुरकी कुमारी पनि विशालनगरीकी स्मशानेश्वरी भई रहन आइन् । यी राजाको भरोसा गरी वास गर्न आएका देवीगणहरू त्यसपछि राजिक देवता भनी प्रख्यात भए । यो वृत्तान्त कलियुग नलाग्दै द्वापरयुगभित्रै भएको हो ।

D5
49
P84
no.

चार युगमा भएका देवताको अवतार र वर्ष संख्या ।

सत्ययुगमाः–

सत्ययुगको भोग वर्ष १७२८००० सत्र लाख अठाईस हजार, मनुष्यको आयु प्रमाण १०००० दस हजार वर्ष, प्राण ब्रह्माण्डमा ?, पाप शून्य, पुण्य बीस २०, उचाइ २१ एकाईस हात, सुवर्णको भाँडा, रत्नको चलन, तीर्थ पुष्कर, स्थितिकर्ता बिष्णुबाट मत्स्य अवतार धारण गरी शंखासुरलाई मारेर चतुर्वेदको रक्षा (१)। दैत्यहरूले मिली समुद्र मथन गर्दा मधानीस्वरूप पर्वतलाई अडचाउन कूर्मरूप धारण गरेर जलभित्र डुबी आपना पीठमा पर्वत राखी गराएको समुद्रमथन (२)। दुष्ट हिरण्याक्षलाई मारी जलमा डुबिरहेकी पृथ्वीलाई उद्धार गरी सुस्थिरसंग राख्ने वराहावतार (३)। दुष्ट हिरण्यकशिपुलाई मारी भक्त प्रह्लादलाई रक्षा गर्ने नृसिंहावतार (४)।

त्रेतायुगमाः–

त्रेतायुगको भोग वर्ष १२९६००० बाह्र लाख छयान्नबे हजार, मनुष्यको आयु प्रमाण ५००० पाँच हजार वर्ष, प्राण अस्थिमा, पाप ५ पाँच, पुण्य १५ पन्ध्र, उचाइ १४ चौध हात, चाँदीको भाँडा, सुवर्णको द्रव्य, तीर्थ नैमिषारण्य, विष्णुबाट वामन अवतारमा त्रिविक्रमरूप धारण गरी बलि राजालाई छलेर पाताल पुऱ्याई इन्द्रादि देवतालाई स्वर्गको राज्यभोग दिलाएको (५)। जमदग्निका पुत्र भई परशुराम अवतार धारण गरेर सहस्रार्जुनलाई मारी फेरि पृथ्वीमा रहैका क्षत्रियजातिलाई २१ पटक जिती क्षत्रिय नभएकी पृथ्वी दान गरेर आफू चिरंजीवी भइरहेको (६)। रामचन्द्र अवतार धारण गरी सीतालाई समेत साथ लिएर वनमा गई सीता हरण भएपछि वानरहरूको सहायताले सेतुबन्धन गरी लंकामा रहेका रावण आदि राक्षसहरूलाई मारेर विभीषणलाई राज्य दिई सीतालाई साथमा लिएर अयोध्या फर्की राज्य गरी हनूमान् र विभीषणलाई चिरंजीवी भए भन्ने वरदान दिएको (७)।

द्वापरयुगमाः–

द्वापरयुगको भोग वर्ष ८६४००० आठ लाख चौसट्ठी हजार, मनुष्यको आयु प्रमाण १००० एक हजार वर्ष, प्राण रक्तमांसमा, पाप १० दस, पुण्य १०, उचाइ ७ सात हात, ताम्रपात्र, रजतमुद्राको व्यवहार, तीर्थ कुरुक्षेत्र, विष्णुले बलराम अवतार लिई अनेक राक्षसहरू मारेर गाई र पृथ्वीको रक्षा गरी ब्रह्महत्या लाग्यो भन्ने बहाना गरी आफ्ना भाइ कृष्णद्वारा महाभारतको युद्ध गराउन लगाई तीर्थयात्राको निहुंले फिरिरहने (८)। राजा बलिका आज्ञाले त्रैलोक्यका भोगको इच्छा गर्ने दानवहरूले जातिस्मरण तीर्थमा तप गरेको देखी शाक्यसिंह नाम धारण गरी बुद्ध अवतार लिई दानवहरूलाई हिंसा नगर्नू भन्ने ज्ञानको उपदेश दिई स्वर्गको भोग गर्ने बांछा छुटाई बौद्धमार्गको प्रचार बढाएर वेदमार्गमा श्रद्धा कम गराइरहेको बुद्ध अवतार (९)।

कलियुगमाः–

कलियुगको भोग वर्ष ४३२००० चार लाख बत्तीस हजार वर्ष, मनुष्यको आयु प्रमाण प्रथम पादमा १२५ एक सय पच्चीस वर्ष, अन्नमा प्राण, द्वितीय पादमा ५० पचास वर्ष, स्थूणाहारी, तृतीय पादमा १६ वर्ष, तृणपुष्पफलाहारी, पाप १५ पन्ध्र, पुण्य ५ पाँच, उचाइ ३॥ साडेतीन हात, मृत्तिकापात्र, अस्थिव्यवहार, कूटद्रव्य, धूर्तविद्या, लोकपूजा, गंगा तीर्थ, विष्णुले कलिको अर्द्धभागमा कलंकीरूप धारण गरी विजयाबिनन्दन राजाको नाम प्रसिद्ध भएर समस्त दुष्टजनहरूलाई मारी सुखभोग दिनेछन् र १००० वर्षसम्म पृथ्वीतलबिषे रहनेछन् (१०)।

यी चार युगमा धर्म, अर्थ, काम, मोक्ष, देवता, तीर्थ, शास्त्र आदिको प्रभाव र मनुष्यको आयुर्दा, बल, पराक्रम, बुद्धि आदि क्रमैसंग घट्दै जानेछ।

दशवर्षसहस्राणि विष्णोर्नामानि भूतले ।
तदर्द्धं जाह्नवीतोयं तदर्द्धं ग्रामदेवताः ।

कलियुगको १०००० वर्षसम्म संसारमा विष्णुका नामको प्रशंसा रहनेछ। ५००० वर्षसम्म गंगाको महात्म्य रहनेछ। २५०० वर्षसम्म गाउँ गाउँका देवताहरूद्वारा भुक्ति मुक्ति पाउन सकिनेछ भन्ने कुरा भविष्यपुराणमा

लेखिएको छ । नेपाल पुरीमा ३२००० वर्षसम्म वाग्मतीको महात्म्य रहनेछ भनी लेखिएको हुनाले विशेष गरी धेरै कालसम्म भुक्ति र मुक्ति दिने नेपाल क्षेत्र हो भनी धेरै देवताहरूले उत्तराखण्ड हिमालयले पवित्र गरेको यही नेपालभूमिमा आई वास गरेका छन् । धेरै कालसम्म वास गर्ने पनि छन् । यहीं धर्मको मर्यादा पनि धेरै कालसम्म रहनेछ भन्ने कुरा पनि शास्त्रहरूमा लेखिएको छ ।

आदिदेखिको केही संक्षेप वर्णन ।

पहिले लाख वर्षसम्म पृथ्वी जलमय भइरहंदा ब्रह्मा र विष्णुले सृष्टि गर्ने इच्छा गरी परस्पर शेखी हरण गर्दा ज्योतिर्मय लिंग प्रकट भयो । त्यस ज्यातिर्मय लिंगको पत्ता लगाउन नसकी ब्रह्मा र विष्णुले स्तुति गर्दा संपूर्ण जगत्को सृष्टि, स्थिति र प्रलय गर्ने परब्रह्म म हुँ,

मय्येव सकलं जातं मयि सर्वं प्रतिष्ठितम् ।
मयि सर्वं लयं याति तद्ब्रह्मास्म्यहमव्ययम् ।

भन्ने उपदेश निरभिमान भई तिनै ज्योतिर्लिंगको सहायताले पृथ्वीको जल सुकाई ब्रह्माले संसार रचेपछि सत्ययुगमा त्यो ज्योतिर्लिंग धनुः प्रमाण भई रहेको थियो । त्यस बखतमा ज्योतिर्मय शिवको वास भएको यस क्षेत्रलाई सर्वोत्तम ठहराई देवताहरू आई सुवर्णमय अतिउज्वल सत्यवती नामक शहर बनाएर त्यसमा वास गरी ज्योतिर्लिंगको सेवा गर्न थाले ।

ततो व्यक्तो हि भूतेशस्तेजोलिंगं महाद्भुतम् ।
प्रमाणं धनुषो मात्रं सर्वदेवैः प्रसेवितम् ।
तत्रामरैरधिष्ठानं कृतं सम्यक्च सन्ततम् ।
राजधानी कृता दिव्या सर्वदेवैरधिष्ठिता ।
पशुपतेः पुरी दिव्या जांबूनदमयी परा । (हिम.अ. ७७)

केही कालपछि सत्ययुगमा नन्दी नामक ब्राह्मणले ठूलो तपस्या गरी प्रसन्न गराउँदा ज्योतिःस्वरूप शिवले उनलाई वरदान दिए । अनि अब म गुप्त भई यस श्लेष्मान्तक वनमा मृगरूपले विहार गर्छु कसैलाई पनि नभन्नू भन्ने आज्ञा गरी शिवले मृगस्वरूप भई धेरै कालसम्म विहार गरे ।

श्लेष्मान्तके महारण्ये शुद्धभूमौ मनोहरे ।
विहरिष्यामि तत्रैव मृगरूपेण वै सुखम् ।
न वक्तव्या त्वियं वार्ता कस्मैचिन्मुनिपुंगव ।
इत्युक्त्वा प्रययौ देवः श्लेष्मान्तकवनोत्तमम् (हिम.अ.७८)।

त्यसवेला त्यहाँ ज्योतिर्लिंग प्रकाश भएको नदेखी देवताहरूले यस स्थानको वास छोडी आफना लोकमा गई वास गर्न लागे । ब्रह्मा, विष्णु र इन्द्रले शिवको दर्शन नपाई मन स्थिर गर्न नसक्दा उनको खोजमा हिंडे । श्लेष्मान्तक वनमा पशुस्वरूप शिवको दर्शन पाई सिंग समात्ता त्यस सिंगको टुक्रामात्र हातमा पर्‍यो र हरिणेश्वरका उपदेशले त्यस सिंगको स्थापना गरे । यस किसिमसंग सत्ययुग बितेपछि ज्योतिर्लिंग अप्रकाशरूपमा रहेको हुनाले देवताहरूको वास छुटेको थियो । सत्यवती पुरीको प्रसिद्धि हराएपछि त्रेतायुगमा यो क्षेत्र शिवको अतिप्रिय क्षेत्र हो, यो क्षेत्र बडो सिद्धिदायी छ भनी देवगणहरू आई अनेक तरहका तप गर्दै, नाना प्रकारका मनोरथ पूर्ण गर्दै, जाँदै गर्ने हुनाले त्रेताभरि यस क्षेत्रको नाम तपोवन भन्ने प्रसिद्ध भयो । यही त्रेतायुगको शुरुमा हरिणेश्वरको सिंग समाती स्थापना गरेको उत्तर गोकर्णेश्वरमा रावणले ठूलो तप गरी वरदान पनि पाए । यस किसिमसंग त्रेतायुग पनि बितेपछि द्वापरयुगमा पनि अनेक ऋषिमुनिहरू यहाँ आई नाना तप गरी मुक्तिपदमा जादै गर्ने हुनाले द्वापरयुगमा यस क्षेत्रको नाम मुक्तिपुरी अथवा मुक्तिसोपान भनी प्रसिद्ध भयो ।

म्लेच्छहरूले यस भूमिमा आक्रमण गर्नेछन् भनी हरिणेश्वर धेरै कालसम्म पशुस्वरूपले रही ज्योतिःस्वरूप गुप्त भइरहेका ठाउँमा कामधेनुले दूध चढाएको पत्ता पाई म्लेच्छहरूले खनी प्रकाश गर्नेछन् र देवताहरूले मेरो पञ्चवक्त्रमूर्ति बनाउनेछन् भन्ने उपदेश भएमाफिक द्वापरयुगमा नै कलियुगको पूर्वरूप भई म्लेच्छहरू बराबर बढ्दै आउँदा देवताहरूको आवागमन बन्द हुँदै गयो । माटाले पुरिइरहेको ज्योतिःस्वरूप रहेका ठाउँमा कामधेनु गाई दिनदिनै आई दुग्धाभिषेक गर्दै जाँदै गर्थिन् । त्यो कुरा दश हजार वर्षपछि म्लेच्छहरूले देखेर यहाँ के रहेछ भनी खन्दा ज्योतिः स्वरूप निस्की ती म्लेच्छहरू भस्म भए । यो कुरा थाहा पाएर ब्रह्मादि देवताहरू आई त्यस ज्योतिःस्वरूपमाथि पञ्चमुख मणिशिलामय मूर्ति स्थापना गरी पशुपतिको प्रकाश गरे ।

तिरोहिते शिवे भूमौ कलौ प्राप्ते हि सर्वशः ।
पुरीं पाशुपतिं त्यक्त्वा स्वं स्वं लोकं ययुः सुराः ।
ततो म्लेच्छैः समाक्रान्ता म्लेच्छदेशा बभूव सा ।
तिरोधानं गते लिंगे तेजोरूपे हि तत्र च ।
मृत्तिकया च तद्भूमिराच्छादिता च सर्वतः ।
कामधेनुः समागत्य दुग्धं स्रवति नित्यशः ।
दशवर्षसहस्रान्ते कश्चिन्म्लेच्छो ददर्श ह ।
एकदा दिवसे म्लेक्छाश्चखनुस्तन्मृत्तिकां किल ।
विलिल्युः खनकास्तत्र ज्वालाग्नौ शलभा इव ।
सुनिमित्वानयद् ब्रह्मा लिंगं शिलामयं शिवम् ।
सर्वैदिकं च पंचास्यं सर्वलक्षणलक्षितम् ।
स्थापितवान् मुदा भक्त्या ज्योतिर्लिंगोपरि ध्रुवम् ।
ततो विप्रास्तमर्हन्ति भक्त्या पंचोपचारकैः ।
पशुपतिं तमीशानं तन्मन्त्रैश्च महोत्सवैः ।

इत्यादि पशुपतिको शिलामूर्ति आविर्भाव भएको कुरा हिमवत्खण्डको ७७ अध्यायमा लेखिएको छ ।

सोही कालमा यस क्षेत्रमा केही समयसम्म किराती म्लेच्छहरू प्रबल भई विशाल नाम गरेको सानो शहरको रचना गरे । त्यहाँ म्लेच्छ प्रजागणहरू बसाई राज्य गर्न लागे । तिनको आखिरी राजा शंकुलाई कांचीबाट आएका राजा धर्मदत्तले जिती किरातीहरूलाई भगाए । पहिले सय वर्षसम्म यहाँ राज्य गरे र त्यसपछि गुह्येश्वरीको आराधना गरी फेरि हजार वर्ष थप राज्यसमेत पाए । पहिलेदेखिको जीर्णप्राय नाम मात्रको विशालनगरीलाई झन ठूलो अतिरमणीय नगर बसाए । त्यस नगरीमा ब्राह्मणादि वर्णहरू बसाई धर्मव्यवस्था, नीतिव्यवस्था आदि तरह तरहसंग बढाई राज्य गरे । श्री पशुपतिनाथका उपर अतिभक्ति गरी शिलामूर्तिमाथि लिंगाकार मन्दिरको रचना गराए । विशालनगरी म्लेच्छका पालादेखिको पुरानो भए पनि उति राम्रो थिएन । पछि धर्मदत्तले राम्रो तरहसंग विशालनगरीको बन्दोबस्त राम्रोसंग मिलाई हजार वर्षसम्म राज्य गरे । त्यसैले विशालाधिपति भन्ने नामले प्रसिद्ध पनि भए । पछि आफ्ना प्रजागणहरूसमेत बिमानमा बसी कैलाश गए ।

विशालनगरीं पुण्यां किरातैः पूरितां मुने ।
धर्मदत्तो ददर्शासौ साट्टप्राकारतोरणाम् ।
सोपि जित्वा किरातान्वै कृत्वात्मसाज्जगन्नृप ।
अध्यासीन्नगरे नूनं समादायाभिषेचनम् ।
विशालनगरं कृत्वा चतुर्वर्णैः प्रपूरितम् ।
धर्मेणापालयद् भूपः प्रजाः संरजंयन्मुहुः ।
वैशालाधिपतिस्तस्माच्छेष्ठोभूद् भूभुजां मुने ।
शतवर्षं सुखं राज्यं चकार मन्त्रिभिः सह ।
भक्त्यार्चनैःस्तवैस्तस्य प्रसन्नवदना शिवा ।
व्याचष्ट वचनं राज्ञे वरं दातुं गणैर्वृता ।
अवश्यं प्राप्स्यसे राजन्पुरीं स्वर्णमयीमिमाम् ।
गृहाणेममसिं वत्स सर्वलोकनिवर्हणम् ।
एवं धारणमालोक्य द्रविष्यन्ति सुरासुराः ।

प्रमथा ऊचुः –

मा मा दुखःय राजेन्द्र संगराज्ञोपराधनः ।
क्ष्यम्यतां हि न आगांसि ईश्वरस्य वचः शुणु ।
एतद्राज्यप्रमाणं ते एतावत्स्थानमत्र च ।
अस्मद्दत्तं हि राजेन्द्र विसर्जनमतः परम् ।
गच्छ राजन्परं धाम मम लोकं सुखावहम् ।
परिवारैः समं सर्वैर्यानैनाशु सविग्रहैः । इत्यादि ।
इत्युक्त्वा नृपतिर्लिंगं परिक्रम्यानमन्मुहुः ।
गुह्येश्वरीं नमन् लोकैस्तस्थौ याने हि सर्वशः ।
परिवार्य चतुर्वर्णैर्यानैरचाधाय भूपतिम् ।
निन्युः शिवपुरं शैवाः सर्वलोकान्प्रदर्शयन् । हिम.अ.१६२-४

यस्ता किसिमसंग साह्रा प्रजासमेत विमानमा चढी धर्मदत्त राजा कैलाशमा गए । अनि प्रजा नभएको हुनाले शहर पनि बराबर उज्र्यै गई जंगल जस्तो भयो । अधिदेखि त्यहीं रहनाको इच्छा भएको हुनाले देवताहरूले ईश्वरको पुकारा गरे । प्रजासमेत धर्मदत्त राजालाई कैलाशवास दिएको हुनाले एक हजार वर्ष जति त्यहाँ देवताहरू मात्र रही पशुपतिको आरागना गर्न लागे ।

त्यसपछि शङ्कताप अर्थात् महेन्द्रदमन नामक दैत्यले ठूलो तपस्या गरी तपोधन र वरदानको बलले देवताहरूलाई जिती देवताहरूलाई भगाई आफैले राज्य गऱ्यो ।

ज्योतीरूपे मयि क्षेत्रे एतद्धृदो भविष्यतिः ।
बाणपुत्रो बली दैत्यो ब्रह्मणो वरदर्पितः ।
भ्रातृभिः सममत्रैव रुन्धिष्यति च वाग्मतीम् ।
नागह्रद इति ख्यातं निबद्धं वाग्मती जलम् ।
स्मिन्नत्र ह्रदे भीष्मे स्थास्याम्यभ्यन्तरे चिरम् ।

त्रिंशद्वर्षसहस्राणि सर्वलोकैरगोचरम् ।
सेतुं विदार्थं कृष्णो हि मोचयिष्यति वाग्मतीम् ।
वाग्मत्याश्च नदीभावे वने जाते च मण्डले ।
समुत्पत्स्यामि विष्णोश्च तच्छरीरः शिलातनुः । हिम.अ.८३

इत्यादि हरिणेश्वरबाट भएको भविष्यवाणीअनुसार त्यस दैत्यले चन्दनगिरिका नगीचमा सुप्रभानगर बसाएर राज्य गरी नेपाल खाल्डाभित्र तलाउ तुल्याउंदा ३०००० तीस हजार वर्षसम्म त्यस जलभित्र परी बिशालनगर ध्वस्त भयो । पशुपतिको मन्दिर पनि खडहर भई जलमा गुप्त भइरहेको थियो । पछि श्री कृष्ण आई महेन्द्रदमनादिको वध गरेर वाग्मतीको जल खोली सुकाइदिए । पशुपतिनाथको खडहरमा पुग्दा पशुपतिले प्रत्यक्ष दर्शन दिए । त्यो दैत्य मरेपछि त्यसका प्रजा दैत्यगणहरू कोही, मरे कोही भागे र सुप्रभानगरी पनि खाली भई उजाड हुँदै गयो ।

त्यहाँदेखि कलिको प्रवेश राम्ररी हुन लागेको हुनाले अघि बज्रयोगिनीबाट नै मुनिलाई तिम्रो नामले यस ठाउँको नाम नेपाल होला भन्ने उपदेश भएको र अहिले श्री कृष्ण र पशुपतिको संगम हुँदा पनि त्यही किसिमको शिक्षा भएको हुनाले यो देश कलिमा नेपाल नामले प्रसिद्ध भयो । यस किसिमसंग ४ युगमा सत्यवती, तपोवन, मुक्तिसोपान र नेपाल यी ४ किसिमका नामले यस परमोत्तम स्थानको प्रसिद्धि हुंदै आयो ।

कृते सत्यवती यत्र त्रेतायां तु तपोवनम् ।
द्वापरे मुक्तिसोपानं कलौ नेपालिका पुरी ।

कुनै बौद्धमतको वंशावलिमा १६ वर्ष वाग्मतीको जल थुनिई ह्रद भयो भन्ने कुरा लेखिएको पनि देखिन्छ । उनीहरूकै लेखमा पनि अघि धेरै कालदेखि जलमय भएको नागवासह्रदलाई महाचीनबाट मंजुश्री आई दक्षिणपट्टिको कोटवाल पर्वत काटेर पानी सुकाई स्वयंभूको प्रकाश गरे भन्ने कुरा पनि लेखिएको देखिनाले उनीहरूको हिसाबबाट पनि यहाँ धेरै कालसम्म जलमय भएको देखिन्छ ।

विचार गर्दा पनि नेपाल खाल्डाभित्र वरिपरि ऊचा भई पानी जम्ने संभव भएको जमीनमा अद्यापि खनी हेर्दा कालिमाटी भन्ने एक किसिमको तलाउको माटो जस्तो अरू कीट पत्थरको संपर्क नभएको कालो माटो पाइन्छ । हालको जमीनभन्दा १०।१५ हातमनि रहेको खन्दा पाइने कालिमाटीमा पनि कुनैमा माछाका सिंगासिंगा हाड र त्यस माटाको विचार गरी हेर्दा पोखरीमा थेग्रिएर रहेको सुकेको माटो झैं त्यो कालिमाटी पनि पत्रपत्र भई आउने, त्यस पत्रपत्रका बीचमा कुनैमा रूखको पातै देखिने, कुनैमा खरको पात जस्तो र कुनैमा खर डढेको खरानी जस्तो देखिनाले यस भूमिमा अघि ह्रद भइरहेको रहेछ भन्ने कुरा विचारवान् पुरुषलाई यथार्थसंग थाहा हुन सक्छ । ह्रद पनि लामो समयदेखिको बुझिन्छ, किनभने यति बाक्लो गरी कालिमाटी जमेको, त्यति तल माछाको हाड पनि पाइएको, क्रमैसंग मृत्तिका पनि जम्दै गएको, क्रमैसंग पातपतिंगर पनि बीचबीचमा पर्न गएको, मरेका माछाहरूका हाड पनि बराबर तलमाथि पर्न गएको हुनाले समेत धेरै कालदेखि ह्रद भएको रहेछ भन्ने कुरा अनुमानबाट सिद्ध हुन सक्छ । त्यसैले ३०००० वर्षसम्म नागह्रद भएको भन्ने कुरा केही आश्चर्यदायक छैन । यस्तो मृत्तिका नेपाल खाल्टा (काठमाडौं उपत्यका) बाहेक अरू जग्गामा पनि देखिदैन । नेपाल खाल्टाभित्र पनि अघि नागह्रदमा नपरेको ऊचाऊचा जमीनमा त्यस्तो किसिमको माटो देखिदैन । यसकारण अघि नागदह कत्रो थियो भनि जान्न इच्छा गर्ने व्यक्तिले खोजी गऱ्यो भने कालिमाटी भएकै जगा जति नागह्रद रहेछ भनी यही तत्ववाट सिद्ध गर्न सक्ने देखिन्छ ।

कुनै बौद्ध वंशावलिला त्रेतायुगमा मंजुश्रीले नागवास ह्रद दक्षिण कोटवाल पर्वत काटेर खोले भन्ने पनि देखिन्छ । त्यस्तो देखिनाले र कृष्णले पछि चोभारमा सेतुभेद गरेभन्दा पर पनि कहीं कहीं कालिमाटी निस्कने हुनाले र मंजुश्रीले कोटवाल पर्वत काटेका ठाउँठाउँमा कटुवालदह पनि प्रसिद्ध भएको हुनाले पनि पहिले चारैतिर पर्वत पर्वत भई पानीको निकास नहुनाले कोटवाल पर्वतसम्म अति गहिरो तलाउ जमेपछि त्यो तलाउ मंजुश्रीले खोले । अनि महेन्द्रमनको पालामा चोभारको डाँडासम्म तलाउ थियो र कृष्णले त्यस पर्वतलाई काटी दोस्रो पटक खोलेको हो कि भन्ने कुरा पनि संभवनै देखिन्छ ।

कृष्णले वाग्मती खोलेपछि [illegible] रूप भएको म प्रकट हुनेछु भन्ने हरिणेश्वरको भविष्यवाणी र नेपाल महात्म्यमा कृष्णले पशुपतिको दक्षिणद्वारपट्टि गई दर्शन पाएर संवाद

भएको इत्यादि कुरा लेखेको देखिनाले यस पटकमा अघि ब्रह्मादिद्वारा बनेको शिलामूर्तिकै नेप गोपालको कपिला गाईबाट फेरि दोस्रो पटक प्रकट भएको बुझिन्छ ।

अघि भएको ज्योतिर्लिंको अलक्षवाणीमा कामधेनुद्वारा म्लेच्छले मेरो ज्वालामूर्ति निकाल्नेछन् भन्ने देखिएको हुनाले म्लेच्छका पालामा लिंग नबन्दैको ज्योतिस्वरूप पहिलो पटक प्रकट भएको बुझिन्छ । कलि प्राप्त भएपछि म्लेच्छद्वारा प्रकाश हुने कुरा जस्तो बुझिन्छ तापनि त्यो प्रकाश कपिलामा भएको कामधेनु भनेको नेप गोपालकी गाईलाई भनेको हो भनौं भने पनि कात्रधेनुले दुग्धाभिषेक गरेको दश हजार वर्षपखि म्लेच्छले पत्ता लगाएको भनेको हुनाले कलिको दश हजार वर्ष बित्ने कुरा असंभवै हुनाले द्वापरको आखिरमा कलिको पूर्वरूप मानी त्यसलाई लिएर कलियुग भन्ने व्यवहार गरेको बुझिन्छ । यसकारण किरातीलाई जिती विशालाधिपति धर्मदत्त राजा भएको कुरा पनि ठीक मिल्न आउँछ ।

ने मुनिबाट भएको राज्यको बन्दोबस्त ।

ने मुनिलाई अघि बज्रयोगिनीको आराधना गर्दा तिमीले यस देशको पालना गर्नू, पछि यो क्षेत्र वाग्मतीको जलले पूर्ण भई ह्रद हुनेछ, तिमी धेरै कालसम्म सिद्ध भएर रही अन्त्यमा मेरो सायुज्य पाउनेछौ भन्ने वरदान भएको थियो । त्यसपछि उनी धर्मराजकहाँ गई धर्मशिक्षा पाएर यहाँका प्राणीलाई नानाप्रकारका व्रततपस्याहरूका मार्गको प्रकाश गरी यस पाशुपतक्षेत्रको रक्षा गरी पशुपतिको सेवा नित्यपूजा गरेर रहन लागे ।

भो भक्त नेमुनिश्रेष्ठ तपसा तव साम्प्रतम् ।
त्वं सिद्धो भव भक्तज्ञ अनेन तनुना मम ।
अद्यादि क्षयपर्यन्तं ततो मयि प्रलीयसे ।
त्वं च पालय हेवत्स इमं स्थानं निरन्तरम् ।
नित्यं पशुपतिं तत्र समभ्यर्च्य सुभक्तितः ।
स्थित्वा तत्रैव सम्यक्त्वमेतत्क्षेत्रं प्ररक्षय ।
ततः कालान्तरे भूयस्तत्क्षेत्रं बहुवत्सरम् ।
वाग्मती जलसंपूर्णा ह्रदीभूता भविष्यति ।
देव्याश्चाज्ञां समादाय लब्धवरो मुनीश्वरः ।
धर्मेणापालयत्क्षेत्रं पाशुपतं हि सन्ततम् ।
लोकान्प्रबोधयन्सम्यक् नियमं तं प्रदर्शयन् ।
व्रतोपदेशभूयोभिः क्षेत्रमरक्षयन्मुनिः ।

यस्ता किसिमसंग बज्रयोगिनीबाट यस देशको पालना गर्ने अधिकार पाएर ने मुनिले आफूले नै यस देशको राज्य चलाए । आफ्नो तपोवृत्तिमा बाधा पर्ने र प्रजालाई स्वतन्त्र रूपले आफ्नो बन्दोबस्त गर्ने अधिकार दिए पनि लोकको भिन्नभिन्न रुचि भई ऐकमत्य नभएर परस्पर विरोध पैदा भई अव्यवस्था हुने देखे । एक जनालाई प्रधान तुल्याएर अधिपति तुल्याएमा त्यो राजा देवांशस्वरूप हुनाले सबै प्रजा त्यसैका अनुरोधमा रही व्यवस्थापूर्वक एकरूपले व्यवहार चल्ने हुनाले राजाद्वारानै प्रजाको पालना गर्नुपर्छ । राजा हुनेले धर्ममर्यादाको लंघन गरी प्रजालाई बाधा गराएर लोकमा अशान्ति पैदा हुन नपाओस् भनी राजालाई आफूले धर्मोपदेश दिएर धर्ममार्गमा चलाउनुपर्छ । अब कसरी नीतिधर्मको शिक्षा दिऊं भन्ने इत्यादि कुरा विचार गरी धर्मराजकहाँ गए । उनबाट नीतिधर्म विषयको शिक्षा उपदेश लिएर आई बीचबीचमा किरात धर्मदत्त आदि जो जो राजा भए तिनीहरूलाई यस्तो नीतिसंग प्रजापालन गर भन्ने उपदेश दिए । तिनीहरूद्वारा धर्मपूर्वक प्रजापालन गराई आफू पशुपतिको पूजा आराधनातिर लागे । यस्तो तरहले धेरै कालसम्म राज्यव्यवस्था चलेपछि महेन्द्रदमन आदि दानवहरू प्रबल भएर यहाँ आई आक्रमण गरे । नेपालखाल्टामा तलाउ तुल्याउँदा श्लेष्मान्तक वन र पशुपतिस्थानहरू सबै जलमग्न भयो । शहरका प्रजाहरू उच्छिन्न भई पुरानो राज्यव्यवस्था पनि विच्छिन्न हुंदा पशुपतिको सेवा पनि हुन सकेन । अनि अघि भगवतीबाट चिरंजीवी सिद्ध भइरहने वर पाएका ने मुनि ती दानवहरूको कालभरि त्यस बखतमा नडुबेको मणिचूड पर्वतको आफ्नो आश्रममा बसी मुनिमण्डलहरूमा धर्मशिक्षा र तपश्चर्या गर्दै बसिरहेका थिए ।

पछि कृष्णले दानवहरूलाई मारी जल सुकाउँदा कृष्ण आएको खबर सुनी ठाउँठाउँका सबै ऋषिमुनिहरू जम्मा भए । ने मुनिले पनि कृष्णलाई पशुपतिले प्रत्यक्षदर्शन दिएका ठाउँमा आई दर्शन पाए । पशुपतिबाट तिमी फेरि यस देशको पालना गर भन्ने उपदेश हुंदा ने मुनिले विचार गरेः— अब पुराना राजाहरू सबै उच्छिन्न भए, तिनका

सन्तान कोही छैनन् । किरातीहरू पनि धर्मदत्तका पालामानै उनबाट हारेर यहाँ बस्न नसकी पूर्वतिर धेरै टाढा पुगिसकेका छन् । यहाँ धेरै कालसम्म जलमय हुदा शहरहरू सबै ध्वस्त भए । बस्ती छैन । अब कसलाई राजा स्थापना गरूँ भनी विचार गरे । यसै बीचमा यहाँ जल सुकाएको भए पनि गहिरो भागमा जल केही बाँकी रहंदा बीचबीचमा भास भई बस्ती बस्न लायक नभइसकेको हुनाले दक्षिण–पश्चिमपट्टि केही ऊचो भागमा गोशाला बनाई गाईहरू पालेर केही गोपजाति बसेका थिए । तिनमा नेप नामक गोपालकी कपिलागाई केही दिनसम्म दिनदिनै भरदिन बेपत्ता भई राती आफ्नो गौशालामा फर्कदा कल्चौंडो रित्तो पारेर आउँथिन् । कल्चौंडो रित्तो हुनाको कारण के रहेछ, बुझ्नुपर्‍यो भनी ती गोपाल गुप्तरूपले गाईका पछि लागे । कृष्ण आएका बखतमा पशुपतिले प्रत्यक्ष दर्शन दिएको ठाउँमा अघिदेखि जल भरिंदा माटो जमी ढिस्को जस्तो भइरहेको थियो । ती गाई त्यहीं पुगी त्यस ढिस्कामाथि चारै थुनबाट दुग्धधारा चढाई फर्किन् । त्यस्तो व्यवस्था देखी ती गोपालले आश्चर्य मानी यहाँ के रहेछ भनी खनेर हेर्दा पशुपतिनाथका पञ्चमूर्ति लिंगको दर्शन पाए । त्यस दर्शनका प्रभावले ती गोपाल तत्क्षणमा मुक्त भए । त्यो कुरा ने मुनिले थाहा पाई अहो यी गोपाल बडा भाग्यवान् रहेछन् । जलमय भएदेखि गुप्त भई हामीले दर्शन नपाएको पशुपतिको लिंगाकार मूर्ति यिनका हातबाट प्रकाश भयो । यी बडा पुण्यात्मा रहेछन् र यिनको कैलाशवास पनि भयो । यिनका उपर पशुपतिको पूरा करुणा रहेछ । अब यिनैका सन्तानलाई राजा तुल्याए पशुपति खुशी हुनेछन् भन्ने विचार गरी तिनै नेप गोपालका छोरा भुक्तमान गुप्त (भुत्साङ) लाई अभिषेक दिए । ने मुनिले उनलाई धर्मशिक्षासमेत दिई फेरि राजा स्थापना गरे । यी गोपालहरू कृष्ण आउँदा संगै आएर गाईहरू पाली यहाँ बसेका हुन् भन्ने कुनै पुस्तकमा लेखिएको छ । कुनैमा यी पहिलेदेखिका बासिन्दा हुन् भन्ने लेखिएको छ । यिनीहरूको बस्ती भएको ठाउँ माता-तीर्थको नजीकको कहीं लेखिएको छ । कहीं पद्मकाष्ठगिरि अर्थात् अहिलेको कीर्तिपुर हो भन्ने लेखिएको छ । ती गोपाल राजाले आफ्नो गौशाला भएको ठाउँमा बसी ने मुनिले उपदेश गरेको धर्मशिक्षाबमोजिम बराबर बस्ती बढाउँदै लगी प्रजाहरूलाई धर्मपूर्वक पालना गरे । पशुपतिको स्थान पनि माटो आदि पन्छाई राम्ररी प्रकाश गराए र पूजाआजा चलाए ।

गोपाल वंशका राजाहरू ।

ने मुनिले नेपालमा स्थापना गरेका राजा भुक्तमान गुप्त (भुमातंग वा भुत्साङ) ले ने मुनिले उपदेश गरेका नीति-धर्मअनुसार राज्य गरे । श्री पशुपतिनाथको अघिको मूर्ति-माथि दोस्रो मूर्तिको प्रतिष्ठा गरी स्थापना गरे । अग्नि शर्मा नामक ब्राह्मणलाई पूजाहारी गराई वैशाख शुक्ल तृतीया रौहिणी नक्षत्र सौभाग्य योग आदित्य वारका दिन महास्नान पूजा चलाई त्यसै दिनदेखि विधिपूर्वक नित्य नैमित्तिक पूजा गराए । यिनै राजाका पालामा श्री पशुपति-नाथ प्रकट भई किरातीको रूप लिएर श्लेष्मान्तक वनमा नित्य विहार गरिरहन्थे । यी राजा ईश्वर र ईश्वरीको अतिभक्ति गरी गाई, ब्राह्मण र प्रजाहरूको नीतिधर्मले पालना गरेर आनन्दपूर्वक रहेका थिए । यी राजा भूमातंगले ८४ वर्षसम्म राज्य गरे ।

यिनका पुत्र जय गुप्तले ७३ वर्ष ३ महीना राज्य गरे ।
यिनका पुत्र परम गुप्तले ९१ वर्ष राज्य गरे ।
यिनका पुत्र हर्ष गुप्तले ६७ वर्ष राज्य गरे ।
यिनका पुत्र भीम गुप्तले ३८ वर्ष राज्य गरे ।
यिनका पुत्र मणि गुप्तले ३७ वर्ष राज्य गरे ।
यिनका पुत्र विष्णु गुप्तले ४६ वर्ष राज्य गरे ।

यी ७ पुस्ताका गोपाल राजाहरूले मातातीर्थका नजीकमा ठूलो गौशाला बनाई गाईको रक्षा र देवताहरूमा भक्ति गरी प्रजालाई पुत्र झैं पालना गरेर ने मुनिका उपदेश बमोजिम नीतिधर्ममा रही निर्विघ्नपूर्वक राज्य गर्दै आनन्दमा रहेका थिए । विष्णु गुप्तका पुत्र राजा यक्ष गुप्तले आफ्ना पालामा अघि जातिस्मरण तीर्थमा तपस्या गरिरहेका दानवहरूलाई विष्णुले बौद्धावतार लिई शाक्यसिंह नामले प्रख्यात भएर ती तपस्वी दानवहरूलाई ज्ञानवैराग्य देखाई तपस्याबाट हटाएर बुद्धमार्गको उपदेश दिई बुद्धधर्म बढाएको हुनाले बराबर बढ्दै आएका बौद्धमार्गीहरूको संगत गरे । अघि ने मुनिबाट पाएका उपदेशानुसार धर्मनीति-पूर्वक राज्य चलाइआएका आफ्ना पुर्खाहरूको धर्म छोडी यी यक्ष गुप्त बौद्धमार्गमा लागेका हुनाले आफ्नो सन्तान नहुंदा राज्य छुट्न लागेको विचार गरी मध्यदेशका महिष-

पाल अहीर गोपाललाई छिकाई राज्याभिषेक दिए । आफू आहुँ दिक्क हुंदा वैराग्य लिई आर्यघाटमा बसी प्राणत्याग गरे ।

यस्ता तरहले भुत्साडका आठ पुस्ताले राज्य गरे । अन्त्यका राजा यक्ष गुप्तको राज्य भोग वर्ष ७१ । ने मुनिले स्थापना गरेका राजाका ८ पुस्ताले जम्मा ४०७ भोग गरे ।

महिषपाल राजाहरू

यक्ष गुप्तले धर्मपुत्र गरी पालना गरेका राजा महिषपाल वर सिंहले ४९ वर्ष राज्य गरे ।

उनका पुत्र राजा जयमणि सिंहले २१ वर्ष ७ महीना राज्य गरे ।
उनका पुत्र राजा भवन सिंहले ४१ वर्ष राज्य गरे ।

यी तीन पुस्ताले यक्ष गुप्तका उपदेशमाफिक राज्य गरेका थिए । परन्तु ने मुनिको उपदेशबमोजिम धर्ममार्गको रीत चलाउन सकेका थिएनन् । यी महिषपाल राजाहरूको जम्मा भोग वर्ष १११।७ भयो । गोपालहरू र महिषपालहरूको जम्मा भोग वर्ष ६१८।११ भयो ।

किराती राजाहरू

त्यसपछि श्री पशुपतिनाथले अघि तीस हजार वर्ष कलि प्रारम्भ हुन बाँकी छँदै द्वारपको आखिरतिर म्लेच्छ किरात राजा हुनेछन् भन्ने भविष्यवचन बोलेअनुसार कलि लाग्ने वेलामा द्वापरयुग बाँकी छदै पूर्वदिशाबाट एलम्ब भन्ने किराती राजा आई ठूलो प्रतापले महिषपाल राजालाई युद्धमा जिती नेपालका राजा भए ।

यिनै किराती राजाका पालामा अघि कुनै कालमा कैलाश पर्वतका शिखरको सभामा श्री महादेव विराजमान थिए । अकस्मात् पार्वतीलाई केही पनि नभनी गुप्तरूपले श्लेष्मान्तक वनमा किरातीको रूप लिई अरू किराती र किरातिनीहरूका साथमा विहार गर्दै रहेका थिए । पार्वतीले महादेवलाई नदेखी खोज्दै खोज्दै जाँदा हजार वर्ष वितेपछि श्लेष्मान्तक वनमा शिवलाई देखेर आफू पनि किरातिनीको रूप लिई महादेवका संमुख गएर आफ्नो सौन्दर्यले प्रसन्न पार्दा महादेवले किरातिनी पार्वतीलाई अंकमाल गरे ।

त्यसपछि किराती रूप लिएका ती महादेव र पार्वती मिली केही कालपछि त्यसै वनमा किरातीश्वर भन्ने शिवलिंगको स्थापना गरे र धेरै कालसम्म किरातीश्वरको पूजाआजा गरिरहे । ब्रह्म, इन्द्र आदि देवताहरूले शिवको दर्शन गर्न श्लेष्मान्तक वनमा आई चारैतर्फ खोजी हिंड्दा पनि गुप्त भइरहेका हुनाले दर्शन गर्न पाएनन् । अनि गुह्येश्वरीमा गई ६ महीनासम्म तपस्या गर्दा कार्तिक शुक्ल नवमीका दिन ईश्वरी प्रसन्न भई "हे देवता हो, शंकरजी यसै वनमा विहार गरेर रहनुभएको छ, खोज्न जाऊ । मेरो वरप्रभावले दर्शन पाउला" भनी वर दिएकोले फेरि श्लेष्मान्तक वनमा खोज्दै जाँदा किरातरूपले विहार गरिरहेका महादेवलाई देखी सबै देवताहरू मिलेर हातेमालो गरी माझमा पारेर हातका घेराले रोके । त्यसै वेलामा ईश्वरी पनि महादेवका नजीकमा आईपुग्दा महादेवले अंकमाल गरी पार्वतीलाई भने "देवी, तिमीले प्रसन्न भई यी देवताहरूलाई वरदान दिएको हुनाले मेरो दर्शन पाएका हुन् ।" फेरि देवताहरूतिर फर्की "देवता हो, अब एक हजार वर्षमा वैशालाधिप क्षत्रिय राजाहरू आई किराती राजाहरूलाई जिती राजा हुनेछन् । त्यहाँसम्म म पार्वतीसंग यही रूपमा विहार गरिरहनेछु । भनी त्यहीं अन्तर्धान भए । अहिले महादेवको कैलाशमा जाने आशय रहेनछ भन्ने बुझी देवताहरू पनि त्यसै फर्की स्वर्गलोकमा गए ।

कुनै समयमा पञ्चपाण्डवहरू जूवाले संपूर्ण ऐश्वर्य हारी वनवास गरिरहेका बखतमा अर्जुन युधिष्ठिरका उपदेशले तीर्थयात्रा गर्न भनी दाजुभाईहरूसंग बिदा भई हिंडे । नेपाल क्षेत्रमा पुगेपछि धनुर्धारी भई आएका अर्जुनलाई देख्दा किरातीहरूले आफू जस्तै ठहराए । "हे मित्र, हामी संग मिलेर संगै बसी खानपीन गरूँ आऊ" । भनी किरातीहरूले बोलाउँदा अर्जुन रिसाए । "हे मूर्ख, मानिसको औकातै नबुझी जंगली भई के बोल्दछौं" भनी अर्जुनले भन्दा किरातीहरू झन् रिसाए । यसरी परस्परमा भनाभन हुँदा धनु उठाई दुवैथरि लड्न थाले । अर्जुनले ती संपूर्ण किरातीहरूलाई हटाइदिए । त्यसपछि किरातीहरू बहुतै रिसाई किरातरूप महादेवका शरणमा परे । महादेव पनि पिनाक

धनु लिएर किरातीका साथमा अर्जुनसंग लड्न भनी आए। अनि किरातरूप महादेवको र अर्जुनको महायुद्ध भयो। जतिबेर लडे तापनि आपना वैरी किरातीको केही पनि ताकत नघटेको र आफ्नो भने ताकत ज्यादा घटेको देखी आश्चर्यमा परेर अर्जुनले लड़ाई थामी भने "हे किराती, मेरा दाजु युधिष्ठिरले तीर्थयात्रा गर्न जाऊ भनी उपदेश गर्दा म तीर्थयात्रा गर्न भनी आएको हुँ। अहिले लड़ाई गर्नुपर्दा मेरो स्नान, सन्ध्या, शिवार्चन आदि कर्मको काल व्यतीत हुन लाग्यो। त्यसकारण एक छिन् लड़ाई थाम। म स्नान, सन्ध्या, र शिवको पूजा गर्दछु। अनि फेरि युद्ध गरौंला।" अर्जुनको यस्तो बचन सुन्दा मसग धेरै कालसम्म लडी फेरि लडाईकै इच्छा राख्दछ भने यो जमामर्दै रहेछ। स्यावास भन्ने विचार गरी लडाई थाम्ने स्वीकृति दिए। त्यसपछि अर्जुनले धनु पृथ्वीमा राखी आपना शरीरको वस्त्र उतारी स्नान, सन्ध्या गरेर विल्वपत्र आदि पूजासामानले शिवलिंगको पूजा, नमस्कार आदि गरे। त्यस्तो देख्दा महादेव बहुतै प्रसन्न भई त्यस शिवलिंगमा चढ़ाएको विल्वपत्र आदि सबै आफ्नो शिरमा रहने गराइदिए। त्यसपछि अर्जुनले पनि पूजा सिध्याई फेरि लड़ाई गरूँ भनी आपना वैरी किरातीतिर नजर लगाउँदा अघि आफूले चढाएको विल्वपत्र आदि सबै वस्तु किरातीको शिरमा चढेको देखे। अनि अर्जुन आश्चर्य मानी यी ईश्वरै रहेछन् भन्ने चिन्ही किरातीका पाउमा परी अनेक स्तुति गरे। शिवले पनि अर्जुनको ठूलो भक्ति देखी वर माग्ने बचन दिए। "हे परमेश्वर, तपाईं सर्वज्ञ हुनुहुन्छ। मेरो वेदना के विन्ति गरूँ। दुर्योधनले अन्याय गरी हामी पाँच भाइको वनवास गराइ-रहेछन्।" भनी अर्जुनले विन्ति गरे। "हे अर्जुन, तिमी केही फिक्री नगर। वाग्मतीयात्रा गरी क्षत्रियतीर्थमा स्नान गर। शत्रुको अजेय हुनेछौं भनी शिवले पाशुपतास्त्र सिकाई अन्तर्धान भए। त्यसपछि अर्जुन पनि महादेवका आज्ञानुसार विधिपूर्वक वाग्मती यात्रा, क्षत्रियतीर्थमा स्नान आदि गरेर फर्की आपना दाजुभाइ बसेका जंगलतिर लागे। नेपाल क्षेत्रमा श्री महादेवका प्रसादले किरातीहरूको प्रताप बढी वेलम्ब नामक किराती राजाले ९० वर्ष राज्य गरे।

यिनका पुत्र राजा पविले वर्ष ७९।३ राज्य गरे। यिनका पालामा पाण्डव र कौरवको कुरुक्षेत्रमा ठूलो युद्ध भयो। अर्जुनबाट किराती राजा पविलाई बोलाहट हुँदा आपना सैन्यले सहित भई कुरुक्षेत्रमा गई राजा पविले त्यस युद्धमा प्राणत्याग गरे।

यिनका शेषपछि यिनका पुत्र धस्कन्दले ३७ वर्ष राज्य गरे।

यिनका शेषपछि यिनका पुत्र चलंचले वर्ष ३१।६ राज्य गरे। यी राजाको राज्याभिषेक भएको १९ वर्षपछि कलियुगको प्रथम पाउले पृथ्वीमा प्रवेश गरेको ५ वर्ष लाग्यो भनी दिशा दिशामा रहेका ज्योतिर्विद् पण्डितहरूले राजालाई विन्ति गर्न आए। त्यसपछि सर्वत्र पृथ्वीमा रहेका स्थावर जंगमात्मक जीव प्राणीहरूको पापवृत्ति क्रमैसित बढ्न लाग्यो। त्यस्तो देख्दा देवताहरू नदेखिने भई रहन लागे। कलियुग लागिसकेपछि पनि आपना प्यारा किराती राजाका राज्यमा नदेखिने भई महादेव पनि श्लेष्मान्तक वनमा किरातीका रूपले रहेका थिए। कहिले कहिले संयोग परेका वेलामा मात्र कोही दर्शन पाउँदथे।

कलियुगको प्रथम चरणले स्पर्श गरेपछि चलंचका पुत्र राजा हुतिले ४१ वर्ष ३महीना राज्य गरे। यी राजाले अघि वशिष्ठ ऋषिले योगवाशिष्ठमा बताएको पछि हुने कर्कटी नामक राक्षसीको चरित्र ब्राह्मणहरूबाट सुने "हे महाराज, हिमालयपर्वतका उत्तर भागमा कंजपंक नामक पर्वत छ। त्यसका गुफामा भयानक मुख भएकी अति क्रूर स्वभावकी, दयाधर्मले रहित भई जीवघात गरिरहने कर्कटी नामक राक्षसी थिई। त्यो राक्षसी जति जीव खाए पनि तृप्त नहुँदा ठाउँठाउँमा डरलाग्दो स्वरले कराएर अग्निको ज्वाला जस्तो रातो जिभ्रो निकाली घुम्दथी। अब मेरो भोक कसरी शान्त होला भने जम्बूद्वीपमा मनुष्यहरू धेरै छन्। त्यहाँ गई ती सबैलाई खान पाए मेरो भोक शान्त होला भन्ने मनमा विचार गरी। अनि मनुष्यलोकमा पुग्ने तपस्या गर्न कोही पनि पुग्न नसक्ने एउटा दुर्गम पर्वतमा गई एक हजार वर्षसम्म एउटा खुट्टाले टेकी तपस्या गरी। त्यस राक्षसीको त्यस्तो उग्र तपस्या देखी ब्रह्माजी खुशी भई वर माग भन्ने वचन दिए। "हे ब्रह्माजी, सीयो जस्ती तीखी र मसिनी भई प्राणीहरूका उदरभित्र पसेर भयानक रोग गराई मारेर खान पाऊं" भन्ने वर मागी। "हुन्छ, तैले सीयो जस्ती हुँ भनेको हुनाले तेरो नाउँ विषूचिका भयो।

तर यस मन्त्रले शोधन गरेको जलले जसलाई अभिषेक होला, त्यसलाई तैले छाडिदिनू' यस्तो वर दिई ब्रह्माजी अन्तर्धान भए । त्यसपछि त्यो कर्कटी राक्षसी यस जम्बूद्वीपमा आई पाएसम्मका नरनारी, पशु, पक्षी लगायत खान लागी । त्यसरी खाँदा पृथ्वीमा प्राणीहरू निकै घटे । तैपनि त्यसको भोक मरेन र त्यस राक्षसीका मनमा वैराग्य आउँदा विचार गरी "मलाई धिक्कार छ । किनभने भोक शान्त होला भनेर तपस्या गरी प्राणीहरू खाने वर मागी सबैलाई खाँदा पनि मेरो भोक शान्त भएन । केवल अपराध मात्र हातलाग्यो । अब उँप्रान्त कसैलाई पनि खानेछैन ।" यस्तो विचार गरेर त्यसै पर्वतमा पुगी । भोकको वास्तै नराखी निराहारपूर्वक काम, क्रोध, लोभ, मोहहरू जिती ठुलो तपस्या गर्दा ब्रह्मा फेरि प्रसन्न भई आए । "हे पुत्री, तेरो सबै पाप नाश भयो । अर्काको प्राण लिई आफ्नो प्राण बचाउनु धिक्कार हो भन्ने तंलाई पश्चाताप भयो । अब तैले मूर्ख अनाचारी नास्तिकहरूलाई खानू, पाप लाग्ने छैन । तेरो पेट पनि भरिनेछ ।" यसरी ब्रह्माले बुझाउंदा चित्त बुझेको हुनाले राक्षसी पनि त्यहाँबाट हिंडी पापी प्राणीहरू मात्र खोज्दै खांदै पृथ्वीमण्डलमा फिर्नेछ । "यस्तो विषूचिकाको बयान सुनेका थिए ।

एक दिन यी हृति राजा हार्यंत नामक आफ्ना मन्त्री र धेरै सैन्य लिई शिकार खेल्न वनमा गएका थिए । त्यसै वेला ती सेना बसेका ठाउँमा त्यो कर्कटी पुगी । आधा रातमा विषूचिका भई सबैका पेटभित्र पसेर धेरै सेना मारी भोजन गरी । घुम्दै जाँदा विषूचिकाले नभेटेका राजा र मन्त्री मात्र बचे । उनीहरूलाई पनि खान नगीचमा आई छलले अर्कै रूप लिएर यी राजा र मन्त्री ज्ञानी हुन् कि अज्ञानी हुन् भनी जाँच गरी । राजाबाट ज्ञान र वैराग्य युक्त वचन सुन्दा कर्कटी प्रसन्न भई । राजाले पनि उसलाई आफ्ना दरवारमा लगी सत्कार गरेर अब उप्रान्त यो धर्म गर्नेलाई तिमीले नखानू भनी कबूल गराई बिदा गरे । वशिष्ठ ऋषिले योगवाशिष्ठमा लेखेको भविष्यवाणी यिनै किराती राजा हृतिका पालामा प्रत्यक्ष अनुभव भयो ।

यी राजा हृतिका पुत्र राजा हुमतिले बाबुका शेषपछि ५० वर्ष राज्य गरे ।

यियका पुत्र राजा तुष्कले वर्ष ४१।८ राज्य गरे ।
यिनका पुत्र राजा सुयस्यले वर्ष ३८।६ राज्य गरे ।
यिनका पुत्र राजा पर्वले वर्ष ५६ राज्य गरे ।
यिनका पुत्र राजा जितेदास्त्रीले वर्ष ६० राज्य गरे ।
यिनका पुत्र राजा पंचले वर्ष ७१ राज्य गरे ।
यिनका पुत्र राजा कैकेले वर्ष ५६ राज्य गरे ।
यिनका पुत्र राजा सुनन्दले वर्ष ५०।८ राज्य गरे ।
यिनका पुत्र राजा थुम्कोले वर्ष ५८ राज्य गरे ।
यिनका पुत्र राजा गृध्रीले वर्ष ५९।६ राज्य गरे ।
यिनका पुत्र राजा जनेले वर्ष ७३।२ राज्य गरे ।
यिनका पुत्र राजा लुकेले वर्ष ६०।१ राज्य गरे ।
यिनका पुत्र राजा थोरले वर्ष ७९ राज्य गरे ।
यिनका पुत्र राजा थोंकोले वर्ष ८३ राज्य गरे ।
यिनका पुत्र राजा वर्माले वर्ष ७३।६ राज्य गरे ।
यिनका पुत्र राजा गुंजले वर्ष ७२।२ राज्य गरे ।
यिनका पुत्र राजा तुष्कले वर्ष ८१ राज्य गरे ।
यिनका पुत्र राजा शुष्केले वर्ष ५६ राज्य गरे ।
यिनका पुत्र राजा सुंगले वर्ष ५८ राज्य गरे ।
यिनका पुत्र राजा संसले वर्ष ६३ राज्य गरे ।
यिनका पुत्र राजा गुणंजले वर्ष ७४ राज्य गरे ।
यिनका पुत्र राजा शिबुले वर्ष ७५ राज्य गरे ।
यिनका पुत्र राजा गलिजले वर्ष ८१ राज्य गरे ।

यी संपूर्ण राजाहरू गोकर्णको जंगलमा दरवार बनाई त्यहीं रहेका थिए । जंगल हुनाले धेरै जम्बूकहरू दरवारका वरिपरि आई दुःख दिन्थे । बाण प्रहार गरी तीं जम्बूकहरू हटाउँदा गुप्तेश्वर शिवलिंगका शरणमा गई जम्बूकहरूले शिवलिंग छोपिरहेका थिए । त्यहाँदेखि त्यस ठाउंको नाम जम्बूकडोल भनी प्रख्यात भयो । यी किराती राजाका २८ पुस्तालें श्लेष्मान्तक वनमा श्री शिवजी किरातीको रूपले रहेका हुनाले उनैका प्रभावले निर्विघ्नपूर्वक राज्य भोगे । यी प्रतापी किराती राजाहरूका २८ पुस्ताको १०४१ वर्ष राज्य भोग भयो । श्री पशुपतिनाथ कलि लागेदेखि १५१६ वर्षसंम किरातरूपले रहे । अन्त्यका राजा गलिजका पालामा श्री पशुपतिनाथले किरातको रूप छोडे । त्यहाँपछि राजाको शक्ति केही घट्दै गयो ।

दक्षिणबाट आएका सूर्यवंशी राजाहरू ।

अघि हरिणेश्वरले ब्रह्मा, विष्णु, इन्द्र आदि देवता हरूलाई भविष्यवाणी सुनाउ दा किराती राजालाई क्षत्रिय राजाले जिती यस नेपाल क्षेत्रको राज्य गर्नेछन् । त्यस वेला मेरो पनि किरातरूपको वनविहार सकिनेछ । तिनै क्षत्रिय राजाहरूले नेपालमा धर्मको स्थिति गर्नेछन् भन्ने वाणीमुताबिक दक्षिण दिशाबाट निमिष्टांकार वर्मा भन्ने राजा अनेक सैन्यहरूसमेत आई ठूलो लडाई गरी युद्धमा गलिजलाई जितेर नेपाल देशको राजा भई ५० वर्षसम राज्य गरे । यी राजा कुन वंशका हुन् भने पहिले सृष्टिका आदिमा श्री विष्णुका नाभिकमलबाट ब्रह्मा पैदा भए । तिनबाट मरीचि, मरीचिबाट कश्यप ऋषि, कश्यप ऋषि-बाट श्री सूर्य, श्री सूर्यबाट वैवस्वत मनु, वैवस्वत मनुबाट इक्ष्वाकु, यिनका वंशमा विशालतनु भए । यिनबाट हेमचन्द्र, हेमन्द्रबाट सुचन्द्र, सुचन्द्रबाट घूमा, घूमाबाट सृंजय, सृंजय-बाट सुवर्णषष्ठि, सुवर्णषष्ठिबाट कृशानु, कृशानुबाट सोमदत्त भए । उनका वंशमा जनमेजय, जनमेजयबाट समितिवान्, समितिवान्बाट मतिमान् भए । यी राजाहरूले दक्षिणमा राज्य गरे । यी राजाका वंशमा विशालतनु भन्ने राजाका सन्तान निमिष्टांकार वर्मा हुनाले यिनलाई वैशालाधिप भदन्थे ।

जित्वा कैरातराजानं ततो देवान्प्रपूज्य च ।
करिष्यति तदा राज्यं विशालाधिपतिर्बली ।
मूर्तिरेका ममैषा तु ब्राह्मणेषु प्रतिष्ठिता ।

पचास योजनभित्र परेको भूमिलाई नेपाल भनी शास्त्रमा कहेको छ । यस भूमिका राजा निमिष्टांकार वर्मा भए । ती राजाले राज्य गर्दा किराती राजाहरूले प्रचार गरेको म्लेच्छ धर्मको लोप गराइदिए । यी राजा बहुतै शूरवीर, नीतिशास्त्र जान्ने, धर्मज्ञ, शास्त्रज्ञ, दयाशील, क्षमाशील, शान्तिशील, तन्त्रादि शास्त्रबाट देवताहरूको ध्यान मन्त्रहरू विचार गरी नेपालको ठूलो महात्म्य जान्ने, धर्म शास्त्रज्ञ र ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेदहरूको भेद जान्ने थिए । यिनले उत्तम ब्राह्मणको परीक्षा गरी उनैबाट पशुपतिनाथको चतुर्मुख मूर्ति बनाई अघिको मूर्ति-माथि स्थापना गरेर शास्त्रोक्त विधिले नित्य नैमित्तिक पूजाआजा चलाए । आफ्ना साथमा आएका सैन्यहरूलाई र पछि आफ्ना देशबाट झिकाई आएका जनतालाई समेत पुरानो विशालनगरमा वास गराई त्यस नगरलाई गुल्जार गरे । राजा आफू भने फूलचोक गोदावरीका नगीचमा दर-वार बनाई उहीं बसे । यस्ता रीतले ती राजाले ती किराती-हरूको निवृत्ति गरेपछि उनीहरूले धर्मलोप गरेको यस नेपालमा पण्डित हरिभक्त शर्मा ब्राह्मणका उपदेशले वेदान्त-शास्त्र जान्ने र तेजस्वी भई शास्त्रोक्त धर्मनीतिले प्रजाहरू-को पुत्रवत्पालना गरे । शास्त्रानुसार नेपालमण्डलका देवता-हरूको प्रकाश गरी पुण्यस्थलहरूमा प्रजाहरूबाट पुण्यकर्म गराई धर्मका प्रभावले प्रजाहरूलाई धर्मात्मा बनाएर नित्य श्री पशुपतिनाथ प्रभृति देवदेवीहरूको उनले पूजा, सेवा गरिरहेका थिए ।

एक दिन बंगाल देशबाट वेदशास्त्र, तन्त्रशास्त्र जान्ने आचार्य ब्राह्मण आएका हुनाले राजाले ती ब्राह्मणको विद्या-देखि प्रसन्न भएर सत्कारपूर्वक वास दिई राखे । उहाँपछि पञ्चद्राविड र पञ्चगौड मैथिल ब्राह्मणहरूलाई देशबाट झिकाइ ती ब्राह्मणका सम्मतले शास्त्रोक्त प्रमाणका विधि-अनुसार नेपाल क्षेत्रका देवदेवताहरूको पूजा सत्कार गराए । धेरै ग्रन्थहरूको संग्रह गरी आफूले समेत ती ब्राह्मणका संमतले धेरै ग्रन्थ बनाएर यस क्षेत्रमा बहुतै प्रचार गरी प्रजाहरूलाई पनि शिक्षाले धर्मज्ञ र बुद्धिमान् गराए । त्यसरी प्रचार गर्दा भट्ट ब्राह्मणबाट सामदेद र व्याकरण, मैथिल ब्राह्मणबाट ज्योतिष र न्यायशास्त्र, पञ्चगौड पञ्च-द्राविडबाट वेदशास्त्र र तन्त्रशास्त्रहरूको प्रख्यात गराए । वेदशास्त्र र तन्त्रशास्त्रोक्त प्रमाणले स्थान स्थानमा गर्नुपर्ने देवदेवीहरूको मन्त्र, यन्त्र, ध्यान आदि जाने । त्यही शास्त्रोक्त विधिले स्वयंभू आदि देवताहरूको प्रतिमा प्रतिष्ठा गराए । धर्मज्ञ ब्राह्मणका उपदेशले ईश्वर र ईश्वरीको भक्तिपूर्वक आराधना गरी तिनै देवताहरूका अनुग्रहले ठूलो कीर्ति बढाए । देशबाट गुजराती बाजा झिकाई स्थान स्थान-मा पूजा गर्दा त्यही बाजा बजाउने रीत चलाए । यिनैका पालामा दक्षिण गोदावरीमा कुनै योगीको माला, झोली, व्याघ्रचर्म र तुम्बाहरू जलप्रवाहमा परी बग्दै आउंदा पृथ्वीका अन्तर्मार्गले नीलचूड पर्वतका मनि गोदावरीमा निस्क्यो । त्यो खबर राजाले सुन्दा यो माल कुन योगीको हो भनी ठाउं ठाउंमा प्रचार गरे । एक योगीले यो माल मेरो हो, दक्षिण गोदावरीका प्रवाहमा परी बेपत्ता भएको थियो भनी सबूद प्रमाण पेश गर्दा खास गोदावरी रहिछन् भनी राजा

प्रजा सबैको चित्तमा निश्चय हुंदा स्नान, दान आदि कर्म गरे । यी सूर्यवंशका राजा निमिष्टांकार वर्माले ठूलो भक्ति गरी अनेक देवदेवताहरूको महिमा प्रकाश गरेर नेपाल देशको राज्य गरी आनन्दपूर्वक रहे ।

यी राजा निमिष्टांकार वर्माका पुत्र ताराक्ष वर्माले बाबुका शेषपछि ६१ वर्षसंम राज्य गरे । यिनले पनि आपना बाबुले चलाएबमोजिम ठाउंठाउँका देवदेवताहरूको आराधना र पूजाआजा चलाए । देवालय, गृह, ग्राम, नगर-समेत बसाई सज्जनहरूको संगत गरेर प्रजाहरूको पालना गरी आनन्दपूर्वक राज्य गरे ।

यिनका पुत्र काक वर्माले ७६ वर्ष राज्यभोग गरे । यिनले पनि आफ्ना बाबुबाजेले चलाएको धर्म नीति थामी ईश्वरीको सेवा गरी ठाउं ठाउंका देवताहरूको पूजा गराई राज्य चलाए ।

यिनका पुत्र पशुपुष्य वर्माले ५६ वर्ष राज्य गरे । यी राजाले वास्तुशास्त्रोक्त रीतले पशुपतिनाथको सुन्दर ऊचो देवालय सुवर्णको छाना गरी बनाए । शास्त्रज्ञ पण्डित ब्राह्मणहरूको संमतबाट ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र चारै वर्णको शास्त्रानुसार स्वस्वधर्मको स्थिति बाँधी तिनीहरूलाई आआफ्ना धर्ममा प्रवृत्त गराए । गोब्राह्मणहरूको प्रतिपालना र प्रजाहरूको नीतिपूर्वक रक्षा गरी श्री पशुपतिनाथको भक्तिभावना गरे । फेरि ठाउं ठाउंमा २४ बाहाल बनाई बाँडाहरूलाई बसाए । यी राजाले गोदावरीदेखि कर्मनाशा-नदीसंम शहर बसाई आनन्दसंग राज्य गरे ।

यी राजाका पुत्र भास्कर वर्माले ७४ वर्ष राज्य गरे । यी राजा खूब प्रतापी र तेजस्वी थिए । यी राजालाई भक्त वर्मा पनि भन्दछन् ।

शिशुपालावतारेण श्रीमता भक्तवर्मणा ।
करिष्यते जगत्कीर्तिरनेकागमशासनात् ।

यस्तो हरिणेश्वरबाट आज्ञा भएको थियो । अघि महाराज युधिष्ठिरका राजसूय यज्ञमा शिशुपालले श्री कृष्ण-को अपमान गरे । श्री कृष्णले सुदर्शन चक्र छोडी राजा शिशुपालको शिर छेदन गरेर उद्धार गरेका थिए । वैशा-लाधिपति कहिएका राजा निमिष्टांकार वर्माका पाँचौं पुस्तामा यस नेपाल पुण्य क्षेत्रमा तिनै शिशुपालले जन्म लिए । भक्त वर्मा नामक उनले पूर्वजन्मको शुभवासनाले धर्म नीतिअनुसार पुर्खाले गरेअनुसार स्थिति थामे । श्री पशुपतिनाथको उपासना गरी पाशुपतास्त्र जगाए । फेरि साम्राज्य प्राप्ति हुने भूतडामर तन्त्रोक्त विधिले गोकर्ण स्थानमा स्थूलकाय भैरवको प्रतिष्ठा गरे । अकिलमहामन्त्र-को पुरश्चरण गरी भैरवको अकिलमन्त्र पनि जगाए । श्री पशुपतिनाथका प्रसादले महाप्रतापी भई धेरै सैन्य जमाएर सरदार प्रभृत्ति मन्त्रीहरूको उन्नति गरे । दिग्विजय गर्नाका निम्ति दक्षिण देशतिर प्रस्थान गरी विभिन्न देशका राजा-हरूलाई कहीं लडाई गरी र कहीं प्रतापका बलले जिते । जित्दै जाँदा उत्कलदेखि दक्षिण महोदधिसम्मका देशहरू आफ्ना वशमा गराए । श्री श्वेतवाराहका समीपमा मातृका देवीको स्थापना गरी अरू धेरै देशमा घुम्दै ठाउं ठाउंका सबै राजाहरूलाई आफ्ना वशमा गराए । ती राजाहरूले चढाएका नजराना हीरा, मोती, माणिक, पन्ना, नीरमणि, नागमणि, वैदूर्यमणि, रुधिराक्ष, पुलक, भीष्ममणि, पद्मराग, मरकत, इन्द्रनील, शेखर, कर्कोटकमणि, मुगा आदि अनेक मणि, रत्नहरू र सुवर्ण, रौप्य आदि द्रव्यहरू-समेत लिई नेपाल फर्के । ती सबै वस्तु श्री पशुपतिनाथलाई अर्पण गरी सुवर्ण द्रव्य आदि नगद जतिले धेरै ब्राह्मणहरू-लाई निमन्त्रणा गरी ती ब्राह्मणबाट श्री पशुपतिनाथका पश्चिम ढोकामा यज्ञमण्डप बनाएर तीन महीनासम्म सुवर्णा-हुति यज्ञ गराए । श्री पशुपतिनाथको सुवर्णोदकले महास्नान गराई पाशुपत क्षेत्रको सुवर्णपुरी भन्ने नाम प्रसिद्ध गराए । त्यसरी स्नान गराउँदा श्री पशुपतिनाथका लिंगदेखि वाग्मती-सम्म अनवच्छिन्न धारा बग्यो । अघि यी राजा भक्त वर्माले दक्षिणमा लडाई गर्न जाँदा पद्मनाभ नामक विष्णुको दर्शन पाएका थिए । यहाँ नेपालमा पद्मनाभ कुन हुन्, तिनको भावनाले कसको पूजा गरूं भनी विचार गर्दा शतरुद्र पर्वतमा राजा सूर्यकेतुले प्रतिष्ठा गरेका जलशयन (बूढानीलकण्ठ) नारायणलाई ठहराई प्रतिदिन ती नारायणको विधिपूर्वक पूजा हुने व्यवस्था गरे । यस्ता रीतले ती राजाले श्री पशु-पतिनाथको नित्य सेवा गर्दै प्रजाहरूलाई पुत्रवत् पालना गरी राज्य गरिरहेका थिए । किरातेश्वरबाट निमिष्टांकारका सन्तानमा शिशुपालको अवतार भएका राजासम्म यस क्षेत्रको ने मुन्युक्त धर्मस्थिति थामी राज्य गर्नेछन् भन्ने

भविष्यवाणी भएको हुनाले आखिर दैववशले ती राजाका सन्तान भएनन् र कुनै सूर्यवंशी पुरुष ल्याई धर्मपुत्र बनाएर भूमि वर्मा नाम राखी राज्याभिषेक गरी राज्य दिए ।

अरू सूर्यवंशी राजाहरू

यी राजा भूमि वर्माले गोदावरीको दरबार छोडी बाणेश्वर (बानेश्वर) का नगीचमा दरबार बनाएर त्यहीं राज गरी वर्ष ४० सम राज्य भोग गरे ।

यिनका पुत्र चन्द्र वर्माले वर्ष ६१ राज्य गरे ।
यिनका पुत्र जयदेव वर्माले वर्ष ६२ राज्य गरे ।
यिनका पुत्र वर्ष वर्माले वर्ष ५१ राज्य गरे ।
यिनका पुत्र सर्व वर्माले वर्ष ३८ राज्य गरे ।
यिनका पुत्र पृथ्वी वर्माले वर्ष ५६ राज्य गरे ।
यिनका पुत्र ज्येष्ठ वर्माले वर्ष ४८ राज्य गरे ।
यिनका पुत्र कुवेर वर्माले वर्ष ७५ राज्य गरे ।
यिनका पुत्र हरि वर्माले वर्ष ७८ राज्य गरे ।
यिनका पुत्र सिद्धि वर्माले वर्ष ६७ राज्य गरे ।
यिनका पुत्र हरिदत्त वर्माले वर्ष ४६ राज्य गरे ।

यिनले नेपालमण्डलमा चार धामका स्वरूपले विराजमान भएका नारायणको सपनामा दर्शन पाए र यहाँका चार शिखर, दोलागिरि, शतरुद्र, इचंगु, फर्पिङमा ती चार धाम नारायणको स्थान ठहराए । श्री ज्योतिस्वरूप पशुतिनाथका पूर्ववर्ती दोलागिरिमा श्री गरुडनारायणको र श्री छिन्नमस्ता काली शक्तिसहित कीलेश्वरको सत्कारपूर्वक पूजाआजा गरी प्रतिवर्ष नागपञ्चमीका दिन शंखह्रदका स्नानादिको मेला चलाए । फेरि पशुपतिनाथका वायव्यवर्ती शतरुद्र पर्वतमा चयजुनारायणको देवालय बनाई पूजाआजा गरेर प्रतिवर्ष नित्यनैमित्तिक पूजाआजा चलाए । उनका समीपबाट प्रकट भएकी विष्णुमतीको तीर्थस्नान आफूले गरी प्रजाहरूलाई पनि गराए । पशुपतिनाथका पश्चिमवर्ती स्थानमा इचंगुंनारायणको देवालय बनाई शक्तिसहित नारायणको पूजा चलाए । विष्णुमती र भद्रमतीका संगममा प्रतिवर्ष रामनवमीका दिन स्नान गर्ने मेला पनि चलाए । दक्षिण भागको फर्पिङ शिखरमा लक्ष्मीसहित नृसिंहनारायणको उही रीतले देवालय बनाई पूजा गरी प्रतिवर्ष भाद्र शुक्ल चतुर्दशीका दिन त्यहाँको चक्रतीर्थमा स्नान गर्ने मेला चलाए । यस्ता रीतले यी राजाले नारायणहरूलाई स्वयम्भूभावले भक्तिभावना गरिरहेका थिए । त्यसपछि शंखमूलसंगम तीर्थमा विराजमान भएका कोटीश्वर स्वयम्भूको यी राजाले दर्शन पाए । यी स्वयम्भूको सत्कार गरी दक्षिणमा वैद्यनाथ (बैजनाथ) महादेवको प्रख्यात गरे । यी राजा हरिदत्त वर्माले यसरी ईश्वरको भक्तिभावपूर्वक सेवा गरी दर्शन पनि पाउँदा कृतार्थ भई अन्त्यमा उत्तम गति पाए ।

यिनका पुत्र सुदत्त वर्माले वर्ष ३३ राज्य गरे ।
यिनका पुत्र राज्यपति वर्माले वर्ष ३५ राज्य गरे ।
यिनका पुत्र शिववृद्धि वर्माले वर्ष ७७ राज्य गरे ।
यिनका पुत्र वसन्त वर्माले वर्ष ६१ राज्य गरे ।
यिनका पुत्र शिवदेव वर्माले वर्ष ५७ राज्य गरे ।
यिनका पुत्र रुद्रदेव वर्माले वर्ष ६७ राज्य गरे ।

यिनका पालामा कपिलवस्तु नामक नगरका एक सुनयश्री नामक मिश्र ब्राह्मणले नेपालको महात्म्य सुनी श्री स्वयम्भू ज्योतिःस्वरूप र श्री गुह्येश्वरीको दर्शन गर्नालाई नेपालमा आए । ती देवताहरूको दर्शन गरी नेपालको लक्षण विचार गरेर डुल्दै हिंडे । यहीं वास गर्ने इच्छा गरी अघि ओडियाचार्यले पूर्वमा स्थापना गरेका सर्वेश्वरका सन्निधानमा पुगे । त्यहाँ अधिदेखि कुण्डबाट बराबर पानी निक्लिरहने हुनाले त्यहीं भिक्षुक धर्ममा रहने इच्छा गरी बसिरहेका थिए । त्यसपछि भिक्षुक हुनालाई गुरुको विचार गर्दा त्यसताक नेपालमा तत्वज्ञान जान्ने भिक्षुक उस्तो थिएनन् । गुरु नभई आफैं भिक्षुक हुँदा सिद्धि नहुने, भिक्षुक नभई अरू मार्गद्वारा परमपद नपाइने, यो मनुष्यचोला पाएपछि मोक्षपदको इच्छा नगरी त्यसै रहे जन्म व्यर्थ भई मरेपछि चौरासीयोनिको भोग गर्नुपर्ने, यस्तो जानी जानी अब मैले उद्धार हुने काम गर्नुपर्छ भन्ने ठानी उत्तर ह्लासातिर लागे ।

भोट देशमा भिक्षुक लामा, आवर्तक लामा र गृहस्थ लामा यी तीन लामा मध्ये अघि भगवान शाक्यसिंहका आज्ञानुसार धर्ममा चली ठूलो तत्वज्ञान पाएर सिद्धि भई आपनो इच्छा भएसम्म बसी फेरि निर्वाण हुँदै, अवतार लिंदै भूत, भविष्य र वर्तमान कालका सबै बताउन

सक्ने एक पटला नामक लामा बडा ज्ञानी भिक्षुक थिए। यस्तो खबर सुनेर ह्लासामा गई ती सुनयश्री मिश्रले ती लामासंग अनेक तत्वज्ञान सिकी भिक्षुक भए। त्यहाँबाट गुरुसंग बिदा गई अघि बसेका ठाउँमा आएर विहार बनाई बस्ने इच्छाले जग्गाको विचार गरे।

अघि पाटलिपुत्रका राजा अशोकले नेपालमा तीर्थयात्रा गर्न आउँदा चार युगका प्रमाणले चार युगको उदय भएका दिनमा एक एक चैत्य स्थापना गरी गएका थिए। ती चार चैत्यमध्ये कलियुगका प्रमाणले त्यसैको उदयका दिन चैत्य स्थापना गरेको जग्गा असल कमसल के रहेछ भनी विचार गरे। असल लक्षण भएको जग्गा ठहर्दा राजा रुद्रदेवसंग विनति गरी एक विडोल रत्न चढाएर जग्गा किने। त्यहाँ यथाक्रमले विहार बनाई श्री आबुद्ध दीपंकरको मूर्ति स्थापना गरे। अनि आफ्नो धर्ममा रही त्यही विहारमा बसे। उनका दुइ जना शिष्यले हाम्रा गुरु नेपालमा जानुभएको थियो, अझ फर्कनुभएन, खोज्न जान्छौं भनी आफ्ना गुरुमा र गुरुभाइहरूसंग बिदा भई नेपालतिर लागे। खोज्दै जाँदा गुरु बसेका विहारमा पुगी गुरुको दर्शन पाए। गुरुले पनि शिष्यलाई भिक्षुधर्म सिकाई विहार (बाहाल) मा राखे।

त्यसपछि खोज्न पठाएका ती शिष्यहरू नफर्केका हुनाले मिश्रका स्त्री, छोरा र परिवार समेत नेपालमा आइपुगे। श्री स्वयम्भू र गुह्येश्वरीको दर्शन गरी खोज्दै मिश्र बसेको विहारमा पुगेर उनको दर्शन पाई कुशलवार्ता प्रश्नोत्तर गरी त्यहीं रहे। मिश्रले पनि आफ्ना विहारका समीपमा चोक भएको घर बनाई त्यही घरमा ती स्त्री पुत्रहरूलाई राखे। त्यसपछि छोराको छोरा जन्मेको हुनाले छोरालाई भिक्षु-धर्ममा राखी मिश्र आफू निर्वाण भए। उनकी स्त्रीले त्यही विहारका दक्षिण लङ्का माथि आगम बनाई कुलिशेश्वरी नामक ईश्वरी स्थापना गरी सेवा गरिन्। नाती, बुहारी र स्त्रीहरू चोक भएको घरमा गृहस्थधर्म चलाई बसे। यस्तै क्रमले छोरा भएपछि बाबुचाँहि भिक्षुक भई भित्र विहारमा एक्लै बस्ने रीत र धर्म चलाइरहे। यी सुनयश्री मिश्र बसेको विहारको नाम पंपिविहार हो। यिनका शिष्यहरूका विहारको नाम एककोन्तीवहिविहार वा एकपिन्तविहार भन्दछन्। यस पिन्तविहारमा अघिको ठूलो चामल एक र धान एक समेत पछिका लोकहरूलाई देखाउन भनी हिफाजतसंग राखेका छन्।

यी राजा रुद्रदेवका पुत्र वृषदेव वर्माको राज्यभोग वर्ष ६१। यिनले राज्य गर्दा बाहिर अरू दुनियाहरूले देख्दा शिवमार्गी र वेदधर्मप्रवर्तक पनि हुन्थे। आखिर स्वकुल-धर्मको त्याग गरी जैनमार्गमा प्रवृत्त भएर बौद्धाचार्यहरूको संगत गरी आफ्ना मार्गका देवताहरूको संमान छोडे। मारण, मोहन, वशीकरण, उच्चाटन आदि कर्ममा ती राजा अत्यन्त आशक्त हुंदै गए। यी राजाले स्वधर्म छोडे भनी अकीर्ति गर्लान् भन्ने भयले विशालपुर (चन्द्रपुर) मा देवता-हरूको मन्दिर र घाटहरू बनाउँछु भनी बूढानीलकण्ठका समीपमा ढुंगाको रास थुप्याएका थिए। तैपनि देवताहरूको मन्दिर केही नबनाउँदा पछि त्यो ढुंगाको रास जलशयन नारायण राज भएको जमीन सबै शतरूद्रपर्वतबाट पहिरो खसी पुरियो। उनले नारायणको त्यस स्थानको ख्याल नराखी त्यस ठाउँमा बबैंचा बनाइदिएर शिवमार्गका देवता-हरूको अनादर गरे। बुद्धमार्गका चल्तीको प्रबल प्रचार हुंदा यी राजाले बज्रयोगिनीको सेवा गरे पनि खालि बौद्ध-मार्गले पूजा सेवा गरेका थिए।

राजा धर्मदत्तका विजयराज्यका समयमा मारवाड देशका राजा सुदत्त वर्माकी रानी पिंगलाले नेपालमा आई श्री गुह्येश्वरीदेवीका समीपमा मन्दिर बनाएर उनै देवीको सेवा गरी बसेकी थिइन्। त्यसै वेलादेखि लोहशिलास्थानको समीपको पोखरीमा म आई बसेको छु। त्यस तलाउमनि धेरै द्रव्य गाडेको हुनाले त्यही द्रव्य गर्भमा पारी गणावरणले संयुक्त गरी चैत्याकारले मेरो मन्दिर बनाऊ र धनदो नामले प्रख्यात गर। त्यहाँपछि ती देवताको नाम धनदो भनी प्रख्यात भयो। अनि नेपालमा देवताहरू चतुष्कमले विरा-जमान भएका छन् भन्ने ठहराई गोदावरीका समीपमा मन्दिर बनाई पंचबुद्धको एक मूर्ति प्रतिष्ठा गरी प्रकाश गरे। त्यहीं बांडागाउं भन्ने देश बनाई बांडा आदि प्रजाहरू-लाई बसाए। अनि नेपालमा सिभू, खासाति (बौद्ध), धनदो र बडेगाउं भन्ने स्थानमा बौद्धका चार मूर्ति प्रसिद्ध भए। त्यसै बखतमा दक्षिण गौडदेशका राजा प्रचण्डदेवले पुत्रलाई राज्य दिई बौद्धधर्ममा अतिप्रिय हुंदा नेपालमा आएर स्वयंभू भगवान्को दर्शन गरे। त्यहीं बसी गुणाकर

नामक महासामर्थ्यवान् बांड़ाबाट भिक्षुचर्याको दीक्षा लिए। आफ्नो नाम शान्तश्री भिक्षुक राखी स्वयंभूको सेवा गर्दै रहे।

एक दिन गुरु गुणाकार भिक्षुक र शिष्य शान्तश्री भिक्षुकले स्वयम्भूकुण्डलाई चैत्याकारले छोप्नुपर्‍यो भन्ने सल्लाह गरी राजा वृषदेवसँग विन्ति गरे। उनले पनि सोहीबमोजिम गर्ने ठहराई स्वयंभूकुण्डलाई चैत्याकार बनाएर छोपे। त्यहाँ वसुपुर, वरुणपुर, अग्निपुर, वायुपुर र शान्तिपुर भन्ने पाँच पुर बनाई पाँच देवताको स्थापना गरे। राजा वृषदेवले पनि बाणेश्वरका समीपमा ठूलो विहार बनाई शाक्यसिंह भगवान्को प्रतिष्ठा गरे। सिभूको पर्वतलाई सत्ययुगमा पद्मगिरि, त्रेतामा वज्रकूटगिरि, द्वापरमा गोशृंगगिरि र कलियुगमा गोपुच्छगिरि तथा पछि त्यसको नाम स्वयंभू भन्ने प्रख्यात भएको छ। यी राजाका शासनकालका अन्त्यतिर नेपालमा शंकराचार्य आई बुद्धमार्गको नाश र शिवमार्गको प्रचार गरे। शंकराचार्य आउँदा यी राजाका छोरा जन्मेका हुनाले उनका भाई बालार्चनदेवले शिशुको नाम शंकरदेव भनी राखे।

राजा शंकरदेवको भोग वर्ष ५१। यी राजाले धेरै मिहिनेत र द्रव्य खर्च गरी श्री पशुपतिनाथका उत्तरढोकाको अगाडि असल लोहाको ठूलो त्रिशूल बनाई समर्पण गरे। राजराजेश्वरीका समीपको कूपमा हेर्दा पूर्वजन्मको स्वरूप चिन्ह सबै देखिन्थ्यो। त्यसबाट राजा प्रजा सबैलाई पाप-पुण्यको ज्ञान हुन्थ्यो। अब राजा प्रजा सबैलाई बढिया छायाको दर्शन मिल्न दुर्लभ भएको हुनाले पछि कुन् पाप-चिन्हस्वरूपको मात्र दर्शन भई छोटा बडा सबैलाई मनमा बहुत कष्ट होला भन्ने यी राजाले ठानी त्यो कूप पुरेर त्यसका अग्रभागमा जातिस्मरण नामक महाविराटेश्वर महादेवको स्थापना गरिदिए। फेरि श्री पशुपतिनाथका पश्चिमढोकाभित्र नन्दिकेश्वरको मूर्ति बनाई स्थापना गरे। ढोकाभित्र नन्दिकेश्वरको स्थापना गरिदिएका हुनाले दुनियाले दर्शन गर्दा नन्दी र शिवको अन्तरमा परी दर्शन गर्नुपरेन र दुनियालाई त्यो दोष पनि लाग्ने भएन।

यिनका पुत्र राजा धर्मदेवको भोग वर्ष ५१। यी राजाले पनि श्री पशुपतिनाथका दक्षिणभागमा ठूलो वृषध्वज स्थापना गरे। पर्वपर्वमा श्री गरुडनारायण, श्री इचंगुनारायण, श्री नृसिंहनारायण र श्री चयजुनारायणका स्थानमा गई यी राजा सेवा गर्दथे। त्यसैताक "हे राजन्, तिमीले वारंवार चार धाममा गई सेवा गरिरहनुपर्दैन। म शतरुद्र पर्वतका पहिराले छोपिई गुप्त भइरहेको छु, प्रख्यात गर" भन्ने सपनामा जलशयन नारायणबाट (बूढानीलकण्ठबाट) उपदेश र दर्शन पाए। अनि यी राजा र प्रजाहरूसमेत भई त्यहाँ गएर खनी ढुंगो माटो पर सारी ती देवताको प्रकाश गरे। विधिपूर्वक नित्यपूजा पनि चलाए। योगेश्वरी बज्रयोगिनीको पनि भक्तिश्रद्धापूर्वक सेवा गरिरहेका थिए।

केही दिनपछि यी राजाले योगेश्वरीको सेवा गर्दा कराहीमा तैल कटकटाई त्यस तेलमा आफ्नो शरीर फुरौला पकाए झैं होमिदिन्थे। त्यस्तो मासु बज्रयोगिनी गणसमेतले भोजन गर्दथे। मासु खूब मीठो लागी त्यो शरीर राजाको भन्ने देवीलाई ख्याल भएको हुनाले खूब खुशी भई त्यो शरीर जिउदो गराएर धेरै द्रव्यहरू दिने व्यवस्था चल्यो। राजाले पनि आफ्नो शहर विशालनगरमा आई त्यो प्रसाद धन नित्य ब्राह्मण, गरीब र फकीरहरूलाई दान गर्दथे। यसरी उग्रतपद्वारा नित्य बज्रयोगिनीको सेवा गर्दथे। नित्य योगिनीबाट पाएको त्यस धनले शंखमूलतीर्थदेखि आदि जलशयननारायणको स्थानसम्म उनान्सय हजार घर हुंदा खूब जमेको अतिरमणीय शहर थियो।

राजा विक्रमादित्य।

अवन्ति देशको उज्जयिनी नामक शहरमा कुनै एक क्षत्रियकन्याका गर्भबाट नाभिछिद्रका मार्गद्वारा एक बालक जन्म्यो। ती बालक विक्रमसेनको १२ वर्षको उमेर हुँदा उग्रतारा देवीबाट सपनामा तिम्रो प्रथमावस्थामा नेपाल नामक पुण्यभूमिमा भाग्योदय हुनेछ भन्ने वर ईश्वरीको ज्योतिः स्वरूप तथा नेपाल देशसमेत देख्न पाएका थिए। त्यसकारण नेपाल देशमा जाने प्रबल इच्छा गरी मानिसले आफ्नो देश छाडी अन्यत्र जानु मनासिब होइन तापनि सपनामा विश्वास गरी मन्त्री बुद्धिसेन, ब्राह्मण माननाथ, सेवक वैकुण्ठ र आफूसमेत चार जम्मा भई श्री पशुपतिनाथ र श्री बज्रयोगिनीका चरणकमलको शरण परी विक्रमसेनले आफ्नो सपनाको वृत्तान्त बताए। यसबाट मेरो र तिमीहरूको पनि कल्याण हुने हुनाले तिमीहरूलाई पुत्र र

परिवारदेखि पनि छुटाई साथमा लाने इच्छा गरेको छु। आफ्ना साथी भए परदेशमा धेरै आधार हुन्छ। मेरो पनि यस लोकमा कीर्ति, परलोकमा मुक्ति र आफ्ना कुलको उद्धारसमेत हुनेछ। तसर्थ जाऊं हिंड भनी बुझाई साथी-समेत चार जना भई उज्जैनबाट प्रस्थान गरे। धेरै देश घुम्दै नेपालमा आई एक प्रजाका घरमा डेरा गरी बसे। सेवकलाई डेरा कुर्न राखी मन्त्री र ब्राह्मण अतिबुद्धिमान् तथा अरूलाई संझाउन अतिचतुर हुनाले ती दुइ जना साथमा लिई विक्रमसेनले राजा धर्मदेवको चाकरी गर्न लागे। उनलाई तेजस्वी र संपूर्ण शुभलक्षणले युक्त भएका देखी राजाले नाम धाम र आउनाको कारण सोधे। आफ्नो नाम, जन्मदेश र साथीहरूको विस्तार गरी हुकुम भए-अनुसारको काम गर्न तयार छु, नोकरी गर्न आएको हुँ भनी बिन्ति गरे। राजाले वीर पुरुष ठानी बहुत प्रेमसंग साथैमा राखी जहाँ गए पनि साथैमा लिई जाने गरेका हुनाले आठै प्रहर राजाका साथैमा रही विक्रमसेनले चाकरी गर्न लागे।

विक्रमसेनको जन्म तथा उत्पत्ति।

कुनै एक ब्राह्मणले इन्द्रासनको भोग गर्ने अभिलाषाले गंगाका तीरमा धेरै वर्ष बिताई तप गरे। त्यस तपका प्रभावले इन्द्रलाई अशुभ सूचना हुँदा ठूलो ताप पऱ्यो। ब्राह्मणको तप भ्रष्ट गर्न इन्द्रले अप्सराहरूलाई बोलाई ती ब्राह्मणको तप भ्रष्ट गर्न को सक्तछौ भनी सोधे। मेनका नामक अप्सराले इन्द्रको आज्ञापालन गर्ने कबूल गरिन्। अनि इन्द्रका आज्ञानुसार मेनका पनि मर्त्यलोकमा झरिन्। गंगाका तीरमा गई हेर्दा इन्द्रियहरू खिची मन एकत्व गरेर धेरै कालसम्म पवननिरोधरूप तप गरिरहेका ब्राह्मणलाई राम्ररी स्नान गराई मधुको मधुर स्वाद चखाइन्। सुन्दरी अप्सराको नित्य टहल र मधुको मधुर रसले गर्दा ब्राह्मणको शरीर पुष्ट हुँदै आयो। नजर उघारी हेर्दा नगीचमा अति सुन्दरी अप्सरा र तिनका हाउभाउले गर्दा बाहुनबाजे कामको वशीभूत भइहाले। ब्राह्मणको सहवासले मेनका अप्सराले गर्भधारण गरिन् र मास पूर्ण भएपछि पुत्र जन्म्यो। छोराको नामकरण भएपछि ती अप्सराले यस जङ्गलमा केही सुख छैन, स्वर्गमा प्रशस्त सुख पाइन्छ, स्वर्गमै गएर यथेच्छ सुखभोग गरौं भनी ऋषिलाई मनाइन्। आखिर बालक बोकेकी अप्सरा र उनका पछि लागेका ऋषिले स्वर्गको बाटो तताए। अमरावती पुग्ने वेलामा मलाई ज्यादै थकाई लाग्यो, एक छिन् बालक बोकिदिनुहोस् भनी अप्सराले ऋषिलाई बालक बोकाइन्। अनि बालक बोकेका ऋषिलाई पछि लगाई मेनका इन्द्रका हजुरमा पुगी मलाई लगाउनु भएको काम सिद्ध गरें भनी आँखाका इशाराले निवेदन गरिन्। ऋषिलाई त्यसरी खडा गराउँदा इन्द्रले पनि मुसुमुसु हाँस्दै "महर्षि, तपाईले धेरै वर्ष मिहिनेत गरी गरेको तपस्याको फल त राम्रै लागेछ" भनी उपहास गरे। म ता राम्रैसंग भुलेंछु भन्ने कुरा ऋषिले बल्ल होश पाए। इन्द्रका सन्मुखमा त्यस बालकलाई जोरले पछारे। बालकको शरीर तीन टुका भयो। अनि तपस्या गर्न जान लागेका ऋषिलाई रोक्दै इन्द्रले सोधे "यस बालकलाई किन मार्नुभयो, अब यसको गति के हुन्छ?" यस तीन टुकाको तीन रूप भई जन्मनेछ र पछि एकै स्वरुप हुनेछ। भनी ऋषिले इन्द्रलाई बताई आफू पृथ्वीतिर लागे।

केही कालपछि पाउको भाग बनिया भई जन्म्यो। हृदयको भाग क्षान्तिशील नामक पुरुष भई जन्म्यो र कापालिक योगी बनी रहयो। योगीले बनियालाई शिक्षादीक्षा गरे। केही दिनपछि ती गुरुशिष्यको परस्पर विरोध हुँदा गुरुले शिष्यलाई मारिदिए। मृतक बनिया वेताल भई कुनै सिसौका रूखमा वास गर्न लागे।

उज्जयिनी देशका विष्णु शर्मा नामक ब्राह्मण गृहस्थाश्रम छोडी श्री ईश्वरीको उपासना गर्दथे। एक दिन ती ब्राह्मणको वीर्य सहसा पतन भयो र उनले पृथ्वीमा नपारी विल्वपत्रहरूमा घसिदिएका थिए। त्यसै ठाउँकी चन्द्रावती नामक एक क्षत्रियकन्या त्यही वृक्षका फेदमा आई नित्य खेल्दथिन्। ती कन्याले बालक स्वभाव लिई विल्वपत्रको स्वाद कस्तो हुँदोरहेछ भनी विल्वपत्रहरू चाटिन्। देवसंयोगले ती ब्राह्मणको वीर्य मुखबाट उदरमा पुगी कन्या गर्भवती भइन्। केही दिनपछि सबैलाई थाहा हुँदा ती कन्या तपस्वीका आश्रममा नित्य खेल्न जाने हुनाले उनका संगमले गर्भ रहेको होला भनी सबैले अनुमान गरे। मास पूर्ण भएपछि मुखबाट वीर्य गएको हुनाले अघि ऋषिले स्वर्गमा पछार्दा हुन गएका तीन टुकामा शिरभागबाहिं विक्रमदेवका रूपमा नाभिरन्ध्रबाट पैदा हुँदा सबै जना

आश्चर्यचकित भए ।

वैशाखे शुक्लपक्षे च मुहूर्ते ब्राह्मसंज्ञके ।
वृद्धियोगे च पञ्चम्यां तिथावादित्यवासरे ।
विक्रमो नाम राजाभूद्भामिरन्ध्रान्महाबल : ।

यसैले यी राजालाई अयोनिज भन्दछन् । कलियुगमा जम्बूद्वीपका चक्रवर्ती हुने २५ भावी राजाहरूमध्ये अग्रगण्य तथा धर्मनीति, देशविजय, राजकाज र प्रजापालन इत्यादि सबै काममा प्रवीण तथा पराक्रमी यी राजा विक्रमदेव हुन् । यीसमेत चक्रवर्ती हुने भावी राजाहरू यी हुन्:—विक्रमादित्य १, शालिवाहन २, शंकरकुमार ३, अप्युयु (मनुष्य) ४, प्रहस्त ५, हरि ६, ब्रह्मा ७, सुरेन्द्र ८, वत्स ९, हरिपु १०, भीम ११, विक्रीयु १२, महीन्द्रपाणि १३, पिनाकपाणि १४, शूलपाणि १५, विक्रमपाल १६, मनुज १७, भोज १८, नागपाणि १९, सुक्रकु २०, जगद्देव २१, रूप २२, मेर २३, शिखर २४, सागर २५ । यी २५ राजाहरू मध्ये सर्वश्रेष्ठ गनिएका विक्रमदेव राजाको जन्म यस तरहले भयो । जन्मेपछि शुक्लपक्षका चन्द्रमा झैं कलाको उन्नतिपूर्वक बढ्दै गए । बखत बखतका दशकर्म विधिपूर्वक हुँदै गए । बाह्रै वर्षको उमेर हुंदा ज्योतिस्वरूप श्री पशुपतिनाथ र श्री योगीश्वरी उग्रताराले माथि लेखिएअनुसार सपनामा दर्शन दिई गरेको आज्ञा प्रतीत मानी नेपालमा आई राजाको चाकरी गर्न लागेका थिए ।

केहीं दिनपछि ती राजाले बज्रयोगिनीका स्थानबाट धेरैं द्रव्य ल्याई ब्राह्मणहरूलाई दान गरेको देख्दा यस्ता तरहले यहाँबाट धन पाएको भन्ने कुरा विक्रमदेवले बुझे । अघि उज्जयिनीमा मलाई दर्शन दिने देवी यिनैं हुन् भन्ने पनि ठहराए । एक दिन ती ईश्वरीका स्थानमा राजाभन्दा पहिल्यै गई चियो गरिरहे । आधारात भएपछि राजा धर्मदेव देवीका मन्दिरमा पुगी चूल्हामाथि बसालेको तेलको कराहीमा आफ्नो शरीर होमेर देवीलाई समर्पण गरे । देवीले पनि यौगिनीहरूसमेत भई राजाका शरीरको मांस खूब खुशी हुंदै भोजन गरिन् । अनि राजाको शरीर जियाई धेरै द्रव्य दिएर बिदा गरिन् । यो कुरा अहिलेसंम कसैलाई थाहा थिएन, खालि विक्रमदेवले मात्र हाल थाहा पाए । भोलिपल्ट ती विक्रमदेवले राजाभन्दा पहिल्यै गई ईश्वरीलाई मनले स्मरण गरेर आफ्नो शरीरमा मासु मीठो हुने धेरै सुगन्धी मसलाहरू घसी आफ्नो शरीर तेलका कराहीमा होमे । राम्ररी पाकेपछि ईश्वरीले आफ्ना योगिनी गणसमेत आई खूब मीठो मानेर खाइन् । अनि ती विक्रमदेवको शरीर जियाइदिइन् ।

मांगल्यजननादेव सम्यगानन्ददानतः ।
सर्वदेवप्रियत्वाच्च मांसमित्यभिधीयते ।

ईश्वरीले पनि यति मीठो मासु भएका यी साधारण पुरुष होइनन्, कुनै तपस्वी होलान् भन्ने ठानी तिमी अघिपछि आउने राजा त होइनौ, को हौ ? भनी सोधिन् । उनले पनि धर्मदेव राजाको सेवक विक्रमदेव हुं भनी विन्ति गरी अनेकस्तुति पनि गरे । उनको स्तुतिले ईश्वरी प्रसन्न भई विक्रमदेवलाई मनोवांछा फल दिने स्पर्शमणि दिइन् । तिमी यसै मणिका प्रभावले धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थ पाउनेछौ । अबउप्रान्त तिमीहरू यहाँ आउनुपर्दैन । यही स्पर्शमणिका प्रभावले कृतार्थ हुनेछौ । तिम्रो आयु पनि परमायुको तेबर भयो । अन्त्यमा उत्तमगति पनि पाउनेछौं । कलियुगमा अब यस्तो कर्म गर्न कसैले सक्नेछैनन् भनी त्यो कराही पनि घोप्टाउन लगाई देवी अन्तर्धान भइन् । त्यसपछि विक्रमदेव पनि बहुतै कृतार्थ भई ईश्वरीका चरणकमलको ध्यान गर्दै डेरामा फर्के । यो सबै खबर आफ्ना साथी बुद्धिसेन, माननाथ शर्मा र नोकर वैकुण्ठलाई बताए । यस खबरले साथीहरू पनि बहुतै खुशी भए ।

उता धर्मदेव राजा पनि सधैंको झैं ईश्वरीको दर्शन गरी पाकपात्रका समीपमा पुग्दा पाकपात्र घोप्टिएको देखी आश्चर्यचकित भए । अनि ईश्वरीलाई पुकार्दा "हामीलाई चाहा भएको विधि सबै अघिनै परिपूर्ण हुँदा कृतार्थ भइसक्यौं । विक्रमदेवलाई स्पर्शमणि दिएको छ । त्यसका प्रभावले सुखभोग गर । अन्तकालमा परमगति पनि पाउनेछौ ।" यस्तो अन्तरिक्षवाणी भएको हुनाले राजाले पनि ईश्वरीको आशय बुझी मेरो प्रारब्धमा रहेनछ भनी चित्त बुझाएर विशालनगरमा फर्के । विक्रमदेवले भोलिपल्ट जो भएको हाल राजालाई बेलिविस्तार गरे । राजाले पनि तिमी धन्य रहेछौ । मैले यतिका दिनसम्म सेवा गर्दा पाउन नसकेको फल तिमीले एकै दिनका सेवाले पायौ । तिमीदेखि

म खूब खुशी छु भनी विक्रमदेवलाई धर्मपुत्र बनाई आफ्नो राज्य पनि सुम्पिदिए । आफू बज्रयोगिनीका समीपमा बसी तपस्या गरेर अन्त्यकालमा परमेश्वरीका अनुग्रहले परमगतिमा पुगे ।

राजा विक्रमादित्यको भोग वर्ष १२ । विक्रमादित्यले नेपालमा १२ वर्ष राज्य गरेपछि यहाँको राज्य छोडी उज्जयिनीमा गएर धेरै वर्ष राज्यभोग गरे । जम्बूद्वीपवर्ती सबै राजाहरूलाई आफ्नै वशमा राखी चक्रवर्ती पनि भए । विक्रमादित्यले नेपालदेशको राज्य भोग गर्दा आफ्नो जन्मथातबाट साथैमा ल्याएका मन्त्री बुद्धिसेनका सम्मतले धर्म र नीतिअनुसार शासन गर्दथे । उनै बज्रयोगिनी परमेश्वरीको धेरै सेवा गरी आफ्ना दरबारका समीपमा राजा धर्मदेवका नामबाट कुनै एक शिलामा चतुर्मुख नारायणको राम्रो मूर्ति स्थापना गरे । त्यहाँ तीर्थसहित युग्मधारा बनाएर ती धाराको नारायणधारा भन्ने नाम राखी प्रख्यात गरे । त्यसपछि त्यस धाराबाट दूर्वासहित कुन्दपुष्प प्रतिवर्ष बगी आउने भयो । त्यो कुन्दपुष्प र दूर्वा जसले पायो त्यो मानिस त्यहाँपछि सबै कुराले परिपूर्ण हुने र निहाल हुने भयो । उनले विशालनगरका मध्यभागमा आफ्ना कुलदेवता भवानी देवीको विधिपूर्वक स्थापना गरे । तिनको रहस्यभावले पूजा गरी ठूलो लिंगाकार देवालय बनाएर मन्त्रीहरूसमेत भई सेवा गरे । आफ्नो दरबारका दक्षिणतिर श्रीमण्डप भन्ने अतिसुन्दर मण्डप बनाए र ठाउँठाउँमा धेरै धन गाडिदिए । फेरि ज्योतिपूर्ण भन्ने नगर बनाई त्यसको दक्षिणभागका महादुर्गावनमा नीलवाराही नामक देवीको स्थापना गरी प्रकाश गरे ।

कुनै दिन दक्षिणदेशका महेश्वर ठाकुर नामक षट्शास्त्रपारंगत कुनै एक ब्राह्मणले राजा विक्रमदेवको पुण्य, पराक्रम, प्रताप सबै सुनी दक्षिणदेशबाट नेपालमा आए । त्यो खबर राजाले सुन्दा आफ्नो दरबारमा बोलाई शास्त्रको परीक्षा गरेर ती ब्राह्मणलाई गुरुपदवी दिई राजा र मन्त्री बुद्धिसेनले समेत दीक्षामन्त्र ग्रहण गरे । त्यसपछि तिनै गुरुका सम्मतले अधिअधिका राजाका पालामा चलिआएबमोजिम चैत्रका नवरात्रको उत्सव विशेषरूपले चलाए । शारद नवरात्रको प्रतिपदादेखि आरंभ गरी दशमीका दिन विसर्जन हुने दुर्गादेवीको महोत्सव गर्नू भनी उर्दी दिई नेपालमा सर्वप्र थम चलाए । त्यहाँदेखि सानाठूला सबै प्रजाहरूले प्रतिवर्ष असोज महीनाको दसैंकर्म गर्ने रीत चल्यो । ती राजाले देशदेशका सबै राजाहरूलाई जिती आफ्नो साम्राज्य भएपछि हस्तिनापुरमा बसी प्रजाहरूको शासन गर्दा त्यो दशमीकर्म (दसैं) उहाँ पनि चलाए । अघि चैत्रका नवरात्रको उत्सव मात्र प्रजाहरूमा चलेको थियो । यिनका पालादेखि शारदनवरात्रको विशेष उत्सव पनि हिन्दू प्रजाहरूमा चल्यो । फेरि श्रावण शुक्ल प्रतिपदादेखि एक महीनासम्म बौद्धमार्गीलाई बौद्धारम्भ बौद्धयात्रा गराए । त्यस यात्रामा उपाकर्म कृष्ण त्रयोदशी (भाद्र कृष्ण त्रयोदशी) का दिन व्रीहिदान अन्नदान गर्ने कर्म पनि चलाए । गणेशको पूजा ऐश्वर्यदायक र चन्द्रमाको पूजा कलंकनिवारक छ भनी त्यो पनि शास्त्रोक्त नियमले चलाए । फेरि अष्टमीका दिन शास्त्रोक्त प्रमाणले महालक्ष्मीको व्रत चलाए । यस्तै प्रकारले गुरु महेश्वर र मन्त्री बुद्धिसेनका सम्मतले राजा विक्रमादित्यले दूर्वाष्टमी, प्रेतपिण्ड मुक्ति गराउने पितृपक्षीय षोडश श्राद्ध, शक्रस्थापनकर्म देवीको आवाहन पूजा, कार्तिक कृष्ण अमावास्याका दिन भ्रातृपूजा, तृतीयाका दिन विसर्जनकर्म र अरू प्रेतपिण्डनिवारणादि वार्षिक श्राद्ध आदि हिन्दूधर्मकर्महरू पनि सबै शास्त्रोक्त विधिले गर, गराए । मन्त्री बुद्धिसेनले पनि ईश्वरीको पदज्ञान जानी गुह्यगोविन्द नामक अतिउत्तम गीत बनाए ।

गीतको पहिलो श्लोक ।

वीरविक्रमदेवस्य बुद्धिसेनेन मन्त्रिणा(रचितमधहरम्) ।
गुह्यगोविन्दगीतं च सेवितं फलदं नृणाम् ।

अन्तको श्लोक ।

निजतुरीयामृतरससुन्दरीगुरुकुलपरब्रह्मरूपिणि हेविचित्रचरित्रे बहुनाम श्री जगदम्ब भजे ।

सर्वेश्वरि सर्वश्रीबुद्धिसेनसेविते हेपूर्णाक्षि सद्योदिव्यगुह्यगोविन्दपदकुलं गीतम् ।

यस्ता तरहले अर्द्धसंस्कृतबद्ध गीत बनाए । यिनै विक्रमादित्य राजालाई श्री उग्रतारा देवी प्रसन्न भई मलाई गुप्त गरी नराख, मेरो एक नाटक प्रकाश गर । त्यस नाटकको विधि हरिसिद्धिपुराणमा लेखिएको छ । त्यो विधि ऐश्वर्य र आयुर्दावर्धक छ । यसकारण गुरु महेश्वर र मन्त्री बुद्धि-

सेनसंग संमत गरी लंकाका विधानअनुसार बाणेश्वरका पूर्वतिर स्थापना गरी यो नाटक बनाऊ भन्ने आज्ञानुसार राजाले पनि हरिसिद्धिपुराणमा कहेका विधिअनुसार आफना गुरु र मन्त्रीका संमतमा ठहरेबमोजिम त्रिशक्तिदेवी मूलदेवता गरी नीलसरस्वती आदि देवदेवीहरू सूत्रवीरले नागेन्द्रलाई बध गरेको उपाख्यानसमेत संयुक्त गरी हातमा खड्ग लिएकी काली आफ्नो जन्मभूमि (उज्जयिनी) मा विराजमान भएकी हरिसिद्धि भवानीलाई आवाहन गरी नेपालमा ल्याए अनि ठाउंठाउंका देवताहरूको आवाहनविधिले नाट्यशालामा पहिले सूत्रधारप्रवेश र नट, नाटक, ब्राह्मणसमेतको जलमोचनगीतपूर्वक नाट्यक्रिया गरी पछि देवताहरूको समेत क्रमैले मुख प्रकाश हुने नृत्यलीला बनाई त्यस अपूर्व नाचको नेपालमा स्थिति गरी प्रसिद्ध गरे । यसकारण नेपालमा पहिले हरिसिद्धिको नाच प्रख्यात भई पछि अरू नाच प्रख्यात भए । लेख पनि छ ।

हरिसिद्धिसमं नाट्यं नास्ति ब्रह्माण्डमण्डले ।

राजा विक्रमदेवले केवल श्री बज्रयोगिनीका अनुग्रहले वरप्रसाद पाई बाह्र वर्षसंम नेपालको राज्य गरे । त्यहाँ आफ्नो नाम र यश प्रख्यात गरी अरू वर्ष हिन्दूस्थानको राज्य भोग गरे । कलिगताब्द दुई हजार नौ सय साठी २९६० वर्ष व्यतीत भएपछि विक्रमादित्य राजा गुरु महेश्वर र मन्त्री बुद्धिसेनसमेत साथमा लिई आफ्नो जन्मभूमि उज्जयिनीमा गए । उहाँ उनका दाजु भर्तृहरि नामक राजा थिए । भर्तृहरिले भर्तृहरिशतक नामक ग्रन्थ बनाएपछि वैराग्य हुंदा आफ्नो राज्य छोडेर देशाटन गरी तपश्चर्या गरे । भर्तृहरिले राजगद्दी छाडेपछि राज्याभिषेक पाउंदा राजा विक्रमादित्यले धर्मनीतिअनुसार प्रजाहरूको शासन गरे । धेरै मुलुक आफ्नो वशमा हुँदा महाराज भई ठूलो राज्य गरे । मन्त्री बुद्धिसेनका संमतले प्रतिवर्ष मुलुक बढाउंदै जांदा हस्तिनापुरी (दिल्ली) का महाराज एकदत्तसंग ठूलो युद्ध गरी दिल्ली पनि जितेर त्यहाँको समेत राजा भए । गुरु महेश्वर ठाकुर शर्माका संमतले हस्तिनापुर, उज्जेन आदि हिन्दूस्थानका नगर नगर, देश देश, गाउं गाउंहरूमा शरत्कालमा गर्नुपर्ने दशमीकर्म (प्रतिपदादेखि विजया दशमीसंम गरिने देवीको महोत्सव कर्म) प्रतिवर्ष राजा प्रजा सबैले गर्नू भन्ने उर्दी दिई गराए । यस्तै देश देशमा अरू अरू पनि ठूलाठूला कीर्ति गरे । यी राजाले राज्य गर्दा उज्जयिनी देशमा देवताबाट देवदत्त नामक सिंहासन पाए । त्यसैमा बसी नीतिशास्त्रहरूका प्रबन्धले निसाफ गर्दा सांचो र झूटो दुबै मिश्रित भएको विषयमा सांचोको सांचो र झूटोको झूटो विषय छुट्याई जस्ताको तस्तो निसाफ दिने गरे ।

नवरत्न पण्डितहरू ।

श्लोकः– धन्वन्तरिक्षपणकामरसिंहशंकुवेतालभट्टघट-
कर्परकालिदासाः ।
ख्यातो वराहमिहिरो नृपतेः सभायां रत्नानि वै
वररुचिर्नव विक्रमस्य ।

यी नवरत्न पण्डितहरूलाई सभामा राखी शास्त्रानुसार नीतिपूर्वक विक्रमादित्यले राज्यको शासन गरिरहेका थिए । ती नवरत्न पण्डितहरूले राजालाई खुशी गराउनाका नियतले आआफ्ना बुद्धिचातुर्यअनुसार एकेक रमणीय श्लोक बनाई पढाए । ती श्लोकहरूलाई पनि नवरत्न भन्दछन् ।

श्लोकः–१ मित्रं स्वच्छतया रिपुं नयबलैर्लुब्धं धनैरीश्वरं
कार्येण द्विजमादरेण युवतिं प्रेम्णा समैर्बान्धवान् ।
अत्युग्रं स्तुतिभिर्गुरुं प्रणतिभिर्मूर्खं कथाभिर्बुधं
विद्याभीरसिकं रसेन सकलैः शीलेन कुर्याद्वशम् ।

अर्थः–मित्रलाई शुद्ध चित्तले १, शत्रुलाई नीतिका बलले २, लोभीलाई धनले ३, ईश्वरलाई पूजा आदि कार्यले ४, ब्राह्मणलाई आदरभाउले ५, युवतिलाई प्रेमभावले ६, बान्धवहरूलाई बराबर देखनाले ७, उद्धतलाई स्तुति गर्नाले ८, गुरुलाइ प्रणामले ९, मूर्खलाई कथा इतिहासका उपदेशले १०, जान्ने बुझ्नेलाई विद्याले ११, रसिकलाई रसले १२ र सबै प्राणीहरूलाई शीलस्वभावले१३ वश गर्नू ।

श्लोकः–२– अर्थी लाघवमुच्छ्रितो निपतनं कामातुरो लांछनं
लुब्धो कीर्तिमसंगरः परिभवं दुष्टोन्यदोषे रतिम् ।
निःस्वो वंचनमुन्मना विकलतां शोकाकुलः संशयम्
दुर्वागप्रियतां दुरोदरवशः प्राप्नोति कष्टं मुहुः ।

अर्थः–माग्ने हलुको हुन्छ १, ठाडो (चढेको) खस्दछ २, कामातुरले अपवाद पाउंदछ ३, लोभीले अपयश पाउंछ ४, लड्न नजान्नेले लडाईंमा तिरस्कार पाउँछ ५, दुष्टले अर्काको दोष खोज्न खुशी मान्दछ ६, गरीब सबै काममा ठगिन्छ ७, चित्तवृत्ति ठीक नहुने मानिस दिग्दार हुन्छ ८, शोकसन्तप्त मानिस सबै काममा शंका लिन्छ ९, ननिको बोल्ने मानिस सबैको मन नपर्ने हुन्छ १० र जूवाको वशमा परिरहने मानिस बराबर धोका पाउंछ ११ ।

श्लोकः–३– नीतिर्भूमिभुजां नतिर्गुणवतां ह्रीरंगनानां धृति–
दंम्पत्योः शिशवो गृहस्य कविता बुद्धेः प्रसादो गिराम् ।
लावण्यं वपुषः स्मृतिः सुमनसां शान्तिर्द्विजस्य क्षमा
भक्तस्य द्रविणं गृहाश्रमवतां स्वास्थ्यं सतां मण्डनम् ।

अर्थः–राजाहरूको नीति १, गुणी जनको नम्रता २, स्त्रीहरूको लज्जा ३, पतिपत्नीको धैर्य ४, घरका बालकहरू ५, बुद्धिको कविता ६, वचनको प्रसन्नपूर्वकको सफा बोली ७, शरीरको सौन्दर्य (हिसी) ८, सफा चित्त हुनेको सम्झना ९, ब्राह्मणको शान्ति १०, भक्तको सहनशीलता ११, गृहस्थीको दौलथ १२ र सज्जनको चित्तस्थिरता १३ गहना हुन् ।

श्लोकः–४– धर्मः प्रागेव चिन्त्यः सचिवमतिगतिर्भावनीया सदैव
ज्ञेयं लोकानुवृत्तं वरचरनयनैर्मण्डलं वीक्षणीयम् ।
प्रच्छाद्यौ रागद्वेगौ मृदुपरुषगुणौ योजनीयौ च काले
आत्मा यत्नेत रक्षो रणशिरसि पुनः सोपि नापेक्षणीयः ।

अर्थः–पहिले धर्ममा चित्त लाउनु १, मन्त्रीको राज्य संचालनमा सधैं रेखदेख गरिरहनु २, असल जासूसद्वारा जनताको चित्तवृत्ति बुझ्दै रहनु ३, राष्ट्रमा कहाँ के कस्तो भएको छ तिनै असल जासूसद्वारा बुझ्दै गर्नु ४, अनुराग र द्वेष (दुश्मनी) प्रकट हुन नदिनु ५, मौका बुझेर मात्र नरम र रूखो गुण प्रकाश गर्नु ६ आफूलाई अनेक प्रयत्नले रक्षा गर्नु ७ र लडाईका वेलामा भने आपना शरीरको पनि माया नगर्नु ८ ।

श्लोकः– ५– कार्पण्येन यशः क्रुधा गुणचयो दम्भेन सत्यं क्षुधा
मर्यादा व्यसनैर्धनानि विपदा स्थैर्यं प्रमादैर्द्विजः।
पैशुन्येन कुलं मदेन विनयो दुश्चेष्टया पौरुषं
दारिद्र्येण जनादरो ममतया चात्मप्रकाशो हृतः ।

अर्थः–कृपणताले कीर्ति १, रिसले गुणहरू २, अहंकारले सत्यता ३, भोकले मर्यादा ४, कुव्यसनले धन ५, विपत्तिले धैर्य ६, बेहाशीले ब्राह्मण ७, चुक्लीले कुल ८, घमण्डले नम्रता ९, ननिको लतले पुरुषार्थ १०, दरिद्रताले अरूबाट पाइने आदर ११, र ममताले आत्मज्ञान १२ नासिन्छ ।

श्लोकः–६– मूर्खो, शान्तस्तपस्वी क्षितिपतिरलसो मत्सरो धर्मशीलो
दुष्टो मानी गृहस्थः प्रभुरतिकृपणः शास्त्रविद्धर्महीनः ।
आज्ञाहीनो नरेन्द्रः शुचिरपि सतसं यः परान्नोपभोजी
वृद्धो रोगी दरिद्रः स च युवतिपतिर्धिग्विडम्बप्रकारम् ।

अर्थः–शान्त स्वभाव नभएको मूर्ख तपस्वी १, अलसी राजा २, रिसाहा धर्मात्मा ३, दुष्ट र अभिमानी गृहस्थी ४, अतिकृपण मालिक ५, धर्मले हीन शास्त्रज्ञ ६, हुकुम चलाउन नसक्ने राजा ७, शुद्ध भए पनि अर्काको अन्नले पालिने ८, र बूढो, रोगी र दरिद्री मध्ये एक भई तरुणी पत्नी हुने मानिस पनि देखौवा र धिक्कारको पात्र हुन् ।

श्लोकः–७– स्त्रीणां यौवनमर्थिनामनुगमो राज्ञां प्रतापः सत्तां
सत्यं स्वल्पधनस्य संचितिरसब्दवृत्तस्य वाग्डम्बरः ।
साचारस्य मनोदमः परिणतेर्विद्या कुलस्यैकता
सेवाया धनमुन्नतेर्गुणचयः शान्तेर्विवेको बलम् ।

अर्थः–स्त्रीको यौवन १, माग्नेको पछिपछि लाग्नु २, राजाको प्रताप ३, सज्जनको सत्यबचन ४, थोरै धन हुनेको धनसंचय ५, ननिको काम गर्नेको फूर्तिसाथ बोल्नु ६, सदा-

चारीको मनस्थिरता ७, नम्रताको विद्या ८, कुलको एकता (परिवारको मेल) ९, सेवाको धनप्राप्ति १०, उन्नतिको गुणसंचय ११ र शान्तिशीलको विवेक बल हुन् ।

श्लोकः—८— विद्वान्संसदि पाक्षिकः परवशो मानी दरिद्रो गृही
वित्ताढ्यः कृपणः सुखी परवशो वृद्धो न
तीर्थाश्रितः ।
राजा दुःसचिवप्रियः कुलभवो मूर्खः पुमान्
स्त्रीजितो
वेदान्ती हतसक्रियः किमपरं हास्यास्पदं भूतले ।

अर्थः—सभामा पक्षपात गरेर बोल्ने विद्वान् १, अर्काको वशमा रहेको अभिमानी २ दरिद्री गृहस्थी ३, पूंजीपति कृपण ४, परवश रहेको सुखी ५, तीर्थको सेवा नगर्ने बूढो ६, दुष्ट मन्त्रीलाई प्यारो गर्ने राजा ७, कुलीन भईकन मूर्ख ८, जोईटिंगरे पुरुष ९, सत्कर्म नगर्ने वेदान्ती १० यी भन्दा हांसोउठ्दो कुरा ससारमा छैन ।

श्लोकः—९- उत्खातान्प्रतिरोपयन्कुसुमितांश्चिन्वन्
शिशून्वर्धयन्
प्रोत्तुंगान्नमयन्नतान्समुदयन्विश्लेषयन्संहतान् ।
तीव्रान्कण्टकिनो बहिर्निगमयन्ग्लानान्मुहुः
सेचयन्
मालाकार इव प्रयोगनिपुणो राजा चिरं नन्दतु ।

अर्थः—उखेलिएकालाई फेरि रोप्नु (स्थिरतापूर्वक खडा गर्नु) १, फुलेको फूल टिप्नु २, बच्चाहरूलाई बढाउनु ३, धेरै बढेकालाई नुहाउनु (कलमी गर्नु) ४, नुहेकालाई उठाउनु (आड दिनु) ५, जोडिएकालाई छुट्याउनु (फुटाउनु) ६, तीखा कांडा भएकालाई (दुष्टलाई) बाहिर निकाल्नु ७ र ग्लानि भएका (गलेका) लाई बराबर शीतल पार्नु (सिंचित पार्नु) ८ यसरी प्रयोग गर्न जान्ने माली झैं मुलुकको बन्दोबस्त गर्न जान्ने राजा धेरैसंम सुखपूर्वक विराजमान होऊन् ।

यी नौ श्लोक मुलुकको बन्दोबस्तनिमित्त राखेका नवरत्न पण्डितहरूले विचारपूर्वक नीतिको सारांश झिकी युक्तिपूर्वक बनाएका हुन् । यी श्लोक राजा, प्रजा, साना, ठूला सबैको व्यवहार चलाउने बाटो जस्तै उपयोगी प्रमाणित भएका छन् ।

एक दिन सम्राट् वीर विक्रमादित्यले सभामा पण्डितहरूलाई पाँच विषयको पाँच प्रश्न गरे । पण्डितहरूले पनि सोहीमाफिक पाँच विषयको उत्तरस्वरूप पाँच श्लोक बनाई चढाए । त्यस दिनदेखि ती पाँच श्लोकको नाम पंचरत्न प्रख्यात भयो । यी पाँच श्लोकको अर्थ विचार गरी मनमा राख्नाले चन्द्रमाले गाढ अन्धकारको नाश गरी प्रकाश छाए झैं मानिसका अज्ञानरूप अन्धकारको नाश भई हृदयमा ज्ञानको प्रकाश फुलमल्ल हुन्छ ।

पंचरत्न ।

श्लोकः—१०-नागः पोतस्तथा वैद्यः क्षान्तिः शक्यो यथाक्रमम् ।
पंचरत्नमिदं प्रोक्तं विदुषामपि दुर्लभम् ।

अर्थः—नाग (हात्ती), पोत (डुंगा वा जहाज), वैद्य, क्षान्ति (सहनु), शक्य (सक्नु) यी पाँचलाई पंचरत्न भन्दछन् ।

श्लोकः—१- नागो भाति मदेन कं जलरुहैः पूर्णेन्दुना शर्वरी
शीलेन प्रमदा जवेन तुरगो नित्योत्सवैर्मन्दिरम् ।
वाणी व्याकरणेन हंसमिथुनैर्नद्यः सभा पण्डितैः
सत्पुत्रेण कुलं नृपेण वसुधा लोकत्रयं विष्णुना ।

अर्थः—हात्ती मदले १, जल कमलले २, रात्री पूर्णचन्द्रमाले ३, स्त्रीजाति शीलले ४, घोडा वेगले ५, घर नित्य उत्सव गर्नाले ६, बोली व्याकरणको ज्ञानले ७, खोलानाला हाँसका भालेपोथीले ८, सभा पण्डितहरूले ९, कुल असल पुत्रले १०, पृथिवी राजाले ११ र तीनै लोक भगवान् विष्णुले शोभायमान हुन्छन् ।

श्लोकः—२- पोतो दुस्तरवारिराशितरणे दीपोन्धकारागमे
निर्वाते व्यजनं मदान्धकरिणां दर्पोपशान्त्यै शृणि ।
इत्थं तद्भुवि नास्ति यस्य विधिना नोपायचिन्ता
कृता
मन्ये दुर्जनचित्तवृत्तिहरणे धातापि भग्नोद्यमः ।

अर्थः–अगाध ससुद्र तर्न जहाज १, अध्यारो हटाउन बत्ती २, हावा चलाउन पंखा ३ र मात्तिएको हात्ती तह-लाउन अंकुसे ४, उपाय तयार पारिएका छन् । तसर्थ ब्रह्माले पृथिवीका जुनसुकै बस्तु पनि काबूमा ल्याउने उपाय रचेका छन् । तर, दुर्जनको चित्तवृत्ति तह लाउने वस्तुको रचनामा ब्रह्माजी पनि विफलपरिश्रम भएका छन् भन्ने ठान्दछु ।

श्लोकः–३- वैद्यं पानरतं नटं कुपठितं स्वाध्यायहीनं द्विजं
युद्धे कापुरुषं हयं गतरयं मूर्खं परिव्राजकं ।
राजानं च कुमन्त्रिभिः परिवृतं देशं च सोपद्रवं
भार्यां यौवनगर्वितां पररतां मुंचन्ति शीघ्रं
बुधाः ।

अर्थः–मद्यपान गर्ने वैद्य १, लय नबुझीकन नाच्ने नट २, अध्ययन नभएको ब्राह्मण ३ लडाईंमा कातर मानिस ४, नदौडने घोडा ५, मूर्ख योगी ६, कुमन्त्रिका बीचको राजा ७, उपद्रव भएको देश ८ र जवानीको अभिमान भएकी र अर्कासंग पल्केकी पत्नी ९ यिनलाई जान्ने बुझ्नेले तुरुन्त छोड्दछन् ।

श्लोकः–४- क्षान्तिश्चेत्कवचेन किं किमरिभिः क्रोधोस्ति
चेद्देहिनाम्
ज्ञातिश्चेदनलेन किं यदि सुहृद्दिव्यौषधैः किं
फलम् ।
किं सर्पैर्यदि दुर्जनः किमु धनैर्विद्यानवद्या यदि
व्रीडा चैत्किमु भूषणेन कविता यद्यस्ति राज्येन
किम् ।

अर्थः–सहनशीलता छ भने कवचको के काम १, प्राणी-को रिस छ भने अर्को शत्रु चाहिन्न, शत्रुको के काम २, फुकीहरू छन् भने सन्तापलाई आगो चाहिंदैन ३, पक्का मित्र छन् भने दिव्य औषधि चाहिंदैन ४, दुर्जनसंगको सह-वास छ भने डस्न सर्प चाहिंदैन ५, खारिएको विद्या छ भने धनको काम छैन ६, स्त्रीजातिमा लज्जा छ भने गहना चाहिंदैन ७ र राम्रो कविता छ भने धनको के काम र ?

श्लोकः–५- शक्यो वारयितुं जलेन हुतभुक्छत्रेण सूर्यातपो
नागेन्द्रो निशितांकुशेन चपलौ दण्डेन गोगर्दभौ ।
व्याधिर्वैद्यकभेषजैरनुदिनं मन्त्रप्रभावाद्विषं
सर्वस्यौषधमस्ति शास्त्रविहितं मूर्खस्य
नास्त्यौषधम् ।

अर्थः–पानीले आगो रोक्न सकिन्छ १, छाताले घाम छेक्न सकिन्छ । २, तीखो अंकुसेले मत्तहात्ती वशमा गर्न सकिन्छ ३, लट्ठीले चटपटे गोरु र गधा तह लाउन सकिन्छ ४,वैद्यको औषधीले रोग हट्छ ५ र दिनदिन मन्त्रले फुक्नाले विष झर्छ ६ । शास्त्रमा सबै कुराको औषधी बताएको छ, तर मूर्खको औषधी भने कहीं पनि बताएको छैन ।

यसरी पंचरत्न बनाई चढाएपछि फेरि राजाका आज्ञा-बमोजिम ती कविहरूले षड्रत्न बनाई चढाए । यी श्लोक पनि नीतिको सार झिकी बनाएका हुन् ।

षड्रत्न ।

श्लोकः–१- शास्त्रं सुचिन्तितमथो परिचिन्तनीय–
माराधितोपि नृपतिः परिशंकनीयः ।
अंके स्थितापि युवतिः परिरक्षणीया
शास्त्रे नृपे च युवतौ च कुतो वशित्वम् ।

अर्थः–शास्त्र राम्ररी अध्ययन गरेको भए पनि मनन गरिरहनू १, राम्ररी सेवा गरिएको भए पनि राजासंग होशियार रहनू २, काखमा (साथमा) रहेकी भए पनि तरुणी (पत्नी) लाई राम्ररी जोगाउनू ३ । शास्त्र, राजा र तरुणी पत्नी आफ्ना वशमा छन् कहिल्यै नसम्झनू ।

श्लोकः–२- कोर्थान्प्राप्य न गर्वितो विषयिणः कस्यापदो
नागताः
स्त्रीभिः कस्य न खण्डितं भुवि मनः को नाम
राज्ञां प्रियः ।
कः कालस्य न गोचरान्तरगतः कोर्थी गतो गौरवं
को वा दुर्जनवागुरानिपतितः क्षेमेण यातः पुमान् ।

अर्थः–धन पाएर को मस्त भएन ? १, विषयमा फसेका कसलाई आपद् आइलागेन ? २, पृथिवीमा स्त्रीहरू-बाट कसको मन विचलित भएन ? ३, राजाको सधैं प्यारो

हुने पुरुष को छ ?४, कालको दृष्टिगोचरमा को परेन ?५, माग्ने स्वभावको कुन मानिस ठूलो ओहदामा पुग्यो ? ५ र दुर्जनको जालमा फसेको कुनचाहिं मानिस सजिलैसंग उम्क्यो ? ६ ।

श्लोकः–४- मूर्खो द्विजातिः स्थविरो गृहस्थः
कामी दरिद्रो धनवान्तपस्वी ।
वेश्या कुरूपा नृपतिः कदर्यो
लोके षडेतानि विडम्बनानि।

अर्थः– मूर्ख ब्राह्मण १, बूढो गृहस्थी २, गरीब परस्त्री-गामी ३, धनी तपस्वी ४, नराम्री बेश्या ५, छुच्चो (लोभी) राजा ६, यी ६ संसारमा देखौवा मात्र हुन् ।

श्लोकः–५- दानं दरिद्रस्य प्रभोश्च शान्ति -
र्यूनां तपो ज्ञानवतां च मौनम् ।
इच्छानिवृत्तिश्च सुखासिनानां
दया च भूतेषु दिवं नयन्ति ।

अर्थः– दरिद्रको दान १, मालिकको सहनु २, ठिटाको तपस्या ३, ज्ञानीको नबोल्ने व्रत ४, सौखीनको सुखत्याग ५ र प्राणीहरूउपरको दया ६ । यी छ कर्मले स्वर्ग लैजान्छन् ।

श्लोकः–६- दुर्मन्त्रिणां कमुपयान्ति न नीतिदोषाः
सन्तापयन्ति कमपथ्यभुजं न रोगाः ।
कं श्रीर्न दर्पयति कं न निहन्ति मृत्युः
कं स्त्रीकृता न विषया ननु तापयन्ति ।

अर्थः– कुन दुष्ट मन्त्रीलाई नीतिको दोष लाग्दैन ? १, कुपथ खाने कसलाई रोगले सताउँदैन ? २, ऐश्वर्यले कसलाई घमण्डी बनाउँदैन ? ३, मृत्युले कसलाई मार्दैन ? ४, र स्त्रीहरूको चरित्रले कसलाई सन्तप्त गराउँदैन ? ।

श्लोकः–७- लोभोप्यस्ति परेण किं पिशुनता यद्यस्ति किं पातकैः
सौजन्यं यदि किं गुणैः सुमहिमा यद्यस्ति किं मण्डनैः ।
सत्यं चेत्तपसा च किं शुचिमनो यद्यस्ति तीर्थेन किं
सद्विद्या यदि किं धनैरपयशो यद्यस्ति किं मृत्युना ।

अर्थः– लोभ छ भने अर्को शत्रु चाहिन्न १, चुक्ली गर्छ भने अरू पातकले के ? २, सज्जन छ भने अरू गुण किन ? ३, राम्रो महिमा छ भने शृंगार किन ? ४, सत्यधर्म छ भने तपस्या किन ? ५, मन शुद्ध छ भने तीर्थसेवाले के हुन्छ र ? ६, असल विद्या छ भने धनको के काम ? ७ र बदनाम छ भने मृत्युले के हुन्छ र ? ८ ।

कविहरूले फेरि सप्तरत्न बनाई राजालाई चढाए ।

सप्तरत्न ।

श्लोकः–१- वाञ्छा सज्जनसंगमे परगुणे प्रीतिर्गुरौ नम्रता
विद्यायां व्यसनं स्वयोषिति रतिर्लोकापवादाद् भयम् ।
भक्तिश्चक्रिणि शक्तिरात्मदमने संसर्गमुक्तिः खले
एते यत्र वसन्ति निर्मलगुणास्तेभ्यो नरेभ्यो नमः।

अर्थः– सज्जनहरूको संगत गर्ने इच्छा १, अर्काको गुणगानमा प्रेम २, गुरुमा नम्रता ३, विद्योपार्जनमा मिहिनेत ४, आफ्नी पत्नीमा मात्र भोग ५, लोकको अपवाददेखिडर ६, विष्णुमा भक्ति ७, मन दमन गर्ने शक्ति ८, र दुष्ट मानिससंगको संगतका त्याग ९, यी स्वच्छ गुणहरू जसमा रहन्छन्, ती मानिसहरूलाई नमस्कार छ ।

श्लोकः–२- राजा धर्मविना द्विजः शुचिविना ज्ञानं विना योगिनः
कान्ता सत्यविना हयो गतिविना भूषा च ज्योतिर्विना ।
योद्धा शौर्यविना तपो व्रतविना छन्दोविना गीयते
भ्राता स्नेहविना नरो हरिविना मुंचन्ति शीघ्रं बुधाः ।

अर्थः– धर्म नभएको राजा १, पवित्रता नभएको ब्राह्मण २, ज्ञान नभएको योगी ३, सत्यमा नरहेकी पत्नी ४, वेग नभएको घोडा ५, चहक नभएको गहना ६, शुन्याइं

नभएको योधा (लडाका) ७, व्रत नलिई गरेको तपस्या ८, लय नमिलेको गाना ९, स्नेह नभएका दाजुभाइ १०, र दिलमा हरि (विवेक) नभएको मानिस ११, यिनीहरूलाई जान्नेबुझ्नेले चाँडै छोड्दछन् ।

श्लोकः–३- छेदश्चन्दनचूतचम्पकवने रक्षापि शाखोटके
हिंसा हंसमयूरकोकिलकुले काकेषु नित्यादरः ।
मातंगेन खरक्रयः समतुला कर्पूरकार्पासयो-
रेषा यत्र विचारणा गुणिगणे देशाय तस्मै नमः ।

अर्थः– श्रीखण्ड, आँप र चाँपाको रूख काट्नु १, जगरको रूख पाल्नु २, हांस, मुजूर र कोइलीहरू मार्नु ३, कागको संमान गर्नु ४, हात्ती दिएर गधा साट्नु ५, कपूर र कपास बराबर जोखेर साट्नु ६, यस्तो काम गर्ने प्रवृत्ति जुन देशमा छ त्यस देशलाईनै नमस्कार छ ।

श्लोकः–४- वृक्षं क्षीणफलं त्यजन्ति विहगाः शुष्कं सरः सारसाः
पुष्पं पर्युषितं त्यजन्ति मधुपा दग्धं वनान्तं मृगाः ।
निर्द्रव्यं पुरुषं त्यजन्ति गणिका भ्रष्टश्रियं मन्त्रिणः
सर्वः कालवशाज्जनोपि रमते कस्यास्ति को वल्लभः ।

अर्थः– फल निख्रेको रूखलाई चराहरू छोड्दछन् १, पानी सुकेको तलाउलाई सारसहरू छोड्छन् २, बासी फूललाई भुमराहरू छोड्दछन ३, डढेका वनलाई वनजन्तुहरू छोड्दछन् ४, धन सिद्धिएको पुरुषलाई वेश्याहरू छोड्दछन् ५, राजलक्ष्मीले छोडेको राजालाई मन्त्रीहरू छोड्दछन् ६, सबै आफ्नो मतलब सिद्ध गर्नमा खुशी छन्, कसको प्यारो को छ र ?

श्लोकः–५- वित्तेन किं वितरणं यदि नास्ति दीने
किं सेवया यदि परोपकृतौ न यत्नः ।
किं संगमेन तनयो यदि नेक्षणीयः
किं यौवनेन विरहो यदि वल्लभायाः ।

अर्थः– दुःखीलाई दिइएको छैन भने धनको के काम ? १, परोपकारमा प्रयत्न छैन भने सेवाको के काम ? २, छोरो पाएको छैन भने स्त्रीसंगमको के काम ? ३, प्रेयसीसंग विछोड भएको छ भने जवानीको के काम ? ४ ।

श्लोकः–६- स्वर्गः किं यदि वल्लभा निजबधूः किं वा विभूषाविधि–
लावण्यं यदि किं सुधाकरकरैः शृंगारिगर्भा गिरः ।
मृत्युः किं यदि दुर्जनेष्ववनतिः किं धिग्यदि प्रार्थना
प्राप्तेष्टः करिकेतनो यदि भवेत्किं कल्पभूमी-रुहैः ।

अर्थः– यदि आफ्नी पत्नी प्यारी छ भने स्वर्ग किन चाहियो ? १, अनुहारमा हिंसी छ भने गहना किन चाहियो ? २, शृंगाररसयुक्त मिठासपूर्ण बोली छ भने चन्द्रकिरण किन चाहियो ? ३, दुर्जनहरूमा नुहुनुपर्दछ भने मृत्यु किन चाहियो ? ४, र इच्छा गरेअनुसार हात्तीसार छ भने (हात्तीसार राख्ने क्षमता छ भने) कल्पवृक्षहरूको के काम ? ५ ।

श्लोकः–७– धनेन किं यो नददाति याचके
बलेन किं यश्च रिपून्न बाधते ।
श्रुतेन किं यो न च धर्ममाचरे–
त्किमात्मना यो न जितेन्द्रियो भवेत् ।

अर्थः–मान्नेलाई दिदैन भने त्यसका धनको के काम ? १, शत्रुलाई बाधा दिदैन भने त्यसका बलको के काम ? (फौजको के काम) ? २, धर्म कर्म गर्दैन भने त्यसले जानेसुनेको के काम ? ३, इन्द्रिय जित्न सकेको छैन भने त्यसका आत्माको के काम छ र ? ४ ।

क्रमशः

ऐतिहासिक पत्रस्तम्भ ।

श्री ५ सरकार
१
श्री सूर्य
३

श्री ५ बादशाह
२
श्री छ्याम्कार्मिनी
४

अजि ... ... उप्रान्त महाराज भाद्र वदि १४ रोज ३ मा लेखियाका करुणा कृपा रुक्का वडापत्र २ शुद्ध भाद्र शुदि ३ रोज १ मा आइपुग्या टक मान्यो कुरामा अम्बाहरूबाट केहि कुराकानी चलाया भन्या अघि तिमीलाई लेखियाबमोजिम गर्नु चादी टक १ के मोहोरु ९ का दर्ले रु. चादी ली रुपैया कपतानलाई येस दर्ले चादी लिया हामीलाई नोक्सान हुन्छ भन्या हाल तेसै दर्मा चादी ली रुपैया देउ पछि तिमीहरूका रुपैया फिर्ता गरि चादि...१...मा रहला भन्ने ताहा बतीस-कोठीका नाउमा रुक्का गरी यसै चीठीमा खामी पठायाको छ स्व रुक्का दस्खत माहाजनहरूलाई दी हाल ९ मोहोरका दर्ले चादी ली रुपैया देउ नोक्सान पर्छ भन्छौ भन्या पछि तिम्रा रुपैया फिर्ता गरी हामी लिउला भन्ने करार गरी माहाजनसित रुपैया ली अम्बाहरूलाई रुपैया दिन्या काम गर्नु हुकुम भै लेखिआयाका वडा रुक्कापत्रको दर्शन गरी अर्थ बुझी शिर चढाया टक मान्यीका बेहोरामा हिजआज अम्बाहरूले मलाई केहि भनिपठायाका छैनन् भन्न आया भने यो कुरो हुन्यै हो भन्नु मात्र अघि लेखि बक्सिआया-बमोजिम हामीलाई नोक्सान नपर्न्या बेहोरामा चिनियाहरू पस्या भने सोबमोजिम कुरा हामी गरुला चादि लि महाजनहरूबाट रुपैया झिकि माहाजनहरूलाई दिनु भन्ने बेहोराको रुक्का दस्खत हाल नसिद्धिदा पटाउन्या काम भएन छाप भै सिद्धियापछि पठाउन्या काम होला रुक्का आइपुग्यापछि यसै चिठिमा लेखियाबमोजिम गर्नु भनि हुकुम भै छुट्टा पुर्जीमा लेखिबक्सिआयाका बेहोरामा स्व रुक्का दस्खत आइपुग्यापछि स्व बमोजिम गर्न्याछु औ ...२... दर्बारको ...१...दर्बारदेखि प्रतित मानी गोर्षा ...१... को माल असवाफ धेरै रह्याको छ यहाँ भने डाकु पनि लागन्या बीचबीचमा अनेक तरहको उपद्र पनि निस्कन्या याहा म बस्याका इलाकाभरमा चोरी डाका केहि परी तपाईका मुलुकमा रहयाको गोर्षा...१... को माल असवाफ बितलव पर्न आयो भन्या साना कुराले ठुलो कुरो पर्न जाला यस निमित्त तपाईहरूबाट यो मालको हिफाजत पनि पाउला केहि सन्देह मान्नुपर्दैन भन्नुहुन्छ भन्या माल रहयाकै छ तेसो भन्न ता सक्नुहुन्न भन्या जो चाहिन्या घोडा षालमा दी स्व माल सिवानास्म पुऱ्याईदिनुहोला भन्या कुरा गर्नु भन्ने हुकुम भै बक्सिआयाका बेहोरामा हिजआज काजीहरूका भोजका अलमलले कास्यालमा आयाका छैनन् कास्यालमा आयापछि म गै यो बेहोरा सबै भनुला र के जवाफ दिन्छन् सो विन्ति पछि चढाइपठाउला हाल छोकपा काजी मन्याको र सेठे काजीको छोरा भाग्याको षवर हाम्रा ...१...मा अनेत्रबाट थाहा भयो भन्या ममाथि हाम्रा...१... बाट साह्रै रिसानी हुन्याछ किनभन्या भोटमा वकील भै म बस्ने अनेत्रबाट भोटको हालखवर सुनिन्या तिमी भन्या केहि नलेषन्या अनि मलाई हप्की भै आयापछि मैले कसो गर्न्या हो येस कुरामा मैले कसो लेषिपठाउ भन्ने कुरा ४ काजीहरू सित गर्नु र उनीहरूले भन्याका कुरासमेत ताहा जो पाया-सुन्याको हालखवर लेखिपठाउन्या काम गर भनी सेवकमा सिक्षे हुकुम बक्सि आयाका बेहोरामा अघि सैजु काजीसित भोट सरकारका भारादार पनि काटिया चिकेषेम्बुसित लडाई गर्नुपन्यो येसो भयाको इनिहरूले के विराया इनिहरूले गऱ्याको मुद्दा मैले केहि थाहा पाइन गोर्षा ...१...दोस्ती जानी ई मानिस मन्याको झगडा भयाको मलाई तपाईहरूले कहनुपर्न्या हो गोर्षा...१...मा पनि भयाभरको बेहोरा लेखि

अर्जि चढाजनुपर्न्या हो भनी मैले भन्या र निज सेंजु काजीले यो बेहोरा सबै छोकपा काजी मन्यादेखि चिकेषेम्बु भयासंमको बेहोरा सबै मसित विस्तार गऱ्या यो बेहोरा सबै गोर्षा ..१.. मा अर्जि लेषि चढाउनुपर्नेछ भन्या यो बेहोरा सबै मैले शुद्ध भाद्र शुदि २ रोज ७ मा चढाइपठायाका अर्जिबाट जाहेर होला बांकी अघिपछि पनि ७।७ दिन विराई चिठी लेख्नु भन्ने तिमीलाई अघि हुकुम बक्स्याको हो भोटमा तेत्रो षलबल पर्दा पनि मैन्हादिनभित्रमा १ चिठी आउँदैन तिमी वकिलि मै.बस्याको के सार भयो चिठी लेषि चह्राइ-पठाउदा तिम्रा घरघरानामा षर्च पर्दैन भन्यापछि चिठी लेषि चह्राइपठाउनामा ढिलायाको के कारण हो अबउप्रान्त ७।७ दिनमा चिठी आइपुगेन भन्या तिमीलाई जरिवाना मै आउला भनि सेवकपर दया करुणा राषि सिछे हुकुम बक्स्याको बेहोरामा याहा भोटका दरवारमा छोकपा काजि-लाई राति षोलामा हालि मान्यादेषि चिकेषेम्बुसंग लडाइ गरि इन्का मसौदिया र राजा लामाको झ्यासा सेठको छोराहरूलाई नेल गलफन्दी हालि छुट्युपै छआत्या इ २ लाइ षोलामा हालि येस्ता मुद्दा बेहोरामा मा-या भनि तहकियातको तहकियात गऱ्वाको गल्वा छुंट्याइ गंधे गुम्वामा लडाइ भयाको दिनदिनको हालसमेत अर्जि लेखि चह्राइपठायाको हो भोटयाका मुलुकका घरको बात बुझ्ना-लाई कठिन हुन्या केहि खर्च गरि कुरो बुझ्नुपर्न्या सो षर्च स्याहामा दरौं भन्या बेमुनासिब पर्न्या याहाबाट मैले रामना गर्दा मैनाका ३।४ अर्जि रमना हुन्थ्या भोटमा यो षलबल पर्दा बरोबर अर्जि चह्रायाको छु अबउप्रान्त पनि हुकुम मै बक्स्याबमोजिम सेवकले गर्नुपर्छ औ अब फेरि पनि तम्रा घरपट्टि तारो हान्न याग्या भने हान नहान केहि नभन्नु आफुले ढोका थुनि चुप लागि बसिरहनु तारो हानिसक्या-पछि हजार भोट्यामा यो हो भनि हामि चिन्ह सक्न्या छैनौ त्यो मानिसलाइ नचिनि भोट सरकारबाट सजाये हुन्याछैन २ पल्ट मैले सह्या अब र इनिहरूले मार्नन् भन्या मलाइ निश्चय भयो···२···लाइ र गोर्षा...१...ले...३...समान मान्याको छ भोट गोर्षा दुबै...२...मान्या हुन्...२...लाइ मान्येछन् भोट्याले अर्धेलि गऱ्याको जवाफ गोर्षाले दिन्या-छन् गोर्षाले अर्धेलि गऱ्याको जवाफ भोट्याले दिन्याछन् यो कुराको बेवस्ता दरवार दरवार जान्नन् म ता गोर्षाको ...१...को वकीलि हुं मेरो वेयजत भयाको होइन गोर्षाका ...१...को हो गोर्षा...१...को वेइजत हुन्या मेरो ज्यु ज्यान्या भयापछि अब म बस्न सक्तिन भन्या कुरा कास्या-लमा गर्नु र येस कुराको बेस गरि निसाफ गरिदिया भने चुप लागिरहनु निसाफ गरिदिएनन् भन्या विदा मै आउन्या काम गर्नु भनि हुकुम बक्सिआयाका बेहोरामा यो कुरा अघि अधिक भाद्र वदि ६ रोजमा कास्यालमा गै सैंजु ढुंवा राकस्या ई ३ काजिहरूस्ति भैंबु गुम्बा मध्ये लोस्येलिका वाडाहरू म बस्याका घरमा आइ बन्दुकले तारो हान्या र मानिसलाइ लागला यहाँ नहान भनि मैले भन्दा गोलि हालि भन्याको बन्दुक मतिर फर्काइ ताकि हान्न लाग्यो र उनै वाडाहरू मध्ये एउटा वांडाले मलाइ दाग्याको बन्दुक समाइ फर्काइदियो येस कुराको निसाफ गरिदेउ भन्दा लोस्येलिमा २।३ हजार वांडा छन् हामि चिन्ह सक्तैनौ कसलाइ पक्रि सजाये गरौं यो कुरा कपतान साहेबले छाडि-दिनुहवस् भन्ने जवाफ दिया र येस मुलुकका मालिक तिमी-हरू हौ तिम्रा मुलुकका मानिस तिमीहरूले चिन्ह सक्तैनौ भनि कोहि पत्याउन्या छैन येस कुराको पुर्पछे नगर छाडि-दिन्छु भन्न म सक्तिन मलाई हान्याको भया म मरिजान्थ्या आज पुर्पछे गरिदेउ भन्दा हामि मानिस चिन्ह सक्तैनौ भन्ने जवाफ तिमिहरूले दियापछि गोर्षा...१...को वकीलि छु येस कुराको पुर्पछे भोट गोर्षा....१...जान्नन् भन्ने जवाफ दि आयां फेरि पनि मेरा घरतिर फर्कि तारो हान्न आया भने हुकुम बक्सिआयाबमोजिम गर्न्याछु औ राजा लामा र ४ काजिहरूले किकेषेम्बु सेठेकाजिको छोराका मुद्दाको कुरा पैले तिमिसंग गऱ्या भने मात्र तिमिले चिकेषेम्बु सैठेकाजिको छोरासंग तपाईहरूको तक्रार भएछ तक्रार भन्याको विरा-नासंग पो हुनुपर्छ घर आफसमा लडि काटाकाट गर्नु वढिया छैन भन्ने बेहोरा गरि मिल्छन् र तिमिलाइ धर्मपत्र गरि-दिन्छन् भने स्व बेहोरा गर्नु भन्ने हुकुम बक्सिआयाका बेहोरामा चिकेषेम्बुहरू अघि मरिसकिये सेठको छोरो काजिलाइ नेल हालि थुनिराख्याको थियो यिनलाइ पनि हिजआज ता मान्या भन्ने भित्रिसंछेप गल्वा गर्छन् जाहेर भयाको छैन येस कुराको तहकियात भयापछि विन्ति चढा-उन्याछु औ याहांको हालसुरथ कपतान चन्द्रमान कार्कि छेत्रि र सिम्बुमा बस्ने देवाधर्मको लामा इनिहरू केरुमा आयाछन् कैले भन्या दुकपाका मुलुकमा जान्छौं कैले भन्या अफिमका बेहोरामा ह्लासा जान्छौं घोडाषाल्मा चाहिन्छ

भन्या ठेगानका कुरा नगरि ताहिंबाट नेपालतर्फ फर्किगया ति कपतान ताहासंग आइ फर्किगयाको केन होला भनी सैंजु काजिले मसंग भन्या र ति कपतान केरूसंग आइ फर्किगयाको मुद्दा बेहोरा मलाई केहि थाहा छैन अफिमका महलका बेहोरामा मानिस पठाउँला भंने अघि हुकुम मॉजि भै आयाको थियो तसर्थ अफिमका बेहोरामा आयाका हुनन् कि भने जस्तो लाग्छ भन्ने मुखजवाफ दियाँ हिजअघि गोर्षा र दुकपा मिले भन्ने भित्रिसंछेप इनिहरूका मनमा थियो आज देवाधर्मको लामा लि दुकपाको देसतर्फ जान्छौं भन्दा भोट सरकारको मनमा निश्चै पर्न गयो हिजआज हजुरमा अर्जि र असल घोडा चढाई पठाउछौं भनि घोडा तलास गर्न लागिरहेछन् हिजआज ह्लासामा असल घोडा भने छैन र अम्बाहरूले आगे साललाई गोर्षा...१...का काजि मामुलित बुझाउन आउनलाई कसो हो भनि चिनमा साधनलाई अर्जिको मसौदा गर्न लागिरहेछन् साजसबेरमा चिनतर्फ रमना गरि पठाउन्याछन् ...४...का स्थानमा सिंगका च्यापुबाट पानि चुहेका बेहोरामा लडाइं रोग ठठ्ला भन्ने ठहरायाका छन् सो शान्ति निकरान् निमित्त दिनमा ५०।५० वांडा धर्म गर्छन् भोट सरकारबाट गाउँ गाउँका घट्टमा विस षाल गहूं दि तिस षाल सत्तु बुझिलिन्छन् फेरि वास्त पनि पिधांउन लागिरह्याछन् लडाइं भयो भन्या गोर्षातर्फ होला भन्ने संखा गरिरहेछन् यहांका भेमसेन जान्या लामाहरू सबैले यो समय घटिया छ लडाइं रोग ठूलो होला भन्छन् भन्ने गल्वा गर्छन् हिजआज ह्लासाको हालसुरथ येहिसंम छ पछि जो परिआउला बराबर विन्ति चढाइ पठाउन्या छु सेवक अनाथका अर्जिको बेहोराभा केहि बेहोरा घटबढ पर्‍याको होला क्षेमा करुणा राखिबक्स्याजावस् शुभमस्तु शुभम् ।

स्वस्ति श्री सर्वोपमानोपमेय शौर्योदार्यादि सकलसद्गुणगणालंकृतराजिराजितराजभारोद्धरणसामर्थ्य श्री श्री श्री श्री श्री मत् कमान्या इन चिफ जनरल साहब भीमसेन थापाजीक योग्येषु इतः बालांशकरस्य सहस्राशीर्वादपूर्वक पत्रमिदम् । अत्र कुशलं तत्र भवतां सर्वांगेपु कुशलं वांछामि । अग्रे वृत्तान्तम् । असी महीनै २ का हुवा । मेरा अर्जी सरकार के चरणमे नही पहोची । गरीव पर्वर मेरे । वन्दा अपनै छोटे भाइका शादी कर्नेके वास्ते पटियालेमे गया हुवा था । सो सरकारकै इकवालसे । वखूवी शादी कर्क दिल्लीसे हाजिर हुवा हुं । ज्येष्ठ वदि ४ रोजमे वैद्यराज राजकृष्णजी दिल्ली के डेरे दाखिल हवे । वारह रोज मुकाम किया । मगर दिल्लीमै नहीं आया । दिल्ली के वाहर वाग मै डेरा किया था । सो दिल्लीमे जो कामका बिल वनवानेकी थी उसका सरजाम कर्क ज्येष्ठ शुदि प्रतिपदा रोजमे दिल्लीसे कूच कर्क लाहौरको गया । आजतलक चिठी लाहौरसे कोइ आइ नही है । वास्ते यतिलाहके अरज रखता हुं । बन्दा सरकारकै चरणोसे बडो ताबिसका उमेदवार है जो कार खिजतम मेरै लायक हो यसो । सरकारसे आज्ञा होतीरहे । तो मेरै हक्कमे बेहेतर है पर्चा अखवारका मैंने अर्जीके साथ भेजाहै सो सरकारमे पहुचता है । सं. १८९३ द्वि आषाढ वदि १ रोज ३

अर्जीवाला शंकर ब्राह्मणकी

अर्जि... ... . उप्रान्त गरीवको साथमा रह्याका ढाक्न्याहरूमध्ये ७ पगरी हुद्दा र केही सीपाही सीलगढीमा थामी वाकी १५।१६ ढाक्न्या सीपाही साथमा ली अल्मोडा जान्या काम गरियो सोरको लेपनमा कपतान होम साहेबसंग भेट मुलाकात हुंदा भया पायाको खवर बिस्तार नेपालबाट जर्नेल साहेव बेलायेत जान्छन् मन्या छापा खवरमा लेषि आइरहेछ खवर निस्तुक हो कि भनी सोध्यो र दा...को येक वास्ता छ येस बेलामा जेहाज समुन्द्र बेलायेतको सयेरलाई जनरल साहेव बंवाहादुरको कुच हुन्छ भन्या खवर डोटीमा पनि छ हाल कुच भयाको छैन सयेरको वास्ता बेलायेत जानलाई वादसाहबाटको हुकुम पनि चाहियला कि भनी सोधनी गरियो र हुकुमको दर्कार छैन कलकताका बडा सट कलप साहेवबाट रपट लेषिजाला भेट भ्रष्टाचारलाई गयामा वादसाह बहुत खुस हुनन् भनि विस्तार गर्‍यो जाहेर होला बाँकी मुलुकी कामको लाठ गवरनर साहेब बेलायेतबाट हीड्याको छैन तजबीज हुंदैछ हाल गवरनरीको काममा सटकलप साहेव छन् जंगी कामका लाठ जनरल फ्रीन साहेव बेलायेतबाट आइपुग्या कलकतामा दाखिल छन् जगाजगामा रहयाका पल्टन कंपु कोटको सयर गर्दै चातुर्मासामा सिम्ल्या गै बस्न्या छन् दिल्लीमा फरेजं साहेव मान्यावापत फीरोजपुरको नवाफ र मार्न्या सिपाही करमषाई दुईलाई फासी भयो बाँकी

जैपुरको राजालाई कारिन्दाहरूले जहर दी मार्‍याको थियो राजाकी रानीसंगको भेट मुलाकातलाई मदराजमा रहन्या छोटा वडा २ साहेब गयाका रानीसंग भेट मुलाकात गरी फीर्दा दगा गरी भाला तरवार चलाई वडा साहेवको शिरमा तरवार लागी जीमीमा गिर्दा उनैका सहरवासी ब्राह्मनहरूले छिपाई वडा साहेबलाई बचाया छन् छोटा साहेव र साथका अर्दली नोकरचाकर समेत मारिया छन् येस कुरामा लाट साहेवबाट च्युव तक केही हुकुम दियाको छैन जो हुन्छ भनी येती खवर विस्तार कपतान होम साहेवले गर्‍यो सो जाहेर होला अब ४ मजलमा अलमोडा पुगिन्या छ पायासुन्याको काल्चापका खवर जाहेर गरी पठाउंदै रहुंला दर्दको अर्थ साथका ढाक्याहरूको समेत पालना हुन्या र गरीवको हुर्मत बचन्या पाठको निगाह राखी बक्सनु हुन्येछ.....

इत गरीव चतुर्भुज मल्लको सलाम
९२ साल मार्ग वदि १ गुरौ सोर रस्ता शुभम्.....

भत्यषाको भाई कास्मेरको सुवा हाजी अमीर जाकत षाँले काजी रणजोर थापालाई लेख्याका षतको नक्कलको तर्जमा.... ... ...

दोस्तीका चिह्नले युक्त भै दयावन्त भयाका यस्ता काजी रणजोर साहेवलाई ईश्वर कुशल राखुन उप्रान्त राजा साहेवका अर्जी पुग्दामा वादशाहबाट नजर गरिबक्सनु हुंदा राजा साहेवका गुणानुवाद प्रष्यात भै वादशाह खुसी हुन गयो औ अघिदेखिन् पनि राजा साहेवको धाक र दर्जा हजुरमा जाहेरै थियो मैले पनि राजा साहेवका तारीफ र सिफारत गर्‍या वादशाहबाट पनि षिलअतको हुकुम भयो तेसै विचमा पाहाडतिरका मोहिम आइपर्दा शत्रुलाई मार्नाका निमित्त वादशाह पाउलाग्नु भयो लडाईका तरखरमा लागिबक्सनुभयाको छ अब उप्रान्त जो अर्जी राजा साहेवका आवनान् ईश्वरका अनुग्रहले अर्जीका जवाफका संगमा षिलअत पठाइबक्सनुहुन्या छ आजकाल औ दसकतमा लागन्या षास छाप वादशाहका जेपमा रहन्छ उसै छापले सहित पठायाको छ जसमा वादशाहको ठूलो मेहरवानी हुन्छ तेसै छापले दसकत हुन्छ आपना मुलुकमा वादशाह जस्ता छन् लेषवतमा पनि शाह लेषिदो रहेछ वडा राजा रह्या छन् भनी मैले बिन्ति गर्‍याँ जोना जगामा दुबैतिरको दोस्ती हुन्छ लाल अक्षरले लेषि येही छाप लाग्छ ती वादशाह हुन् तसर्थ आपना प्रतितका मानिस ढिल नगरी पठाउनु उप्रान्त काल आपना बसमा रहोस् ... ...

धाक र पुरुषार्थले युक्त भै अमीर सर्दारी गर्नामा सामर्थ भयाका नाना प्रकारका फत्यहर यसको दर्वाजा येकस्व भावनाले सहित काजी रणजोरका उपर खुलदो रहोस्...

अर्जि... ... ...
उप्रान्त चैत्र शुदि ९ रोज ५ का दिन लेषियाको कृपापात्र वैशाख वदि १ रोज ४ का दिन आइपुग्यो अर्थ शिर चडायौं उप्रान्त पडरी पश्चिमका दिनबाट कर्णेललाई तिमीहरूले लेष्याको चिठी विजिनिस हाम्रा हजुर दाषिल भै सुरत जाहेर भयो मर्चवार गैरह हाम्रा कब्जाको जगा थामी साधसोध गर्न्या पाठका कुरा जसले गर्दा चाहिन्या कुरा गरी डेरा उठाउन्या काम बढियै गर्‍याछौ ताहाँदेखि स्युराजसंमको साध सोझ्याउंदा मर्चवार तालुक गैरह टेढो वाँगो भै कुना पस्न गयाको जगामा पनि अवादि वइरानी वरोबर भै आउंछ भन्या बढियै हो आफुबाट भन्या तालुकको तालुक बढिया जगा लिन्या उसले सट्टा दियाको जगा घटिया वइरान मात्र पार्न्या डबल गर्‍यो भन्या त्यो कवोल नगर्नु मिठा पाठले सवाल गरी अडी सो विस्तार कर्णेललाई लेषनु कर्णेलले हाम्रा हजुरमा विन्ति गरि पठाउला र गारनछेउ गर्न्या कुरा गरि लेषन्या कुरा लेषिजाला सोमाफिक गरौंला भनि मर्जि आयाका अर्थ बढिया मर्जि आयेछ तिनाउदेषि तजवीज गर्दै अर्रानदी संम पुग्याको र अर्रानदीदेषि सिवानवंदीको निशाना गर्दै वाण...१...संम आइपुग्याको स्युराज षजहनीको सिवाना रफा भयाको विस्तार हिजो रवाना भयाको अर्जी र कर्णेललाई लेष्याको चिठी विजिनिस पुगी जाहेर भयो होई दुई तालुकको सिवाना रफा भयाको डवलमा भन्या बढियै पाठ ली राषेछ बोल्याका कुरामा तफावत गर्ला भन्या जस्तो लाग्दैन पालपा वाँसीका राजागैरह उसतरफका मानिसले गर्‍याका कुरा पछि लागी बोल्याको धरान छाड्न यसो भन्या मर्जि आयाबमोजिम याहाँ अडी सुस्त्याई साधन्या काम गरौंला सरासर सिवाना हुन पाया ५।७ दिनमा सबै

रफा हुन्या थियो... २. मा रहन्या गोरा पल्टनको कप्तान डाँकमा आई सिकार खेलन लाग्दा जससमेत अलमलियो र २।४ दिनको विलंब हुन गयो तापनि यससित चर्को पार्न्या र सिवानामा वितलव पर्न्या काम हुवैन भन्या जस्तो लाग्छ यहाँ उप्रान्त जो होला सो विन्ति गरी पठाउंला अरू विस्तार कर्णेललाई लेष्याको चिठी विजिनिसले जाहेर होला सिक्षार्ती मेहेर हुदै रस्ता बढिया होला किमधिकं विज्ञ प्रभु चरणेषु मिति बैशाष वदि ३ रोज ६ मुकाम प्रगन्ना स्युषोर वाण...१...को तीर शुभम् .. ..

इत: सेवक प्रसादसिंह बस्न्यात शत्रुशाल शाहीकस्य कोटी कुर्णेस बंदगी सलाम सलाम सलाम

शुभचिन्तक गणपति उपाध्याकस्य वेदोक्त शुभ आशीर्वाद सहस्रम्... ... ...

स्वस्ति श्री सर्वोपमाजोग्येत्यादि राजभार सामर्थ चिरंजीव श्री भीमसेत थापा चिरंजीव श्री रणध्वज थापा के इत: श्री अमरसिंह थापाकस्य शुभाशीकपूर्वक पत्रमिदं यहाँ कुशल ताहाँ कुशल चाहिये पत्र आयो अर्थ मालुम भयो आगे यहाँको समाचार भलो छ उप्रान्त चैत्र शुदि १५ का दिन लेष्याको चिठी बैशाष वदि ३ का दिन आइपुग्यो जगतलालका नोगाइले मनिराजलाई लेष्यामा मिल्दै पाठ बुझिन्छ अंरेजको काजमा डिलाउन्या स्वभाव पनि होइन अब...पनि बुटवल पुग्नु भयो हो मिलन्या नमिलन्या सबै कुराको थाहा होला अमिनले भेट गर्न इच्छा राष्यो भन्या हुंकुमबमोजिम भेट गर्न र मुलुकको चर्चा गर्न्या जात छ सुघरैसित छचल्काउन नपाउन्या पाठ गर्न हुन्या छ भनी लेंष्याछौ विस्तार बुझ्याँ जगतलाल अंरेजको पेट नपायाको भया पनि मुन्सीको बुझ पाई होला कि भन्या जस्तो जाग्छ अंब र...पनि पावलाग्नुभयो जानकार कागजपत्र पनि यांहाँका तयार गर्न्येको छ प्युठानाका मधेसका मनिराजले ठिकाई आवैनन् भनी...को चिठी लेषि मानिस हात्तीसमेत पठायाको ३।४ दिन भयो अबका १।२ दिनमा आइपुग्नन् यो र स्युराजको सिवाना रफा भयाको दोहरै लेषपन्ह भै छाप सहि लाग्याका कागत मनिराजले लेष्ता...थैं पठाइ दियाथ्याँ उ कागत नपुगी...बाट लेषि पठाउनु भयेछ हिजै पुग्यो हो मुलुकको चर्चा गर्न्या जात छ अमीनले भेट गर्न इच्छा राष्यो भन्या हुकुमबमोजिम भेट गर्न जानैहुन्या छ भनि लेष्याका अर्थलाई जोग्य हो यसले लडाई मारी लियाको मुलुक थोरै छ धेरै मानिससित मिली पैसा प्वाई मुषले मिठ्यासै राषी अम्वल गर्न्याको छ हुनकन भन्या यो अनविश्वासी जात छ भेट गर्नका कुरा भनी पठायाको पनि अमीनसंग भेट भै कुरा कहानी केही नहुंदा जर्नेलसित भेट नगरी इन्का हात हुन्या रहेनछ भन्या बुझी भेट गर्न षोज्याको हो अब र.....पावलाग्नुभयो चिठीको प्रतिउत्तरमा पनि बढियै श्रेष्टाचार लेषिपठायाको हो चिठी हेरी षुसी भय छ.....आवनुभयो कामलाई देरी हैन चाँडै होला हाम्रो बहुत तरहसित सलाम लाइदिया भनी नागर द्वान्या र प्रतिमन राना हात भनि पठायेछ अब भेट गर्नाको कुरा गरेन कदाचित् गर्न्यो भन्या पनि.....लाई लेष्याको छ मिठासै पाठसित बुझाउनुहोला.....बाट हाल रोवकारी गर्दा मुन्सी मुसुद्धि गैन्हालाई थोरबहुत दी इजहारको सुर वाधनु पर्ला कसबाट ली काम लाउं भनी लेषनु भयाको रहेछ याहाँ ६९ सालको आंदानीले कम्पनीको तनुष्वाह भर्ना गर्न पनि नपुग्दा हजुरमा बक्साई तिमीहरूलाई लेषी १ कम्पनी षारीज गर्न्याको हो काजको सुर हेरी अरू १ कम्पनी षारीज नभया निर्वाह चलन्या छैन ७० सालको पजनी भन्या भयाको छैन नगरूंज्याका सलामी मध्ये हजार रूपैयाँको पैसाठी जो आज आयाका छन् यसै मध्ये...बाट मागिपठाउनुभयमाफिक देउ भन्या मेरा नाउंमा चाहियाको जर्नेलथैं मागिलेउ भन्या...लाई मोहर आया बढिया होला ज्यादा के लेषौं विस्तार...का अर्जी चिठीले बुझौला किमधिकं मिति बैसाष वदि ६ रोज ४ मुकाम पालपा श्री नगर शुभम्.....

विन्तिपत्र .....

उप्रान्त श्री बुवाज्यू नापीका मुद्दामा मलाई लेषिबक्स्याको चिठी पालपाबाट ठाडातर्फ आउन्या बेलामा आयाको हुनाले केही दिन पहुच लेषनालाई ढिला भयाको यियो पछि सोही वेहोरामा सुव्वा धर्मदत्त उपाध्याका नाउंमा लेषि आउंदा मेरा चिठीको पहुंच र सुव्वाको चिठी येकै मितिमा चलान भै गयाको हो पहुच नलेष्यावापत तिमीलाई जरिवाना

भयो भनी सुव्वालाई जरिवाना भै आउदा मैले लेष्याको चिठी पनि हजुरमा पुगेनछ कि भन्या संदेह लाग्यो मैले यहाँबाट चाहिन्या कुराको निक्सारीपैसारीको धेरै कुरा विन्ति चढाई पठायाँथ्याँ यौटा कुरा पनि निकासी भै आयेन चिठी नपुगी हो कि फुर्सत नभै हो अरू अरू चिठी पनि पुगेनछन् कि भन्या संधेह लागिरहेछ मैले अघि चढाई पठायाका पहुचको मसौदाको नकल यही चिठीमा षामी चढाई पठायाको छु नजर भै जाहेर होला नापीका सुद्दामा अमला चौधरी जिमिदारहरूलाई शिक्षाबमोजिम सोद्धा चौधरी जिमिदारहरूले रिपोट दिया र सो रिपोटको नक्कल येही चिठीमा षामी चढाई पठायाको छु नजर भै जसमाफिक गर्नुपर्न्या हो सिक्ष्या बक्स्या सोमाफिकको सवाल चढाइ पठाउंदा हुं आज आयाको षवर फिलस्तले जाहेर होला ज्यादातर्फमा तलमाथि पर्‍याको माफ बक्सि सिक्षा मेहेर हुंदै रस्ताजावस् विज्ञचरणेषु किमधिकम् .....

इतः श्री मद्राजकुमार कुमारात्मज श्री लेफटेन कर्णेल ललितजंग वहादुर राणाको कोटि कोटि साष्टांग दण्डवत् सेवा सहस्रम् शुभम्... ... .

श्री ५ सरकार
२

श्री ३ महाराज
१

अर्जि ... ...
उप्रान्त गरिप्रवर करुणानिधान हजुरबाट लेषिबक्स्याको बडापत्र र कबुलियत अडामा आईपुग्यो भन्या षवर मात्र सुनियो...१...बाट लकडि लिन्या माहाजन र कागतपत्र ली हाम्रा सवारीमा चाडो आउन्या काम गर भन्या बेहोराको लेषिबक्स्याका वडापत्र आइपुग्दा सो लकडी विक्री गर्नालाई कागतपत्र माहाजनसमेत...१...का सवारी थपर-घट्टासंम आयाको हुनाले हजुरबाट लेषीबक्स्याका बडापत्र र कबुलियत म भयाका ठाउंमा आइपुगेन तापनि हजुरबाट बक्स्याका कामदार कारिन्दा ली सुभचिन्तकका बुद्धिले भेटेसंमको कामकाज गर्नामा मेरो मंजुर छ कचहरीमा पुग्यापछि सो कबुलियतमा सहिछाप गरी हजुरमा चढाइ पठाउन्या काम गरुंला गरीप्रवर दैवीसम्म केहि चलने छैन हाम्रा दमले ढाकेसम्म हजुरबाट बक्स्याका मद्दतले पुगेसंम...१...को निमक संझी भरमगदुर गर्नेछु जो मर्जी...

शुभचिन्तक कपतान जीवनाथ पाध्याको चतुर्वेदोक्त शुभ आशीर्वाद स्वस्ति सतं सहस्रम्... ... ...

श्री जवरजंग
१

श्री जलेश्वर
२

अर्जि ... .
उप्रान्त महाराज करुणानिधान प्रभू मेजर कपतान दशरथसिलाई पत्रि नेल ठोकी ल्याउनु भनी...१... पल्टनका हुद्दा सिपाही आउँदा निज मेजर कपतान फेला नपर्दा चौरिया र दरभंगातर्फ ...२... अमिनिका सिपाही ठाउँठाउँमा पठाइराख्याको छु सिपाही आयापछि जस्तो षवर आउला आफ्ना पानीमा भेट्या सनदवमोजिम नेल ठोकी चलान गर्न्या र मोगलानाको पता लाग्यो भन्या सोमाफिक विन्ति चढाइपठाउन्या काम गरुंला भन्या मुद्दाको श्रावण शुदि १४ रोज ६ मा चह्राइ पठायाका अर्जिपत्रले जाहेर भयो हो हाल र दरभंगातर्फ जान्या सिपाही नआउँदा क्यान आयेन भनि फेरि सिपाही १ पठायाको थियो अघि जाने सिपाही उहिं बसी पछि जाने सिपाही फर्कि आउँदा निज सिपाहीका हात मजकुर मेजर कपतान दशरथसिले भाद्र बदि ७ रोज ७ मा मेरा नाउंमा लेख्याको चिठिको नकल यही अर्जिपत्रमा षामी चह्रायाको छु जाहेर होला मोगलानामा धरपकर गर्न नहुन्या हुंदा अघि गयाको सिपाही निजका साथैमा छ ५।७ दिनभित्र निज मेजर कपतान दशरथसि आया भन्या चलान गरी पठाउन्या छु आयेनन् भन्या सोमाफिक विन्ति जाहेर गरी पठाउन्या काम गरुंला निज मेजर कपतान दशरथसि मोगलानाको बाटो बरेवा निस्कन्या गरी जान्छन् कि भनी संकाले ताहाँबाट आयाका पल्टनियांहरू भाद्र वदि ८ रोज १ का दिन याहाँबाट कल्यातर्फ गया पल्टनिया हिड्याका भोलिपल्ट निज मेजर कपतानको चिठी यहाँ आउंदा जाहेर गरी पठायाको छ जो हुकुम लेख्दा हरफको उचनीच भूलचूक क्षमा रही गातका कुसल मंगलसहित सिक्षार्ति करुणा भया सिर चह्राइ काम गरुंला विज्ञ वर प्रभु चरणारविन्दयुगलेषु किमधिकम् ... ...

अजि ... ...
उप्रान्त गरिपरवर करुणानिधान प्रभु हजुरका गातका कुशल मंगलले मेरो प्रतिपाल उद्धार होला लेफटेन दिजमान घर्ति क्षेत्रीसंग लेफटेन तेजमानसिं थापा क्षेत्रीले लिना सामा कंपनी रु. १२०० छन् भन्या मुद्दामा इजहार टक्सारमा चढायाको छ तिम्रा मानिसलाई ताकिति गरी जहाँ छ पत्री कायम छ भन्या साउं सुतसमेत उठाइ यहाँ पठाइदिनु उजुर गर्छ भने निज लेफटेनलाई याहां पठाइदिनु भन्या मुद्दाको रुक्का दस्कत र हजुरबाट पठाइबक्स्याको वडापत्र आषाढ शुदि ८ रोज ५ मा दर्शन पाउन्या मात्र चौरियामा सिपाही पठायां पक्रियापछि अदालतमार्फत पठाइबक्स्याका रुक्का दस्कत बाची सुनाई रुपैया दिया भन्या रुपैया र निज लेफटेनलाई सिपाही साथ लगाई अदालत टक्सारमा पठाइदी हजुरमा जाहेर गरी पठाउला भन्या मुद्दाको श्रावण बदि ५ रोज ३ मा अर्जिपत्र चढाई पठायाकोले जाहेर भयो हो हाल निज लेफटेन दिजमान घर्ति क्षेत्री चौरिया रह्याका छन् र सिपाहीले पत्री ल्याई सो रुक्का दस्कत बाची सुनाउदा म रुपैया दिन्या होइन मेरो उजुर छ येति २ मैन्हा वर्षा थामि-दिनुहवस् र वाहांपछि नेपालमा गै फसेला गरुंला भन्थ्या मैले रुक्का बडापत्र आयाकामा तिमिले रुपैया नदियापछि हामी थामन सक्तैनौ नेपाल जाउ भनी सिपाही जगविरलाई निज लेफटेनका प्यादा लगाई आज जलेश्वरबाट चलान गरी पठायाको छु अदालत टक्कारमा दाषिल भयापछि सुब्बा रामनाथ उप्रेतिले जाहेर गर्न्याछन् ज्यादा गातका कुशल मंगलसहितको सिक्षार्ति करुणा वक्स भया सोबमो-जिम गर्दाहुं विज्ञवर चरणारविन्दयुगलेषु किमधिकम् ... ...

श्री ५ सर्कार
१

श्री ५ चीनवादशाह
२

अजि ... ...
उप्रान्त करुणानिधान मार्ग शुदि १५ रोजसौ लगायत पौष शुदि १५ रोजतक मैन्हा १ को स्याहा रुपोट षडा गरी येस अर्जिका संग चढाई पठायाको छु दाषिल होला यहाँका अम्बा-हरूबाट गोर्षाका काजि सौ ात ली आगे साल्मा चीनतर्फ आउन्या पालो हो विच बाटामा सडाइं सडाइं क्या छ कसो छ क्या हुकुम हुन्छ भनी ...२... का हजुरमा साधिपठायाको फाल्गुन मैन्हाभरमा सो जवाफ आउला भन्छन् भनी अधि विन्ति चढायाको हो सो बेहोरामा बीच बाटामा झगडा लडाइं केहि छैन गोर्षाका काजि आउनु हुन्छ भनी....२... बाट हुकुम भै आयो यो कुरा अम्बाहरूबाट बाहिरफेरा जाहेर भयाको छैन भन्ने भित्री संक्षेप गल्वा गर्छन् औ हिजआज याहाँ ह्लासामा सांषै गुम्बाको लामालाई र अन्त गुम्बाका बडा बडा जान्ने लामाहरूलाई भोट सर्कारबाट झिकाई अनेक तरहको यज्ञ धर्म गर्छन् हातहतियार बन्दुक पनि होम गरी पोलन्या वनात सिठन कपरा चावल गहुं जौ तिल अरू जरिबुटीहरू र अंग्रेजको र गोर्षाली चिनियाहरूको मुर्ति बनाई यस्ता तरहसंग होम गरि पोल्न्या बाहिरफेरा भने रोगव्याध नआवस् सान्त हवस् भन्ने धर्म गर्‍याको हो भन्छन् भित्रि संक्षेप भन्या लडाइं साम्मे हवस् वैरी हुटोस् भन्ने बेहोराको यज्ञधर्म गर्‍याको हो भन्छन् यो कुरो तहकियात हो हुकपातर्फ पनि फेरि झगडा उठ्न लाग्यो भन्छन् अधि मर्न्या डुकपाको काजि पुनवा भन्नेका भाईछोरा र अरू मतियारहरू मिली हिजआजको प्याङसुपुला भन्ने काजिसंग लडाई गर्न्या मतलव गरी पुनवा भन्नेतर्फका र प्याङसुपुला-पट्टिका डुकपाहरू यहां ह्लासामा बेपार गरी बस्याका थिया अधि मर्न्या डुकपाहरू सबै ह्लासाबाट डुकपातर्फ गया प्याङ-सुपुलापट्टिका मात्र ह्लासामा छन् अबउप्रान्त भैबुं साहा गन्धे गुम्वागुम्वाका वांडा गैहुले रकसि जाँड नषानु स्वास्नीको संगम नगर्नु धन धेरै हुन्याले जम्मा गरी नराख्नु वांडाहरूलाई चिया षुवाउनु धर्म गर्नु आफ्ना आफ्ना गुम्बामा बसि ध्यान पुजा पाठ गर्नु भन्ने बेहोराको सवाल भोट सर्कारबाट लेषि ह्लासा सहरका टोल टोलमा टांस्या औ गोर्षा...१...को अफिम गैहु माल असवाफ यहाँ धेरै रहयाको छ तपाइहरूका मुलुकमा भने आपसमा पनि बीच बीचमा अनेक तरहको झगडा उठन्या भयापछि गोर्षा ...१... को माल वितवल पर्ला तसर्थ यो माल चोरि भै वितवल पर्न्या छैन हामी जिम्मा लिन सक्तैनौ भन्छौ भन्या यो अफिम गैहु माल षाल्मा घोडा लगाई सेवानासम्म पुर्‍याई देउ भनी ४ काजिहरूसंग कुरो गर्दा चोरि हुन्या छैन भनी हामी जिम्मा लिन सक्तैनौ भोट मुलुकका मालिक लामा गुरु हुन् उनको पनि चोरि हुन्छ बरु भोट सर्कारमा बिन्ति पारी लमि झिकाई त्यो माल सेवानासम्म पुर्‍याउन्या काम हामी गरौंला भन्ने जवाफ काजिहरूले अधि दिदा सो बेहोराको अर्जि

अघि हजुरमा बिन्ति चढायाको थियाँ हिजआज फेरि कास्यालमा म गै १२ सालमा १० मुद्दाको अहद भै गोर्षा..,१... का वकिल ह्लासामा बस्नु कोठि पनि राख्नु भन्ने भयाको हो आज र गोर्षा...१... को माल गैह्र हामी जिम्मा लिन सक्तैनौ भनि तपाईहरूले भन्यापछि मेरा जियको जिम्मा लिन सक्छौ कि वक्तैनौ जिम्मा लिन सक्छौ भन्या म पनि बस्याकै छु बस्नेछु सक्तैनौ भन्छौ भन्या सो माल र मलाई सेवानासम्म पुऱ्याइदेउ म जान्छु भन्ने कुरा मैले गर्दा तपाईलाई कसैले दगा गर्न लाग्यो र तेसो भन्नुभयो माल अफिस घनमा चोर लाग्छन् ज्यूमा चोर लाग्दैनन् अघि भयाका अहदबमोजिम तपाईका जियको जिम्मा भोट सर्कारबाट अघिदेषि आजतक जिम्मा लियाकै छ केहि हुन्या छैन भन्या र मेरा घरमा आई घरका भित्तामा तारो थापी हान्दा घरका भित्तामा तारो थापि नहान मानिसलाई गोलि लागला भन्न जाँदा गोलि भयाको बन्दुक मतिर फर्काई हान्न लाग्दा सो बन्दुक हाम्रा मानिसले षोस्न लाग्दा याहांसम्म भयाको बेहोराको पनि पुर्पछे पाइन अरु पनि म बस्याको घरवरिपरि आई गोली हाली भन्याको बन्दुक हान्दैछन् तपाईहरूका पनि बिचबिचमा झगडा लडाई उठ्तैछ तिमीहरूतर्फका दुस्मन कसैका मनमा कुमति उठी यो वकिल कपतानलाई चोरि दगा गरि मारिदिउं र वाहांपछि गोर्षाको र भोटको ठूलो लडाइ होला भन्ने कोहि दुस्मनले तेसो गरे भने कसो होला भन्दा यो कुरा ता बढिया भन्नुभयो मानिसको मत यसै हो भन्न सकिदैन यो ठूलो कुरो हो लामा गुरु राजा लामा भोट सर्कारका भारदार अम्बाहरू ई सबैसित भनी सल्लाहा गरी तपाईको चित्त बुझ्न्या र नबिग्रन्या बेहोरा हामी गरौला अैले हामी ४ काजिहरूले मात्र जवाफ दिन सक्तैनौ भनी राख्याछन् येस कुराको जवाफ पछि क्या दिन्छन् सो बुझी पछि बिन्ति चढाउला हिजआज यहाँको हालसुरथ यहिसम्म छ पछि जो परिआउला बिन्ति चढाउला सेवकका अर्जिका बेहोरामा घटवड पऱ्याको होला क्षेमा करुणा राषिवक्स्याजावस् शुभमस्तु शुभम् .....

प्रताप मल्लका पालाका पाँच अभिलेख

जगदीशचन्द्र रेग्मी

कान्तिपुरका राजा लक्ष्मीनरसिंह मल्लका माहिला छोरा प्रताप मल्ल ई. १६२३ मा जन्मेका हुन् । ई. १६३७ तिर चौध वर्षको हुँदा नहुँदा उनको राजनैतिक महत्व बढ्दै जान थालेको थियो । अनि १८–१९ वर्षको उमेरमा ई. १६४१ मा उनले शासन गर्न थालेका थिए । उनले ई. १६७४ सम्म जम्मा ३३ वर्ष शासन चलाएका थिए । मध्य र मल्लकालीन नेपाली इतिहासमा यति लामो अवधिसम्म शासन गर्ने राजा भएका थिएनन् । प्रताप मल्लको शासन-कालको अर्को महत्वपूर्ण कुरा त्यस अवधिभरि काठमाडौं उपत्यकाभरि (र अरू ठाउँमा पनि) राजनैतिक र सांस्कृतिक जगजगी बढिरहेको देखिन्छ । यस कुराको अर्थ यस तथ्यबाट पनि प्रस्टिन्छ कि उनका आफ्ने र उनका पालाका गरी असीभन्दा बढी शिलालेख आजसम्म अनेक रूपमा थाहा पाइएका छन् र प्रकाशित भएका छन् ।

यस छोटो लेखको शीर्षकअनुसार कुराकानी गर्नुअघि प्रताप मल्लसम्बन्धी दुइटा कुराको चर्चा गर्न थाल्दछु । पहिलो कुरा त उनको साहित्यिक रचनाको जीवन्त रूपको विषयमा छ । सं. २०२६ मा पुराना पाण्डुलिपिहरू पाइने लोभमा भौंतारिंदा चाबेलका आपना परिचित पुराना सूजीकार वीरबलबाट एउटा पुरानो कापी भेटिएको थियो । त्यस कापीमा अनेक बौद्ध स्तोत्रहरू सारिएका थिए । ती स्तोत्रमध्ये एउटा चाहिं प्रताप मल्लको थियो । त्यो स्तोत्र सिम्भूमा रहेको नेपाल संवत् ७७७ को शिलालेखबाट सारिएको रहेछ । जे होस् प्रताप मल्लको रचनालाई सारेर स्तोत्र-साहित्यमा ठाउँ दिइराखिएको यस साक्षीबाट ती राजाको दिगो मानिता रहेको कुराको झल्को देखिएको छ ।

मैले चर्चिन खोजेको अर्को कुरो हो प्रताप मल्लको नाउँ जोडिएको एउटा हिन्दी मिसिएको नेवारी गीत । यो गीत काष्ठमण्डपनिवासी प्रसिद्ध वैद्य श्री गोपालज्यूको भयानक संग्रहबाट पाइएको हो । यो गीतको सिरपुछार तल सारिएबमोजिम छः–

राग पहडिया ।। जति वाधा ।।
सप्त धनि नजिनि हेरो सुन्दर उधिया चाहे
पासप दतसि(?)निर वहेनो मारिनिच्छया निद्रायजा ।
हाथे तोभे गोरति सुन्दर वखान अपवे चनते
अंगुच्छा पहिरि सुन्दर ।
ध्यान माता रोवरस ।।
राग पहडिया । गण्डलताले । इत्यादि ।

त्यसको पुछारमा लेखिएको छः–

प्रतापमल्लन सेया थ्वया अनुमान
च्छवि नूत भलेने जो अमृत मोडन् ।।

यस लेखको साथमा प्रताप मल्लका पालाका पाँच अभिलेख प्रस्तुत गरिएका छन् । २०२२ सालमा यी अभिलखहरू पढेर राखिएका थिए, तर तिनको प्रकाशन गर्ने उचित औसर पाउन सकिएको थिएन । यी पाँच अभिलेखहरूमध्ये पहिलो चाहिं नेपाल संवत् ७७३ को हो । यो अभिलेखको एक भाग मात्रैको प्रकाशन श्री शंकरमान राजवंशीले हाल-सालै प्रकाशित भएको कान्तिपुर–अभिलेख–सूची★ (पृ. ७६) मा प्रकाशित गर्नुभएको छ । दोस्रो अभिलेख चाहिं यसिंगालको हो र यसको एक भागको प्रकाशन पनि राजवंशीज्यूले (ऐजन, पृ. ६९) मा गर्नुभएको छ । उहाँले यस अभिलेखको मिति नेपाल संवत् ७६७ पढ्नुभएको छ, मैले चाहिं ७७७ पढेको छु । यस लेखको पुछारमा तेस्रो

★ "पुरातत्व प्रकाशन माला" अन्तर्गत पुरातत्व विभाग (राष्ट्रिय अभिलेखालय) द्वारा प्रकाशित ।

संख्यामा राखिएको अभिलेखको पनि केही भाग छापिएको छ (ऐजन, पृ. ८४–८५) । यस अभिलेखको ऐतिहासिक महत्त्वबारे यस परिचयपछि विचार गरिनेछ । चौथो र पाँचौं संख्याका अभिलेख चाहिँ अप्रकाशित ठानेको छु । अब अरू कुरा भन्नुअघि यौटा कुरा भन्न चाहन्छु–प्रतापमल्ल र उनका पालाका गरी आजसम्म ९० भन्दा बढी शिलालेख र अभिलेख पाइएका छन् । एउटै राजाको नाउँमा यत्तिका अभिलेख संसारमा कुनै राजाको पाइएको छैन जस्तो लाग्दछ ।[1] अभिलेखबाहेक प्रताप मल्लका टंक पनि यत्तिकै पाइएका छन् ।

यस छोटो लेखको पुछारमा राखिएको तेस्रो संख्याको अभिलेखको ऐतिहासिक महत्त्व रहेको कुरा माथिनै चर्चा गरियो । त्यहाँ त्यसो भन्नाको एउटै कारण त्यस शिलालेखका थालनीमा अत्ति राम्रा श्लोक लेखिएकोले हो ।

यस शिलालेखको पहिलो श्लोकको रूप हेरौं जसमा गणेशको स्तुति गरिएको छः–

दुर्गोत्तुंगस्तनतटगलद्दृग्यमृग्याशयो यः
क्रीडालोलत्करतलयुगेशानक्लेशापहारी ।
ग्रस्यत्कैशात्तिदशतटिनी नीरसंसिक्तदेहः
फूत्कोराप्तः करिपतिमुखः पातु युष्मान् गणेशः ।

प्रताप मल्लको उपाधि 'कवीन्द्र' अनुसार उनले थाप्न लगाएका अनेकन् अभिलेखमा अजङ–अजङका श्लोकहरू, स्तोत्रहरू लेखिएका छन्, तर तिनमा जुन किसिमको कृत्रिमता देखिन्छ त्यसको तुलनामा यो यौटै श्लोकलाई अघि सारे ज्यादा बित्यास परोइन भन्ने ठानेको छु । यस श्लोकलाई उछिन्ने यस शिलालेखको दोस्रो श्लोक छ जो तल सारिएबमोजिम छः–

नेपालमण्डलमनोहरमण्डना या
श्रीमत्पुरी पशुपतेः पशुपाशहर्त्तुः ।
श्रीवाग्मती सुरधुनीव धुनोति पापं
यत्रास्तु (?) सा सकलमंगलदा नराणाम् ।।

यो श्लोकको तुलनात्मक अध्ययनका लागि मल्लकालका सयौं अभिलेखहरूको ठेली अघि सार्नुपर्ने हुंदा र यो श्लोकलाई पाठकसामु राख्ने हतपतले गर्दा व्यक्तिगत ढिपीलेनै ऐतिहासिक महत्त्वको छ भनी पग्छिन चाहन्छु । तर, त्यस श्लोकको थालनीका दुइ हरफको भनाइ देउपाटनको तारीफ गर्नु हो । तैपनि त्यसमा देउपाटनको साइनो नेपाल र भगवान् पशुपतिसँग यति सजिलोसंग जोरिएको छ । अभिव्यक्तिको यो सरलतालाई अक्षरहरू खियाई-खियाई जबर्जस्ती गर्नुसाटो मनमनै गम्नु बेश छ । प्रताप मल्लले लेखेका सयौं श्लोकलाई यसले उछिनेको छ भनेर फेरि पनि भन्दछु । यति राम्ररी नेपालको उल्लेख प्रताप मल्लले समेत गर्न सकेका छैनन् । अनि श्लोकका बाँकी दुइ हरफमा वाग्मती नदीलाई आकाशगंगा (स्वर्गङ्गा) संग दाँजिएको छ, अनि तिनले मानिसहरूलाई भएभरिका असल (मंगल) कुरा दिने गर्छिन् भनेर तिनको तारीफ गरिएको छ ।

प्रताप मल्लले आफ्नै तारीफ गर्न जति वर्ष (बीसौं वर्ष ?) र जति ढुंगा खियाए त्यसको साटो यस अभिलेखको यौटै श्लोकले उनको हुनसम्मन्को बयान गरी मिति पुऱ्याइदिएको छ । मिति पुऱ्याएको छ छैन तपाईंनै हेर्नोस्:–

नानार्थशास्त्रसकलार्थकलाकलापी
श्रीमत्प्रतापनृपतिर्द्धरणी कवीन्द्रः ।
सम्यक् प्रशासतितरां विनयेन नीत्या
प्रीत्या प्रजाः किल यदा स्वसुतानिवोपि ।।

पशुपतिमन्दिरका भंडारी सुधुरीदासले मरेका आफ्ना छोरा विश्वनाथदासको नाउँमा गणेशमूर्तिको जीर्णोद्धार (?) गरेको सम्झनामा थापिएको यो अभिलेखका श्लोकका लेखक को हुन् यस प्रश्नको जवाफ त्यसमा लेखिएको छैन । मरेका

१. यस लेखसाथै प्रताप मल्ल र उनका पालाका प्रकाशित शिलालेख र अभिलेखको विवरणसमेत प्रस्तुत गर्ने इच्छा गरिएको थियो । केही कारणवश त्यसलाई अहिले प्रस्तुत गर्न सकिएन । त्यसको विवरण समग्र भएपछि विद्वान्हरूसमक्ष प्रस्तुत गर्नेछु ।

छोराको सम्झनामा आफैं सुषुरीदासको भावना जागेको पो हो कि ? कसले भन्न सक्ने ? ३१४ वर्षअघिको कुरो ।

शिलालेख संख्या-१

चाबेल स्तूप

चाबेल स्तूपको गर्भमुन्तिर लहरै राखिएकामध्येको यो शिलालेख हो । यो अभिलेख दुइ फीट चार इन्ची जति अग्लो र दस इन्ची जति चौडा ढुंगामा लेखिएको छ । सिरानमा बीचमा चैत्य र त्यसको दाहिने-देब्रे चन्द्रमा र सूर्यका चित्र कोरिएका छन् । यसमा संवत्-७७३ (ई. १६५३) लेखिएको छ ।

अभिलेख

१. ॐ नमः श्रीवज्रधातवे ।। नम... ...श्रीपरमादिरूपिणे ... ...
२... ...मूर्त्तये ध्यानकन...पदार्थकारिणे ... स्तुतस्य श्री
३. वज्रधातवे ।। ।। सम्वत ७७३ वैशाषमासे शुक्लपक्षे
४. तृतीयाया तिथौ मृगशिरनक्षत्रे शुद्धियोगे यथाकरण मु-
५. (हु) त्रे वुद्धवासरे मेषराशिगते सवितरि वु (वृ) षराशिगते चन्द्रम-
६. सि थवदिन कुन्हु श्री ३ वजधातु चैत्य जीर्णोद्धारण याङा व अ-
७. होरात्र जज्ञ अग्निस्थापन याङादिन जुरो ।। सम्वत् ७७३
८. वैशाषमासे शुक्लपक्षे चतुर्थि प्र पंचम्या तिथौ आद्रा नक्षत्रे
९. धृतियोगे यथाकरणमुहूर्त्ते वृहस्पति वासरे मेषराशिगते स-
१०. वितरि मिथुनराशिगते चन्द्रमसि थवदिन कन्हु अहोरात्र जज्ञ
११. दशकर्म्म संपूर्णा दिन जुरो राजाधिराज श्री २ प्रताप मल्लदेव-
१२. स्य विजयराज्ये देवपट्टनस्थाने पचप्रमान अभिसिह पि-
१३. राग सूर्जसिह क्रियाकर्त्ताया कयं... मस...वाहार वजाचा-
१४. र्य्य ज्ञानचन्द्र उपाध्या सिक्वमगुडि वजाचार्य्य श्रीजिनदेव क-
१५. र्म्माचार्य्य मवश्रेवाहार वजाचार्य्य श्रीमणिपार थकारिण
१६. ..... श्रीजरख दानप्रति श्रीदेवपत्तन महानगरे इन्द्रराच्छे
१७. त्वर मंदुच्छे महाधिवासिन शाक्यभिक्षु श्रीजितपार प्रथमभार्य्या रम-
१८. णा द्वितियभार्य्या जयवा प्रथमपुत्र जिवचन्द्र द्वितियपुत्र देव ति-
१९. तिय पुत्र जिनिदेव चतुर्थपुत्र गुणपार पचमपुत्र गुणचन्द्र ष-
२०. ष्टमपुत्र मध्यदेव जिवचन्द्रस्य भार्य्या पुंदरीका चितायाक चा-
२१. वहिरिया शाक्यभिक्षु श्री गुणज्योतिषया रगण हिति यंता शा-
२२. क्यभिक्षु श्रीजयराज शाक्यभिक्षु श्रीधर्म्म गोरो देवर त्वार दगु
२३. ..... धर्सकीर्त्तिन गुरु भारा भच्छ...यात दयके मारक्य दोहोर यागे
२४. ... दवर त्वार दं धर्म्मकीत्तु... वादित्व ...कासिराम थुति
२५. चितायाक जुरो ।। भाखा ।। शाक्यभिक्षु श्रीजितपारभ ध्व श्री ३...
२६. त धातुचैत्य वुसाधनयात मावातु धि वु ख १ दोहोरपा जुरो

२७. दंगुरि चन्द्रकीर्तन मोहोर टंका ५ दोहोरपा जुरो ।। थ्वया
२८. वरसान दंसच्छपार वुसाधनयायमार जुरो ।। थुति पुण्यन
२९. जजमानानां आयु आरोग्य जनधन सतान वृद्धिरस्तु परत्र मोक्ष–
३०. राभा भवतु ।। शुभ दानपति चंद्रकीत्तन... ...
३१. तोया जुरो वुसाधन कुन्हु दंसच्छयात... हुरङ–
३२. च्छायमार दानपति जिनपारन वुसाधन सजा–
३३. कि फं नह्य जायुच्छिच्छापमार जुरो ।। चितायाक
३४. जयसिंह भारो ।। शुभ मंगलं भवन्तु ।। शुभं

शिलालेख संख्या–२

सिम्भूडाँडोको उत्तरछेउ चौर

सिम्भूडाँडोको उत्तरपट्टिको फेदीमा चौरमा रहेको १ हात १ बित्ता जति अग्लो र मुडिहात चौडा ढुंगाको फलेकमा यो अभिलेख लेखिएको छ । अभिलेख लेखिएको भाग चाहिँ ७ अम्मल जति छ । फलेकको सिरानमा स्तूप, चन्द्रमा र सूर्यको चित्र कोरिएको छ । अभिलेखमुन्तिर बाच्छालाई दूध चुसाइरहेकी गाईको चित्र कोरिएको छ । यसमा संवत् ७७७ (ई. १६५७) लेखिएको छ ।

अभिलेख

१. ॐ शुभ ।। श्री श्री जयप्रताप मल्लदेव प्रभु थाकुरस
२. विजयराज्ये जवशि ।। गोमाता प्रीत्याथे नक्षत्र सुक्ल दश
३. जोजमान द्वादृतोल महजुन जुवराजन गोग्राम (?)
४. वूनके... सम्बत् ७७७ वैसाष कृष्ण द्वितिया श्रवण न–
५. क्षत्र सुधिजोगे । अंगाल वाल मक्र संक्रान्ति दिने शुभ ।।

अभिलेख संख्या–३

देउपाटन गणेश स्थान

देउपाटन जयवागेश्वरी स्थानबाट पशुपतितिर जाने देव्रेपट्टिको मूल सटकको मुहानमैं दक्षिणपट्टि फर्केको गणेश-स्थान छ । त्यसै स्थानको बाहिर पूर्वपट्टि पर्खालमा दक्षिणपट्टि फर्काएर यो शिलालेख टाँसिएको छ । अभिलेख लेखिएको ढुंगे फलेक एक हात अग्लो र १ बित्ता ४ अमल जति चौडा छ । फलेकको सिरानमा बीचमा शिवलिंग र दुइतिर चन्द्रमा र सूर्यका चित्र कोरिएका छन् । शिवलिंगमा माला लाइ-एको छ । यसमा संवत् ७७७ (ई. १६५७) लेखिएको छ ।

अभिलेख

१. श्रीगणेशाय नमः ।। दुर्गोत्तुंगस्तनतटगलद्दृग्यमृग्याशयो यः
२. व्रीडालोलत्करतलयुगेशानक्लेशापहारी । ग्रस्यत्कैशात्रिदशतटिनी
३. नीरसंसिक्तदेहः फूत्कोराप्तः करिपतिमुखः पातु युष्मान् गणेशः

४. नेपालमण्डलमनोहरमण्डनाया श्रीमत्पुरी पशुपतेः पशुपाशह–
५. र्त्तुः श्रीवाग्वती सुरधुनीव धुनोति पापं यत्रास्तु सा सकलमंगलदा नरा–
६. णां ।। नेपालहायन नगार्व्वकपर्व्वतोके [1] मार्ग्गे सिते हरसुतस्य ति–
७. थिप्रयुक्ते । विस्कम्भयोगकमघामसुजीव वारे विच्छस्थिते दिनपते शु–
८. भसूचकेस्मिन् ।। नानार्थशास्त्रसकलार्थकलाकलापी श्रीमत्प्रतापनृपतिर्द्व–
९. रणी कवीन्द्रः । सम्यक् प्रशासतितरां बिनयेन नीत्या प्रीत्या प्रजाः किल
१०. यदा स्वसुतानिवोपि ।। तदा मनोरमस्थाने विमलदेवपट्टने गणेशप्र–
११. तिमायुक्तपट्टिका जीर्ण्णकोद्धृता ।। तत्पट्टनीय सुषुरीदासेन दिवसे
१२. शुभे । मृतपुत्र विश्वनाथदासस्वर्गफलेऽपुना ।। ।। अतः परं
१३. देशभाषा ।। श्रेयोस्तु सम्वत ७७७ मार्ग्गशीर्ष कृष्णपक्ष षष्ठी तिथि
१४. मघानक्षत्र विस्कम्भयोग वृहस्पति वार थ्वकुन्हु श्री ३ पशुपति–
१५. या भंडिर सुषुरी भारोन थवसिक काय विश्वनाथयात स्वर्ग्गका–
१६. मनान थ्व गणेशमूर्त्ति दया वचोऽ फले जीर्ण्णद्धार (र्ण्णोद्धार) विधिन य–
१७. ज्ञ याऽा व प्रतिष्टायाऽा जुरो ।। ।। शुभमस्तु सर्व्वदा ।। ० ।।

शिलालेख संख्या–४

सिम्भूस्तूपको आँगन

सिम्भूस्तूपको आँगनमा पश्चिमपट्टि रहेको घरको पेटीमा लहरै केही शिलालेख राखिएका थिए (हिजोआज ती कुन कुनामा राखिएका छन् सोधखोज गर्दा पत्तो पाउन सकिएन) । त्यसै लहरमा मुडि हात अग्लो र एक बित्ता चौडा ढुंगे फलेकमा यो शिलालेख लेखिएको छ । फलेकको माथिल्लो आधाभाग जतिमा बौद्धमूर्तिहरू बनेका छन् । अघि सारेर ल्याएको कापीमा अभिलेखको छैठौं हरपको आधा भागपछि च्यातिन गएकोले र हिजोआज अभिलेखै त्यस ठाउंबाट सारेर अन्तै लगिएकोले त्यसपछिको हरप छोड्नुपरेकोमा पछुताउ परेको छ । यसमा संवत् ७८१ (ई. १६६१) लेखिएको छ ।

अभिलेख

१. सम्वत् ७८१ माघमासे शुक्रपक्षे त्रयोदश्यां तिथौ पुनर्व्वसुनक्षत्रे आयुस्मा–
२. न् योगे यथाकरणमुहुत्रे शुक्रवासरे मकारराशिगते सवितरि कर्क्कटरा–
३. शिगते चन्द्रमसि थ्व दिन कुन्हु थ्व श्री ३ वजधातुचैत्य प्रतिष्ठा याऽा श्रीका–
४. न्तिपुरी महानगरे राजाधिराज श्री २ कवीन्द्र जयप्रताप मल्लदेवस्य वि–
५. जयराज्ये दानपति मखनत्वलके भंख्छे यौता स्थापित रामदेव भारो प्रथम
६. भार्य्या रोहिनी द्वितिय भार्य्या इत्यादि

शिलालेख संख्या–५

विजयेश्वरी स्थान

विजयेश्वरी स्थानको आँगनमा थापिएको यो अभिलेख अढाई फीट जति अग्लो र १ फुट जति चौडा ढुंगे फलेकमा लेखिएको छ । फलेकको सिरानमा बीचमा यौटा माला र त्यसको दुइतिर दुइटा साँढेका चित्र कोरिएका छन् । यसमा नवौं र दसौं हरपमा गरी सिलोकमा मिति लेखिएको छ

१ शाके ? (कान्तिपुर–शिलालेख–सूची, पृ. ८४) ।

जसलाई स्पष्ट गर्न अप्ठेरो परेको छ (यो संवत् ७७१ को पो हो कि ?)।

अभिलेख

१. ॐ नमः ।। श्रीविद्याधरी देव्यै । नत्वा देवी रूपी सचरखगचरी सूर्यमध्यस्थ तेज्यान वु–
२. द्धञ्च डाकिनी वै सकरपरगणै ख्यातवान्विश्वमाताः । मर्त्य नेपालखण्डे विजेय–
३. तु सुखदा उर्द्ध उद्धृत्य भूतां तस्मै (स्यै) देख्यांघ्रि सन्ति प्रविशति सुखदा पातु मां
४. वुद्धडाक्नी (?) ।। प्रज्ञाचार्य्य कुश्लदेवौ प्रमुखादि अष्टदशैः । प्रतिमासे रुद्रतिथे
५. शेवार्च्चयाम्यहं दृढं ।। संपूर्णेण त्रिवर्षेण विभुति फलमाप्नुयात् । तत्रोभ्दव
६. हृदि (?) पुण्यदृष्ट्या देख्याङ्गजीर्णकं ।। मदनोपमदेहस्य दृष्ट्या अशालनिर्ण्णया रं–
७: गारोह करिश्यामि सर्व्वं सत्वार्थहेतुना ।। चतुर्थाह्निकृतं यज्ञः प्रतिष्ठा च क–
८. रोम्यहं । विघ्नोत्सारैर्य्युतैः भूर्य्यैः यथोक्तं पदशाधनं ।। विभुः पुषि (?) शान्तिकामा
९. सप्तति शतिगानना । अर्च्चामि गणचक्रम्वा राजादिभयहेतुना ।। अब्दमेक मु–
१०. णि सप्त शुक्ल माघपञ्चमि । उत्तृ भद्रे गुरुवारे करोमि यज्ञः पूर्णकं ।। अथ
११. पर देशभाखा ।।०।। महाराजाधिराज श्री श्री जयप्रताप मल्लदेवस्य विज–
१२. यराज्यः ।। श्रीकाष्ठमण्डपमहानगरे मं...तोरक तरमलमहाविहारः ख–
१३. ण्डचुक...ताच्छे वज्राचार्य्य श्रीकुणलदेव भाजा चार्या श्री.....वप्रमुख–
१४. न वज्राचार्य जि (न ?) पार व (जा) चार्य्य जुगा.....नो...
१५. न्द्र वजाचार्य्य... ... ...

नुवाकोटमा उपलब्ध ऐतिहासिक उपकरण ।

नुवाकोट भैरवीको छत ।

वि. सं. १८७१ को अभिलेख ।

शङ्करमान राजवंशी

परिचयः–

श्री जनरल भीमसेन थापाले श्री गीर्वाणयुद्धविक्रमका पालामा वि. सं. १८७१ आषाढ वदि ११ रोज ३ मा नुवाकोटका भैरवी मन्दिरको छत बनाई सो छतमा अभिलेख कुंदाएका र सो छत बनाउंदा नुवाकोटका धामीलाई भोजन पनि गराएका थिए भन्ने कुरा सो अभिलेखमा व्यक्त गरिएको छ ।

मूलः–

श्री मद्गीर्वाणयुद्धेन नृपेणानाधिता परा ।
प्रसन्ना भैरवी देवी युद्धदत्ताज्ययप्रदा ।

स्वस्ति श्री सम्बत् १८७१ साल मिति आषाढ वदि ११ रोज ३ श्री भैरवीप्रति सुंवर्णछलना श्री मन्महाराजाधिराज गिर्वाणयुद्धविक्रम साह विजयराजे श्री जर्णेल भिमसेन थापा मार्फत धामिभोजन..... कुभम् ।

टिप्पणीः–

त्यस वेला नेपालको अग्रेजसंग युद्ध हुने निश्चितप्रायः भइसकेको थियो । किनभने नेपालले पश्चिमको पहाडी प्रदेश कुमाउं र गढवाल आफ्नो राज्यमा मिलाइसकेको थियो । अंग्रेजले भारतमा आफ्नो बस्ती बसाउन अनुकूल पर्ने कुमाउं र गढवाल नेपालराज्यभित्र परिसकेको हुनाले त्यसमा अंग्रेजको आखाँ गढेको थियो । वि. सं. १८७० मा ब्रिटिश पार्लियामेण्टमा भारतमा अंग्रेजको उपनिवेश बढाउने कुरा निर्णय भएको हुंदा त्यही वर्षको अन्त्यतिर अंग्रेजले निहुं थापी विवादास्पद विषय भइरहेका बुटवल जिल्ला आजका २५ दिनभित्र नेपालले छोड्नू भनी नेपाल सरकारलाई १ पत्र र नेपालले बुटवल जिल्ला छोडेन भने जवरदस्ती कब्जा गर्नू भनी गोरखपुरका जिल्लाधीशलाई आदेश पनि पठाएका थिए । नेपाल सरकारतर्फबाट गएको जवाफ अंग्रेज कहाँ पुग्न नपाउंदै अंग्रेजका सेनाले बुटवल कब्जा गरे । यस घटनाले नेपाल र अंग्रेजमा परस्पर वैरभाव भयो । अनि वि. सं. १८७१ जेठमा खटिएर गएका नेपाली सैन्यले बुटवलबाट अंग्रेजी सैन्यलाई हटाइदिए । यसैताकाको यो अभिलेख हो । त्यसैले यस अभिलेखमा "राजा श्री गिर्वाणयुद्धले आराधना गरिएकी युद्धमा जीत गराइदिने भैरवीदेवी प्रसन्न होऊन्" भन्ने भावको श्लोक अंकित गरिएको छ । त्यही भावनाले नै होला धामीभोजन लगाएको पनि ।

रणभुवनेश्वरको घण्टाभिलेख ।

वि. सं. १८८२ को ।

परिचयः–

श्री रणोद्यत शाहले फिर्केपमा रणभुवनेश्वर महादेवलाई वि. सं. १८८२ मार्ग कृष्ण १० मा घण्टा चढाएका थिए । सो घण्टा रणभुवनेश्वरको मन्दिरमा रहेको छ । उक्त घण्टामा उल्लिखित यो अभिलेख हो ।

मूलः–

स्वस्ति श्री शाके १७४७ सम्वत् १८८२ मिति मार्ग

कृष्ण दशम्यां तिथौ हस्त नक्षत्रे सोभाग्य योगे सोम वासरे तस्मिन् दिने श्री ५ रणभुवनेश्वर प्रिति गरी श्री रणोद्यत शाह श्री भुवनकुमारीदेवीले चह्रायाको घंट हो शुभम् ।

टिप्पणी:–

यी रणोद्यत शाह श्री ५ गीर्वाणयुद्धविक्रमका वैमातृक दाज्यू हुन् । वि. सं. १८५५ फाल्गुनमा रणबहादुर शाहले आफ्नी प्रेयसी कान्तिवतीपट्टिका छोरा गीर्वाणयुद्धविक्रमलाई राजगद्दीमा राख्दा त्यस बखत गीर्वाणयुद्धविक्रम डेढ वर्षका मात्र थिए । त्यसै बखत रणबहादुर शाहले आफ्नी पत्नी सुवर्णप्रभापट्टिका छोरा यी रणोद्यत शाहलाई पनि मन्त्रिमण्डलमध्येमा एक मन्त्री बनाइदिएका थिए । त्यस बखत रणोद्यत शाह पनि करीब ३।४ वर्षका मात्र थिए । यिनै रणोद्यत शाहले नुवाकोट देवीघाटपारि फिर्केपमा आफू र आपनी पत्नी भुवनकुमारी सहित भई रणभुवनेश्वर महादेव स्थापना गरी उनलाई वि. सं. १८८२ मार्ग कृष्ण सोम वारमा घण्टा चढाएका हुन् ।

श्री ५ राजेन्द्रविक्रम शाहको रुक्कापत्र ।

वि. सं. १८८३ को ।

परिचय:–

श्री ५ राजेन्द्रविक्रम शाहले पश्चिम १ नं. नुवाकोटका धामी, चौधरी, नेवार, प्रजा, गैह्रका नाउंमा गरिदिएको यो रुक्कापत्र हो । यस पत्रमा नुवाकोटका धामी, चौधरी, नेवार, प्रजा गैह्रलाई नुवाकोटमा घरवार गरी बस्नू अन्त नजानू भनी श्री ५ राजेन्द्रविक्रम शाहले स्थिति बन्देज गरिदिएको कुरा छ । यस पत्रको नक्कल नुवाकोटका द्वारे श्री गणेशकुमार शाहीको सौजन्यबाट प्राप्त भएको हो ।

मूल:–

श्री दुर्गा श्री देवी

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का... ... . आगे नुवाकोटका धामी, चौधरि, नेवार, प्रजा गैह्रप्रति तिमिहरूलाई नुवाकोटमा वस्ता केहि कुराको पनि वन्देज वांधियेन भनी जत्रतत्र गै घर हालि वस्याका रह्याछौं अब र तिमिहरूको रितिस्थिति थामिबक्स्याको छ आफना वाल-बच्चा लि नुवाकोट आइ घर बनाइ बस तिहार मानि व्यासि झरि पसल लगाइ वेपार गर्नु यात्राको पूर्णमासी मानी नुवाकोट गाउं चढि आफना आफना घरमा आइ बस्नु भनि बन्देज वांधिबक्स्यौं जो बन्देज नाघि बसौला सो डडाइ मागौला इति सम्एत् १८८३ श्रावण वदि २ रौज ६ शुभम्... ... ...

मार्फत भक्तवीर थापा	मार्फत भीममेन थापा
मार्फत प्राण शाह	मार्फत उदय गिरि
मार्फत बालनरसिंह	मार्फत दलभंजन पांडे
मार्फत रणोद्यत शाह	

टिप्पणी:–

वि. सं. १८७३ मा गीर्वाणयुद्धको मृत्यु हुंदा यी राजेन्द्रविक्रम ३ वर्षको उमेरमा राजगद्दीमा बसेका हुन् । यस बखत १३ वर्षको उमेर पुगेको छ । यिनताका भीमसेन थापानै विशेष राजकाजसंबन्धी कामकारवाई गर्दथे । यस कारण उक्त थितिबन्देजको तजवीज राजेन्द्रविक्रमका नाउंबाट रुक्कापत्र गराएको हुन सक्दछ । यस रुक्कापत्रमा मार्फतवालाहरूमा भीससेन थापा पनि छन् ।

श्री ५ राजेन्द्रविक्रम शाहको लालमोहर ।

वि. सं. १८९४ को ।

परिचय:–

श्री ५ राजेन्द्रविक्रम शाहले महन्त केशर वनलाई गरिदिएको यो लालमोर हो । यसमा देवपाटनका मठमा परापूर्वकालदेखि चलिआएको रीतसित मठको धर्म चलाई मठको खेत, डिही, बरि भांडावर्तन आदि आफना खातिरजामासंग भोग गर भनी केशर वनलाई महन्त्याइं दिएको कुरा छ । यो पत्रको नकल नुवाकटोका धामी हरिमार्तसि दंगोलको सौजन्यबाट प्राप्त भएको हो ।

मूल:–

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध वीरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्रविक्रम शाह वहादुर सम्सेर जंग देवानां सदा समरविजयीनाम्... ... ... आगे केशर वनके अधि तिम्रा गुरुवाज्या वलदेव वन महन्तले ...१...प्रीति गर्‍याको देउपाटनको मठ षेत डिहि वारि कमारा कमारी भांडावर्तन असामि लहनागहना मालमालियेत जो भयाको सवै लेषि आपना जेठा चेला वालकृष्ण वनलाई दियाको रहेछ गुरुले लेषिदियावमोजिमको सहि थामि...२...बाट लालमोहर गरिवक्सनुभयाको रहेछ सोवमोजिम महन्त वालकृष्ण वनले आपना जेठा चेला केशर वनलाई दियाको रहेछ सोहि सहि थामि केशर वनलाई महन्त्याइ वक्स्यौं परापूर्वका रितसित मठको धर्म चलाई आपना षातिरजामासंग भोग्य गर इति सम्वत् १८९४ साल मिति फागुन शुदि ३ रोज ३ शुभम्... ... .

मार्फत रणजोर थापा रुजु तारानाथ अर्ज्याल
मार्फत श्री रंगनाथ पण्डितराज रुजु दलभंजन पाडे

टिप्पणी:-

यस बखत भीमसेन थापा विषमुद्दाको आरोप लागी नजरबन्दीमा थिए। त्यसकारण मार्फतवालाहरूमा भीमसेन थापा रहेका छैनन्। यस बखत राजेन्द्रविक्रम पूरा युवक समर्थवान् भइसकेका छन्। त्यसकारण यो लालमोहर राजेन्द्रविक्रमकै तजवीजले गरिदिएको हो भन्ने कुरामा शंका हुंदैन। यिनताका राजगुरु पण्डितराज रंगनाथको प्रभाव राजदरवारमा भइसकेको थियो। त्यसकारण मार्फतवालामा रंगनाथ पनि रहन आएका देखिन्छन्।

श्री ५ राजेन्द्रविक्रम शाहको रुक्कापत्र। वि, सं. १८९६ को।

परिचय:-

श्री ५ राजेन्द्रविक्रम शाहले पश्चिम १ नंवर नुवाकोटका भैभारदारका नाउंमा गरिदिएको यो रुक्कापत्र हो। यस पत्रमा उदिंवमोजिम परिआएको काम तदवीर भैं गर्नू भन्ने बन्देज गरिदिएको कुरा छ। यस पत्रको नक्कल नुवाकोटका द्वारे श्री गणेशकुमार शाहीको सौजन्यबाट प्राप्त भएको हो।

मूल:-

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का... ... ... आग्ये नुवाकोट भरअंवलका थरघर औ भरभारदारका छापछप्यालि चार वर्ण छतिस जातप्रति दर्वारबाट कटवालले औरा सदा दर्वारमा सामेल भै उदिंवमोजिम परिआयाको काम तदविर भैं गर्नु भन्या वंदेज वांधिवक्स्यौं जो सामेल नभै लपनछपन गरि हहिंमायतमा लागौला तसलाई भारि डंड सासना होला सो वुझि लेष्यामाफिकको चेतन्य राषि कटवालले औरा सदा नुवाकोट दर्वारमा सामेल हुन्या काम गर ईति सम्वत् १८९६ साल मिति पौष शुदि ११ रोज ४ शुभम्... ...

रुजु पुष्कर शाह मार्फत कुलराज पांडे

श्री ५ राजेन्द्रविक्रम शाहको अर्को रुक्कापत्र। वि. सं. १८९६ को।

परिचय:-

श्री ५ राजेन्द्रविक्रम शाहले पश्चिम १ नंबर नुवाकोटका द्वारे कटुवाललाई गरिदिएको यो रुक्कापत्र हो। यसमा द्वारेमार्फत मोहीलाई खेत कमाउन लाउनू। मोहीले ३ साल दुबैबोटी बाली खाई चौथा सालदेखि धनीबोटी हाम्रा हजुरमा दाखिल गर्नू द्वारेले मोहीबाट खेत नखोस्नू। खोलो पहिरो गई खानगीमा खेत नपुगे गेर्खुटारको बांझो बगर अवाद गरी भर्ना गरी खानू भन्ने कुराको उल्लेख छ। यस पत्रको नक्कल नुवाकोटका द्वारे श्री गणेशकुमार शाहीको सौजन्यबाट प्राप्त भएको हो।

मूल:-

श्री दुर्गाज्यू

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का... ... ... आगे नुवाकोट जिल्लाभरका विहोटा विराउदासा अधि पनि नुवाकोटका द्वान्यामार्फत विराउना विराउन्या मोहिले

त्रिसाला दुवैबोटि वालि षाई चौथा सालदेखि घनिवोटि हाम्रा हजुरमा सालवसाल दाषिल गर्नु विराउन्यालाई षेत षोसमोस नगर्नु भन्या वन्देज वांधिवक्स्यौं औ द्वारि कटुवालि षानगिका षेतमा षोलो पैह्रोले षाई षानगिमा षेत नपुग्दा गेर्षुटार वाह्रो मुरि १।४० वगर विह्राई भर्ना गरि षानु भन्या मोहर गरिवक्स्यौं इति सम्वत् १८९६ साल मिति पौष शुदि ११ रोज ४ शुभम्... ... ...

रुजु पुष्कर साहा रुजु फत्यजंग साहा
मार्फत कुलराज पांडे रुजु प्रसादसिं वस्न्यात

टिप्पणी:–

यिनताका रंगनाथको सट्टा पुष्कर शाहको प्रभाव राजदरवारमा भइसकेको थियो । त्यसकारण रुक्कापत्रको रुजूमा पुष्कर शाह देखापर्न आएका छन् । रंगनाथ रुजू तथा मार्फतमा रहन आएका छैनन् । यिनताका राजदरवारमा भारदारहरूको बराबर विघटन भइरहन्थ्यो ।

चौतरिया पुष्कर शाहको पत्र ।
वि. सं १८९७ को ।

परिचय:–

चौतरिया पुष्कर शाहले पश्चिम १ नंबर नुवाकोटका जमादार मणिराज थापालाई लेखेको यो पत्र हो । यस पत्रमा नुवाकोटभैरवीको गूठीका जग्गाको अधिदेखि गादी-मुमारख नलिइआएको हुनाले अहिले पनि नलिनू भनी लेखेको कुरा छ । यस पत्रको नक्कल नुवाकोटका धामी हरिमानसिं दंगोलको सौजन्यबाट प्राप्त भएको हो ।

मूल:–

श्री भैरवी १

स्वस्ति श्री मच्चौतरिया पुष्कर शाहकस्य पत्रम् ... ... आगे ज्मादार मनिराज पाध्याके आसिस उप्रान्त नुवाकोटका ...१...का गुठका जग्गामा अधि परापूर्वदेषि सर्वरकम गार्दिममारष चुमावनस्मेत लाग्याको रहेनछ यो सालमा पनि नलिनु भनि हुकुम भयाको छ तसर्थ ...१...गुठका जग्गाभरमा चुमावन तहसिल नगर इति सम्वत् १८९७ साल मिति कार्तिक वदि ८ रोज १ शुभम्... ... ...

टिप्पणी:–

यी पुष्कर शाहका हातमा राजकाजसम्बन्धी काम आउनाको पूर्वरूप के छ भने महारानी त्रिपुरसुन्दरीदेवीले भीमसेन थापालाई सहयोग गर्दथिन् । त्रिपुरसुन्दरी छउन्ज्याल भीमसेन थापाको शक्ति मजबूत थियो । जब वि. सं. १८८८ मा त्रिपुरसुन्दरीको देहान्त भएथ्यो तब भीमसेन थापाको उन्नति पनि ओह्रालो लाग्यो । भीमसेन थापाका शत्रुहरूले उनलाई गिराउन राजदरवारमा चुक्की गरी वि. सं. १८९४ मा भीमसेन थापाउपर विषमुद्दाको आरोप लगाइयो र भीममेन थापा नजरबन्दी भए । त्यसपछि भीमसेन थापाका ठाउंमा रणजंग पांडे नियुक्त गरिए । राजदरवारमा राजेन्द्रविक्रमकी जेठी महारानी र कान्छी महारानीको परस्पर ईर्ष्या थियो । भीमसेन थापाको एक्कासि पतन र पांडेको उदयले गर्दा भारदारहरूका मनमा खुलदुली पर्नु स्वाभाविक थियो । भारदारहरूले कान्छी महारानीका मद्दतले रणजंगलाई अयोग्य साबित गरी उनलाई प्रधानमन्त्रीबाट हटाए । उनका सट्टामा रंगनाथ नियुक्त गरिए । रणजंगचाहिं प्रधान सेनापतिको काममा नियुक्त गरिए । राजेन्द्रविक्रमको अव्यवस्थित चित्तले गर्दा महारानीलाई हात लिई भारदारहरूमा दाउपेच चलिरहन्थ्यो । रङ्गनाथले पनि राजेन्द्रविक्रमको सुदृष्टि आफूमा नभएको बुझी प्रधानमन्त्रीको पदबाट राजीनामा गरे । अनि त्यस पदमा यी चौतरिया पुष्कर शाह नियुक्त गरिए । यी जीव शाहका छोरा हुन् । यिनले राजकाजसम्बन्धी काम विः सं. १८९७ कार्तिक वदि ८ सम्म चलाइरहेको कुरा यस पत्रबाट स्पष्ट हुन्छ ।

श्री ५ पृथ्वीनारायणका कटबांसका लट्ठीको अभिलेख ।
वि. सं १८९७ को ।

परिचय:–

यो लट्ठी पश्चिम १ नंबर नुवाकोटका द्वारे श्री गणेशकुमार शाहीसंग रहेको छ । यो लट्ठी बर्सेनि नुवाकोटभैरवीको जात्रामा जात्रा चलाउन लैजानुपर्दछ भन्ने निज द्वारेको भनाइ छ । त्यस लट्ठीका टुप्पामा चांदीले मोहरेको छ । त्यस चांदीमा यो अभिलेख कुंदिएको छ ।

मूल:-

श्री ५ बडा महाराजा पृथ्वीरारायण शाहबाट राषि-बक्सनुभयाको नुवाकोटछरि ९७ सालमा श्री ५ युवराजाधि-राजका विवाहमा चादिले वांधि बनाउनुभयाको तयारि चादि तोला १२।६ मार्फत कपर्दार कुलराज पांडे शुभम् ।

टिप्पणी:-

श्री ५ पृथ्वी नारायण शाहले नुवाकोटभैरवीको जात्रा चलाउन राखिदिएको कटबांसको लट्टीमा ९७ सालमा श्री ५ युवराजाधिराजका विवाहमा कपर्दार कुलराज पांडेमार्फत चांदीले बांधी बनाएको भन्ने उल्लेख हुनाले त्यसरी उल्लि-खित युवराजाधिराज सुरेन्द्रविक्रम हुनुपर्दछ । किनभने यसमा मार्फत कुलराज पांडे छन् । वि. सं. १८९७ को माथिको रुक्कापत्रमा पनि मार्फत कुलराज पांडे नै छन् । त्यसकारण ९७ साल भनेको वि. सं. १८९७ हुनुपर्छ । वि. सं. १९९७ मानेको खण्डमा श्री ५ युवराजाधिराज महेन्द्रविक्रमको विवाह हुन आउंछ । त्यसमा मार्फतवाला कुलराज भन्ने व्यक्ति पनि अर्कै मान्नुपर्ने हुन्छ । श्री ५ महेन्द्रको विवाह १९९७ साल वैशाख २६।२७ गते भएको हो । यसताका नुवाकोटभैरवीको जात्रा पनि सिद्धिइसकेको हुन्छ । भैरवीको जात्रा चैत्र शुक्ल पूर्णिमाका दिन हुन्छ । उक्त लट्टीमा चांदीले मोहोर्न लगाएर जात्रा गरेको प्रसंग पनि पर्न आउदैन अथवा युवराजका विवाहमा सो लट्टी लानुपर्दछ भन्ने पनि कुनै कुरा थाहा भएको छैन ।

श्री खगेन्द्रदिव्येश्वरीको घण्टाभिलेख । वि. सं. १९४५ को ।

परिचय:-

पश्चिम १ नंबर नुवाकोटभैरवीका मन्दिरमा श्री खगेन्द्र-दिव्येश्वरीले चढाएको घण्टा रहेको छ । त्यस घण्टाका परिपरि लेखिएको यो अभिलेख हो ।

मूल:-

श्री सम्वत् १०४५ साल माघ शुक्ल पंचमी रेवती नक्षत्रे साध्य योगे भौम वारे वालव कर्णे तद्दिने श्री भैरवी-लाई श्री गगनगिरिराजेत्यादि श्री खगेन्द्रदिव्येश्वरीदेवीले चढ्हायाको घंट १ शुभम्...

टिप्पणी:-

यस अभिलेखमा खगेन्द्रदिव्येश्वरीलाई श्री गगनगिरि-राजेत्यादि भन्ने प्रशस्ति दिइएको छ । त्यसकारण यिनी साधारण दुनियांदार वा भारादारकी छोरीबेटी होइनन् भन्ने स्पष्ट बुझिन्छ । श्री चन्द्रशमशेरकी १ जना छोरीको नाम खगराजदिव्येश्वरी भन्ने पाइएको छ । नाउंमा प्रायः सादृश्य चाहिं देखिन्छ । खगराज र खगेन्द्रमा ४ अक्षरको र ३ अक्षरको नाम हुन गएको छ । अर्थबाट विचार गरेमा खगराज र खगेन्द्रको एउटै अर्थ हुन्छ । तर अर्थ मिल्दैमा नाउं एउटै हो भन्न पनि भलि गाह्रो पर्ने हुंदा यो विचार-णीय छ ।

श्री ५ जेठा बडामहारानीको घण्टाभिलेख । वि. सं. १९७९ को ।

परिचय:-

श्री ५ जेठा बडा महारानीले कृष्णजीलाई चढाएको एउटा घण्टा पश्चिम १ नम्बर नुवाकोटभैरवीका मन्दिरको पछाडि एउटा ढिस्कामा रहेको छ । सो घण्टा भैरवीका स्थानमा रहेको घण्टा फुट्दा धामीले त्यसको सट्टा अर्को घण्टा बक्साउंदा उक्त घण्टा दिइपठाएकोले सो घण्टा मन्दि-रमा जडान गर्दा एउटा देवताका नाउंको घण्टा अर्को देवताका मन्दिरमा जडान गरेकाले नुवाकोटभैरवी कोप हुन गइन् र निज धामी तुरुन्तै अपर्झटमा बिनारोगले मर्‍यो । त्यसकारण उक्त मन्दिरबाट सो घण्टा झिकेर यहाँ राखिएको हो भन्ने हालवाला धामी हरिमानसिको भनाइ छ ।

मूल:-

स्वस्ति श्री गिरिराज चक्रचुडामनि नरनारायणेत्यादि विविध वीरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजा-धिराजा पृथ्वी वीर विक्रम जंग बहादुर शाह बहादुर पट्टराज्ञि श्री ५ ज्येठा बडा माहारानी सदा सौभाग्य धर्मसी-लवन्तिदेवीनाम्बाट श्री कृष्णलाई प्रीति गरिबक्सेको ७९

D
4
Pa
no

साल कार्तिक सुदि ९ रोज कार्तिक २० गते वार ७ मा शुभम् ... ...

टिप्पणी:–

यस अभिलेखमा श्री ५ जेठा बडा महारानी श्री ५ महाराजाधिराज पृथ्वी वीरविक्रम शाहका पट्ट महारानी भन्ने स्पष्ट उल्लेख छ। मौसूफ श्री ५ जेठा बडा महारानीले श्री कृष्णलाई प्रीति गरिबक्सेको भन्ने कुरा घण्टामा लेखिएको छ। त्यसकारण यो घण्टा कुनै कृष्णमन्दिरमा रहेको हो भन्ने स्पष्टसंग बुझिन्छ। तर कहांको कुन कृष्णमन्दिरको हो सो कुरा ज्ञात हुन सकेन। उक्त कुरा अनुसन्धानको गर्भभित्र रहेको छ।

इतिहास संशोधनको केही संशोधन

मोहनप्रसाद खनाल

वि. सं. १३७७ साल चैत्र कृष्ण द्वादशीका दिन रुद्र मल्लले आफ्ना नाता पर्ने अरि मल्ललाई देउपाटनमा राज्याभिषेक दिई राजा तुल्याए । परन्तु गद्दीमा अरि मल्ल बसेका भए पनि राज्यको बागडोरचाहिं रुद्र मल्लकै हातमा थियो । तर वि. सं. १३८३ साल आषाढ पूर्णिमाको राति ३० वर्ष ८ महीनाको उमेरमा रुद्र मल्लको मृत्यु भयो । रुद्र मल्लका छोरा वीर मल्ल र त्रिभुवन मल्ल जन्मी केही कालमानै मरेकाले छोरी नायक देवीलाई बज्यै पद्मल देवी, र देवल दुवैले पाले । त्यसपछि वि. सं. १४०१ मा गद्दीमा बसेका अरि मल्लको पनि देउपाटमा मृत्यु भयो । अरि मल्लको सन्तान कोही पनि नहुंदा राजगद्दी चाहिं खालीनै रह्यो । तर राज्यको बागडोर बाबुकै हकदार भएर बसेकी रुद्र मल्लकी छोरी नायकदेवीकै हातमा थियो । आखिर वि. सं. १४०३ सालमा १० दिनकी छोरी राजल्लदेवीलाई छाडी आमा नायकदेवीको मृत्यु भयो । पितामही (बाबुकी आमा) देवलदेवीले बडो कष्टको साथ पालिन् । पछि आनन्ददेवका पलान्चोकमा जन्मेका मठ्याहा छोरा राजदेवलाई वि. सं. १४०४ मा सबैका सल्लाहले राजा बनाइ गद्दीमा राखियो" भन्ने घटनाको वर्णन गोपाल राजवंशावलीमा स्पष्टसंग लेखिएको छ ।

यसरी स्पष्टसंग लेखिएको कुरालाई पनि "धनबज्र बज्राचार्यजी वि. सं. २०१३ साल शिवरात्रिमा प्रकाशित इतिहास संशोधन ७ संख्या ३९ क्रमागत संख्याको पृष्ट ६ मा "हर्रसिंह देव आएको केही कालपछि ३० वर्षको उमेरमा रुद्र मल्लको मृत्यु भयो । ... ... रुद्र मल्लको छोरा जन्मी केही कालमानै मरेका हुनाले शासनको बागडोर रुद्र मल्लकी रानी देवलदेवीको हातमा थियो" भनी बहकिनु हुंदै 'राजल्ल देवीकी बाबुकी आमा देवलदेवीलाई रुद्र मल्लकी रानी) राजल्लदेवीकी आमाकी आमा) भनी अड्कलको आधारमा यस्ता अशुद्ध कुराहरू लेख्नुहुन्छ ।

बाबुकी आमालाई तथा आमाकी आमालाई के के भनिन्छ र भन्नुपर्छ भन्ने कुरा पनि धनबज्र बज्राचार्यजीलाई थाहा रहेनछ । उहाँ बाबुकी आमालाई आमाकी आमा बनाउन कुनै संकोचै मान्नुहुंदो रहेनछ भन्ने कुरा यी उद्धृत अशुद्ध वाक्यबाट स्पष्ट हुन्छ ।

कारण:-

वि. सं. १३८३ मा रुद्र मल्लको मृत्युपश्चात् बाबुको हकदार भएर बसेकी नायक देवीले दश दिनकी छोरी राजल्लदेवीलाई छाडी स्वर्गको बाटो तताएपछि आफ्नी नातिनी राजल्ल देवीलाई बडोकष्टका साथ पालन पोषण गर्दै काखमा राखी आफू हर्ताकर्ता बनी शासन गर्ने नायिकाको रूपमा देवलदेवी देखा परेकी छन् ।

हुनत देवलदेवी कसरी पत्नी तथा आमा हुन् भन्ने कुरा गोपालराज वंशावलीमा लेखिएको छैन तापनि राजल्लदेवीकी पितामही (बाबुकी आमा) हुन् भन्ने कुरा स्पष्टसंग किटेरनै लेखिएको छ ।

फेरि देवलदेवी तिरहुतका राजा हर्रसिंह देवकी पत्नी हुन् र एक जना छोराको साथ नेपाल उपत्यकामा पसेकी थिइन् भन्ने कुरा द्रोलखामा प्राप्त चण्डीको पुस्तकमा टिपिएको एक घटनाबाट थाहा हुन्छ [1] । त्यसकारण देवलदेवी

१ पानी परी मकाउन लागेको तथा केही अक्षर उडिसकेको सो पुस्तकबारे एक वर्षभन्दा अगाडिनै मैले पुरातत्व विभागका निर्देशकज्यूसंग त्यसको सुरक्षा चांडो हुनुपर्छ भनी अनुरोध गरेको थिएं । सो पुस्तकको समयमानै राम्रो सुरक्षा भै सबै अक्षरहरू पढ्न सके स्थिति मल्लको वंश र स्थिति मल्लबारे निकै कुराहरू प्रकाशमा आउलान् जस्तो मुलाई लाग्दछ ।

रुद्र मल्लकी रानी नभई राजल्लदेवीकी पितामही तथा हरसिंहदेवकी रानी हुन् भन्ने स्पष्ट छ ।

प्रमाण:–

...तस्य स्वर्गस्तै सम्वत्सरो षड्युगवेदा ४४६ आषाढी पूर्णमा रात्रि भागे दाराचतु अग्निप्रवेश कृतम् । तस्य सुनु जायमाने कतिपय दिवसांतरेण मृत्यु ।। पुत्री सती नायकदेवी नाम: पितामही श्री पदुमलदेवीना प्रतिपालितं ।। श्री देवल देवीद्वयोपि ।। (गो. रा. वंशापली २७ पत्रबाट)

संबत् ४४६ आषाढ पूर्णमी दारा: समे ··· ···र जायमान कतिपय दिवसान्तरे मृत्यु: ।। पुत्रीसती नायकदेवी नाम पितामही श्री पदुमल्ल देवीना प्रतिपालिता श्री देवलदेवी द्वयोरपि ···। (केशर–वंशावली १२ पत्रबाट)

तस्य पुत्री श्री राजलदेवी नाम: ।। जातेन दशदिवसान्ते मातुश्च मृत्यु ।। पितामही श्री देवलदेवीना अजिकष्टेन प्रतिपालितं ।। (गो. रा. वंशावली २८ पत्रबाट)

अत्रान्तरे कर्णटवमशिज श्री ज (ग) तसिंहदेव समाहित संगृह्य पुत्री श्री राजलदेवी नाम । दशदिनान्ते माता स्वर्गगक...पितामह्या अतिकष्टेन प्रतिपालिता श्री देवलदेवी नाम कृ··· ···प्रतिपालिता जीविता च ।। (केशरवंशावली १३ पत्रबाट)

पितामही–ना. (सं.) बाबुकी आमा; वज्यै; पितृ-प्रसू । पितृप्रसू–ना. (सं.) वज्यै, पितामही । (नेपाली शब्द कोशको पृष्ट ६४६ बाट)

पितामही–(सं. स्त्री.) पितामहकी स्त्री; दादी । (हिन्दी शब्दकोशबाट)

.....तुरकैर्दूरिकृत सपरिवार तिरहुत राजा मन्त्रिभि: सहारण्यं प्रविष्ट: । पुत्रेण सहिता पत्नी देवलक्ष्मी देवी च स्वकुटुम्बै: सह वलं याचितुं नेपाले प्रविष्टती: ।। (दोलखामा प्राप्त तात्कालिक टिपोटबाट)

वि. सं. १३८२ साल माघ शुक्ल तृतीयाका दिन तिरहुतका राजा हरसिंहदेवले रैतीहरू जम्मा पारी आफू अगि सरी दिल्लीका बादशाह गयासुद्दीन तुगलकमाथि जाइलागे । हरसिंह देवसंग गयासुद्दीन तुगलकको घमासान युद्ध भयो । अन्त्यमा हरसिंहदेवको केही जोर चलेन र गयासुद्दीन तुगलकका सैन्यहरूले सिम्रौनगढलाई ध्वस्त पारीदियो । त्यसैले तिरहुतका राजा तथा भारादारहरू सबै जङ्गल पसे । ..... केही कालपछि आफ्ना परिवार र मन्त्रीहरूसहित भएर राजग्राम, दोलखातिर आउंदा तीनपाटनमा पुगेपछि राजा हरसिंहदेवको मृत्यु भयो । यिनका छोरा र मन्त्री दुबै कैद गरीए, परिवार पनि समातियो तथा राजग्रामका मझि (माझी) भारोहरूले हरसिंहदेवका सारा संपत्ति लुटे ।

त्यसको केही वर्षपछि हरसिंहदेवका मन्त्री चण्डेश्वरले राजग्राम कब्जा गरे" भनी गोपाल राज वंशावलीमा यी कुराहरू लेखिएका छन् ।

"तर धनबज्र बज्राचार्यजी इतिहास संशोधन ७ संख्या ३९ क्रमागत संख्याकै पृष्ट १० मा परन्तु हरसिंहदेव र उनका मन्त्रीले दोलखातिर आफ्नो अधिकार जमाए तापनि नेपाल उपत्यकाभित्र विजय गर्न सकेका थिएनन् भन्ने कुरा माथिको उद्धरणबाट स्पष्ट भैसकेको छ । उनी दोलखातिर आउन लाग्दा तीनपाटन भन्ने ठाउमै मरिसकेका राजा हरसिंहदेवले मन्त्रीसहित भएर दोलखातिर आफ्नो अधिकार जमाए भन्दै बुझक्कड बनी नचाहिंदा यस्ता अशुद्ध कुराहरू लेख्नुहुन्छ ।

कारण:–

दिल्लीका बादशाह गयासुद्दीन तुगलकहरूको मारले भागेका तिरहुतका राजा हरसिंहदेव आफ्ना जाहान तथा मन्त्रीहरू लिएर दोलखातिर आकमण गर्न गएका थिएनन् । वरु नेपालका अरू राजाहरूसंग मद्दत माग्न भनी दोलखातिर जानका लागि पाहाडी भागमा पसेका थिए ।

कुनै ठाउंमा अधिकार गर्नु छ भने दलबलसहित भएर युद्धको लागि चाहिने सेना, हतियार आदि लिएर जानुपर्दछ । तर हरसिंहदेव त्यसरी गएका थिएनन् । त्यसैले त तीनपाटन भन्ने ठाउंमा उनको मृत्यु हुनासाथ राजग्रामका माझी भारोहरूले हरसिंहदेवको सारा संपत्ति लुटे तथा मन्त्री छोरा दुवैलाई कैद गरे ।

यदि हरसिंहदेव र उनका मन्त्रीले दोलखातिर अधिकार जमाएका भए राजग्रामका माझी भारोहरूले उनको संपत्ति लुटी मन्त्री र छोरालाई कैद गर्नु संभव थिएन। एकत हरसिंहदेवको दोलखा पुग्न कोसौं बाटो वरनै तीनपाटन भन्ने ठाउंमा मृत्यु भयो। यसरी दोलखातिर आउंदा तीनपाटन भन्ने ठाउंमानै मरिसकेका राजा हरसिंहदेवले दोलखातिर मन्त्रीसमेत भएर अधिकार जमाए भन्नु बिलकुल अशुद्ध हो। तर हरसिंहदेव मरेको केही वर्षपछिमात्र चण्डेश्वरले राजग्रामलाई वि. सं. १३८८ मा कब्जा गर्न सकेका थिए।

प्रमाणः-

सं. ४४६ माघ सुदि ३ तिरहुतिः हरसिंह राजा नस मिथ्लासन्तोसन्त्र गहीटो ढिलींस तुरकया के वङ रापत मोनारपमू थमू अगुमनयाङ वस्यम् शिमरावन ग्रह भङ्ग याङ, तिरहुतिया राजामहाथा आदिन समस्त वडंङ व्यसन बङ्गटोमू ग्लव छिनो लिन्दुंविर ववः ग्वलछिन राजग्राम दूलश्या धारे वंग्व। टिपाटस राजा हरसिंह टोशिक्क ध्वस कायन महानथ उभय वंधियङा कुलनं जोङ विफंम्वा रजगामया मछिभारो धायान समस्त धन कासन।

(गो. रा. वं. को पत्र ४६ बाट)

सं. ४५२ मार्गशिर शुदिपर चंडनएश्वरन राजगाम काया दिन। (गो. रा. वं. को पत्र ४७ बाट)

अरू हेर्नुहोस् प्राचीन नेपाल अक १० मा प्रकाशित राजग्रामको पृष्ट ५१

भूलसुधार

प्राचीन नेपालका निम्न अंक र ठाउंहरूमा भूलबाट अशुद्ध छापिइकोले संशोधन गरी पढ्न अनुरोध छ।

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
	अंक १० मा:-		
४८	२९	११०	१९०
४९	२५	प्यासफुबाट	ठ्यासफुबाट
५०	३९	तामापत्रबाट	ताडपत्रबाट
५१	१	प्रभावतीदेवी	पद्मावतीदेवी
५१	४	तामापत्रबाट	ताडपत्रबाट
५१	६	वि. सं. १३८१	वि. सं. १३८२
५१	२३	२२३	२३३
५१	२६	दोलखामा	दोलखातिर
५१	३०	३ कोस	५ कोस
	अंक ९ मा:-		
५२	१०	अभिलेखप्रकाश	अभिलेखसंकलन

मोहनप्रसाद खनाल

श्री ५ पृथ्वीनारायण शाहको कान्तिपुर–प्रवेशको दिनविषयमा केही विचार

–नयनराज पन्त

श्री ५ पृथ्वीनारायण शाहले कान्तिपुर विजय गरेको दिन इन्द्रयात्राको दिन हो भन्ने कुरो धेरैलाई थाहा छ। सो दिनमा विशेष उत्सव पनि हुने हुनाले सो घटनाको ज्ञान साधारण मनुष्यहरूलाई पनि प्रायः छ। दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले आफ्नो हस्ताक्षरले यस विषयमा यस्तो लेखेका छन् –

सम्वत् १८२५ शाके १६९० भाद्रपदशुक्लचतुर्दशी – परतः पूर्णिमायां पूर्वभाद्रपरत उत्तराभाद्रे गंडयोगपरतो वृद्धिकोगे विष्टिकरणे सूर्यवासरे सौराश्विनमासदिन १३ गते सूर्यास्ताद्रातिगतघटिषु १४ श्रीमत्पृथ्वीनारायणशाह – वर्मणः प्रवेशस्तत्रार्कः ५। १२। ३०। ३ लग्नं ३। १८। ४०।५४ उत्तराभाद्रभुक्तघटचः ४।४४ दिनमानं २९।५८ इष्टं ४३।५८

तात्कालिकलग्नकुण्डलीयम्



भ.	उ.	सि.	श.	मं.	पिं.	ध	भ्रा
५	११	१८	२६	२७	२९	३२	३६
४१	४७	५४	६२				

रा.	बु.	के.	शु.	आ.	चं.	मं.	रा.
१९	३६	४३	६३	६९	७९	८६	१०४

लक्ष्मीपतिको यस लेखअनुसार वि. सं. १८२५ आश्विन १३ गते आदित्य वार सूर्योदयदेखि ४३ घडी ५८ पला जाँदा पृथ्वीनारायणले कान्तिपुर प्रवेश गरेका हुनु भन्ने देखिन्छ। उनको यस लेखअनुसार त्यस दिन दिनमान २९ घडी ५८ पला र रात्रिमान ३० घडी २ पला देखिन्छ। यसकारण रातको आधा मान १५ गडी १ पला देखिन्छ। पृथ्वीनारायण शाहले कान्तिपुर प्रवेश गर्दा १४ घडी रात बितेको थियो भनी लक्ष्मीपतिले लेखेकाले उनको लेखाइअनुसार आधारात नहुँदै पृथ्वीनारायण शाहको कान्तिपुर प्रवेश भएको देखिन्छ।

लक्ष्मीपतिको जन्म वि. सं. १८१५ मा भएको हो।[1] यस कारण पृथ्वीनारायण शाहले कान्तिपुर विजय गर्दा उनी १० वर्षका थिए। लक्ष्मीपतिका बाबु कालु (कृष्णानन्द) पाँडेको श्री ५ पृथ्वीनारायण शाहको समयदेखि नै राजदरबारमा प्रवेश थियो तथा उनी राजदरबारमा ज्योतिषी काम पनि गर्दथे। लक्ष्मीपतिले बाबुकै उत्तराधिकारीको रूपमा राजदरबारमा ज्योतिषीको रूपमा प्रवेश पाएका थिए।[2]

१. पूर्णिमा ७ अङ्कको ६६ पृ.।

२. पूर्णिमा ७ अङ्कका ६३–६५ पृ. तथा ७३–७४ पृ.।

ऐ. शि. बाबुराम आचार्यज्यूले "श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी" नामक आफ्नो ग्रन्थको ५२५ पृ. मा

कुलानन्द ढकालका नातिहरूले उतारिदिएका जैसीकोठामा रहेका साइतहरूका फिरिस्तमा श्री ५ पृथ्वीनारायण शाह "कान्तिपुर शहरमा प्रवेश गरेको समय रात्रि गत घडी २२ पला ४१" (रातको तीन बजे) लेखिएको ... ...

भनी लेख्नुभएको छ।

कुलानन्द ढकालका नातिहरूले वि. सं. १८९० मा श्री ५ राजेन्द्रविक्रम शाहलाई यो तिथिमिति चढाएका हुन् भनी ऐ. शि. ज्यूले लेख्नुभएको छ। जस्तै–

संवत् १८९० मा ज्योतिषी कुलानन्द ढकालका नातिहरूले श्री ५ राजेन्द्रका हजुरमा चढाएका जैसीकोठामा रहेको तिथ्यावली।

(श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीको ४४१ पृ.)

पृथ्वीनारायण शाहका मुख्य ज्योतिषी कुलानन्द ढकाल थिए।[३] यस कारण उनले टिपेको पृथ्वीनारायणको समयको घटनामा शङ्का गर्ने ठाउँ रहँदैन। तर ६० वर्षभन्दा पछि उनका नातिहरूले लेखेका घटना सर्वथा विश्वसनीय नै हुन्छन् भनी मान्न अलि गाह्रो हुन्छ। यसकारण यस विषयका तात्कालिक लेखहरूको अन्वेषण गरी विचार गर्नु आवश्यक हुन आएको छ।

कुलानन्दका नातिहरूको लेखअनुसार आधारातपछि पृथ्वीनारायणले कान्तिपुर प्रवेश गरेका र लक्ष्मीपतिको लेखअनुसार आधा रात नहुँदै सो घटना भएको बुझिन्छ। आधारात वर वा पर भए पनि हाम्रो स्वदेशी गणनाअनुसार गते वारमा केही फरक खादैन। अङ्गेजी तारीखमा भने आधारातवर भए ई. सं. १७६८ सेप्टेम्बर २५[४] र आधारातपर भए सेप्टेम्बर २६[५] हुन आउँछ।

हाम्रो यहाँको समयमा पाँच घण्टा चालीस मिनेट जति घटाइदियो भने इङ्गल्याण्डको समय आउँछ। यस कारण हाम्रो यहाँ आधारात नाघेको भए पनि अंग्रेजको समयअनुसार आधारात नाघेको थिएन। आफ्नो परम्परा छोडी अंग्रेजी परम्परातिर लहसिन खोजेका हामीले आफ्नो देशको आधारातमा तारीखको प्रवेश मान्ने हो वा अङ्गेजहरूकै आधारातमा तारीखको प्रवेश मान्ने हो, यो कुरो पनि विचारणीय छ।

यही नै तारीख हुनुपर्छ भन्ने मेरो कुनै आग्रह छैन। यस विषयमा राम्रो विचार भई टुङ्गो लागोस् भन्ने मात्र मेरो भनाइ हो।

---

३. श्री पृथ्वीनारायण शाहको उपदेशको ३९४ पृ.।

४. पूर्णिमा ९ अङ्कको ८७ पृ.।

५. श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीको ५०२ पृ.।

Inscriptional Evidence on the Preservation of Monuments in Nepal

By

Dr. N. R. Banerjee

1. Introduction

Nepal is a rich store house of a fantastic ensemble of a large miscellany of monuments in the form of temples, palaces, stupas, chaityas, monasteries, water spouts enclosed by walls and comprehensively called dhunge dharas, cisterns for distribution of water to the public and called tute dharas, pillars surmounted by the figure of garuda or figures of kings and members of the royal families, besides residential houses of the common man. These have a distinct personality of their own, and a unified character despite the variations in features which the progress of time has imposed. They may not all be intact through the inexorable ravages of time. They are nevertheless considerably well preserved, thanks to the factors of climate and the paucity of external invasions and internal troubles alike. From time to time steps have been taken by private individuals, guilds or corporations and the kings to preserve, repair, enlarge or renovate the structures for the continuance of the functions for which they had been raised. These facts are recorded for posterity bv the numberless inscriptions on stone slabs, wooden boards or brackets, copper plates, on terracotta figuriness, on bronze images or on pedestals of stone images or on pillars. The languages of these inscriptions have encompassed Prakrit, Sanskrit, Nepali, Newari, Maithili and Tibetan.

Though the inscriptions themselves are the records of the original constructions and periodical repairs, they form a category of monuments by themselves. In fact along with all the structural remainsthey have served to make Nepal, especially the valley of Kathmandu, an open air musenm of the most unique variety in the world. To the same category belongs the large number of images or sculptures in stone, wood, clay, terracotta, copper, bronze or silver; which are associated with the monuments enumerated above. The decorative features of the monuments in the form of carvings on the wooden panels and brackets used in the structures, or murals or scroll work are no less important and interesting as the artistic heritage of Nepal.

But the ravages of time and nature and the susceptibility of the human mind to amnesia and its innate disposition to lethargy stand ing the way of our selfperpetuation through the preservation of our ancient monuments. These forces have, therefore, to be consciously combatted if the human heritage should have any claim on preservation. One of the earliest soldiers in the cause of the conse-

rvation of human heritage was king Nabonidus, the Chaldean king of Babylon, who ruled between 550 and 539 B. C. He opened up by excavation the base of the temple of Shamash at Sippar in Iraq, in the course of carrying out extensive repairs to the structure. To his pleasant surprise, he found the inscription engraved on stone of the intial construction of the temple by King Naramsin (circa 2291—2255 B. C.), son of Sargon I of Sumer. King Nabonidus had the facts of his own work engraved on the wall of the renovated temple.

The entire span of human history is replete with such instances of public undertakings of constructions and repairs of an extensively diverse miscellany of monuments. A good deal of this evidence has been thrown up by archaeological excavations as well as by the inscriptional and literary records of the past. These have indicated to us the various processes employed, the materials used, the duration of time involved in the work, the principles of work enunciated and adopted, the particular text or canon followed and of the alterations and additions to the existing structures made from time to time. These evidences, though not always inherently apparent, have retained, in fragments, the account of the evolution and development of the styles of art and architecture. In our own time conservation of our ancient heritage by undertaking structural repairs in situ or preserving them with all the means at our command against the inexorable process of natural decay in museums is a conscious effort and is increasingly becoming a sophisticated and scientfic technique of the specialist.

2. Archaeological and Inscrptional Evidence on the Preservation of Monuments

(a) In India

The tradition of the preservation of ancient monuments of all description is common to Nepal and India as also to the rest of the world. This arises out of various factors, though the desire for self—perpetuation of the donor amid the countless generations of posterity and the longing for religious merit have dominated them all.

Excavations have shown that the earliest people of the protohistoric people in india, namely, the Harappan settlers of Lothal in district Ahmadabad, Gujarat, have spared no pains to preserve their existence against the ravages of the floods in the adjoining river Bhogavo by raising the levels of the city as a safety device.[2]

Archaeology has indicated that the earliest settlers of the city of Hastinapura, in District Meerut, Uttar Pradesh were obliged to abandon their dwellings after they had been washed away by disastrous foods from the Ganga flowing nearby. Archaeological evidence, buttressed by literary evidence, has indicated again that the dwellers of Hastinapura then shifted to a place called Kausambi, on the banks of the Yamuna to the west of Allahabad.[3]

The discovery of the monastery of Ghositarama at Kausambi, as indicated by inscribed seals found associated with the structure in the course of excavation, has shown that the monastery was built at the time of Buddha, in keeping with the Buddhist tradition, and was kept in use throughout the subsequent centuries through sixteen successive phases of structural activity in the form of repairs and extensions.[5]

One of the earliest conservators in history, was king soka himself. Not only did he help the cause of the propagation of Buddhism by sending out missionaries in

different directions, he also gave instructions, in practical pursuit of a good religious life, by having them engraved on rocks and pillars as his edicts. The purpose of his engraving the religious edicts were clearly indicated in the sixth rock edict[6] where he said that this was done so that they may last for a long time and that his successors may follow the instructions in the future for the welfare of all. He did it out of a sense of royal duty by his subjects, for his motto was the promotion of the welfare of his subjects, and no less out of a desire for getting rid of his own indebtedness to his subjects, as well as for their happiness in this life as well as in the other.

Asoka is also responsible for rendering historicity to the belief of the Buddhists in the existence of the previous Buddhas, by repairing and enlarging the stupa of Buddha Kanakamuni in the fifteenth year after his coronation (i. e. in 255 B., C.).[7] He has also preserved for posterity the record of the identification of the birth place of Buddha at Lumbimi (Western Nepal) by raising a pillar at the spot and having it inscribed with the fact of having visited the sacred spot and worshipped there in the 21st year after his coronation (i. e.,in 249 B. C.)[8]

That the tradition introduced by Asoka continued through the subsequent centuries is borne out by numerous inscriptional records. Kharavela, well known to posterity through his recond of the Hathigumpha inscription describes himself in the record as conservator of all religious edifices,[9] apart from indicating the various works in this direction carried out by him.

But the most interesting account of continued repairs to a lake, which served generations of men through centuries, relate to the original bunding of Lake Sudarsana at the time of Chandragupta Maurya towards the end of the 4th century B. C and its repairs in the successive centuries, first during the reign of the Saka Satrap Rudradaman in A. D. 150[10] and again at the time of Skandagupta in . D. 456.[11]

(b) in Nepal

